नगर शिक्षा योजना

(२०८३/८४ – २०८७/८८)



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश
नेपाल

संरक्षक

श्री टीकाराम खडका	नगर प्रमुख
श्री स्यानी चौधरी	नगर उपप्रमुख
श्री सुवास चन्द्र सिवाकोटी	प्रमुख प्रशासकीय अधिकृत

समन्वय एवम् सहजिकरण

श्री नगर शिक्षा समिति तुलसीपुर

श्री सामाजिक विकास समिति तुलसीपुर

© सर्वाधिकारः प्रकाशकमा

प्रकाशनः आ.व.२०८३।०८४

Website: www.tulsipurmun.gov.np

Email: edutulsipur@gmail.com



नगर प्रमुखको भनाइ

शिक्षा व्यक्ति, समाज र राष्ट्रको समग्र विकास तथा रूपान्तरणको प्रमुख आधार हो । शिक्षाले व्य , सिर्जनशीलता, विवेक र सामाजिक उत्तरदायित्वको विकास गरी सक्षम, आत्मनिर्भर तथा जिम्मेवार नाग शासन प्रणालीअनुसार स्थानीय तहलाई विद्यालय शिक्षाको विकास, व्यवस्थापन र गुणस्तर सुधारमा महत्त्वपूर्ण जिम्मेवारी प्राप्त भएको सन्दर्भमा तुलसीपुर उपमहानगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै "तुलसीपुर शिक्षा योजना" तयार गरेको छ । यो योजना तुलसीपुरको शैक्षिक विकासका लागि आगामी दिनको मार्गदर्शन गर्ने महत्त्वपूर्ण दस्तावेजका रूपमा रहने विश्वास लिएको छु ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । साथै, सङ्घीय शासन प्रणालीअनुसार स्थानीय तहलाई विद्यालय शिक्षा सम्बन्धी महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ । यस संवैधानिक तथा कानुनी जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै तुलसीपुर उपमहानगरपालिकाले सबै बालबालिकाका लागि सहज पहुँच, समान अवसर, समावेशिता, गुणस्तरीय सिकाइ र सुरक्षित शैक्षिक वातावरण सुनिश्चित गर्ने उद्देश्य राखेको छ । शिक्षा क्षेत्रमा भएका उपलब्धिलाई संस्थागत गर्दै विद्यमान चुनौतीलाई सम्बोधन गर्न र आगामी दिनको स्पष्ट शैक्षिक मार्गचित्र निर्माण गर्न यो शिक्षा योजना महत्त्वपूर्ण आधार बन्नेछ ।

शिक्षा क्षेत्रमा पहुँच विस्तार, विद्यालय पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि, प्रविधिको प्रयोग तथा शैक्षिक व्यवस्थापनमा उल्लेख्य प्रगति भए तापनि विद्यार्थीको सिकाइ उपलब्धि, शैक्षिक गुणस्तरमा समानता, विद्यालयमा नियमित उपस्थिति तथा टिकाउपन, समावेशी शिक्षा, जीवनोपयोगी तथा सीपमूलक शिक्षालगायतका क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता छ । त्यसैले यस शिक्षा योजनाले सबैका लागि पहुँचयोग्य, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी र परिणाममुखी शिक्षा सुनिश्चित गर्ने दिशालाई प्राथमिकतामा राखेको छ ।

हाम्रो दृष्टिमा विद्यालयको सफलता केवल भौतिक पूर्वाधार वा परीक्षाको नतिजाबाट मात्र मापन हुनु हुँदैन । वास्तविक शैक्षिक उपलब्धि भनेको विद्यार्थीले सिकेको ज्ञान, सीप र संस्कारलाई आफ्नो जीवनमा प्रयोग गर्न सक्ने, समस्या समाधान गर्न सक्ने, सिर्जनात्मक तथा आलोचनात्मक सोच राख्ने र जिम्मेवार नागरिकका रूपमा विकास हुने अवस्था हो । यसका लागि सक्षम र प्रतिबद्ध शिक्षक, प्रभावकारी शैक्षिक नेतृत्व, बालमैत्री वातावरण, सक्रिय अभिभावकीय सहभागिता र समुदायको स्वामित्व अपरिहार्य छ ।

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको पेशागत क्षमता विकास, प्रधानाध्यापकको शैक्षिक नेतृत्व सुदृढीकरण, नवीनतम शिक्षण विधिको प्रयोग, सूचना तथा सञ्चार प्रविधिको सदुपयोग, निरन्तर मूल्याङ्कन तथा सिकाइ उपलब्धिमा आधारित सुधारका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ । साथै, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा समान पहुँच र अवसर सुनिश्चित गर्नु हाम्रो महत्त्वपूर्ण दायित्व हो।

यस योजनाको सफलता योजना निर्माणमा मात्र होइन, यसको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, मूल्याङ्कन र निरन्तर सुधार मा निर्भर रहनेछ । त्यसैले नगरपालिकाका सम्बन्धित शाखा, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षाविद्, निजी क्षेत्र तथा सम्पूर्ण समुदायबिच सहकार्य, समन्वय र साझा उत्तरदायित्व आवश्यक छ ।

यस शिक्षा योजनालाई तुलसीपुरको शैक्षिक विकासको साझा प्रतिबद्धता र मार्गचित्रका रूपमा ग्रहण गरी यसको सफल कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाको रचनात्मक सहयोग, सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु । योजनाको कार्यान्वयनबाट विद्यालयमा सकारात्मक परिवर्तन, विद्यार्थीको सिकाइमा सुधार र समग्र शैक्षिक गुणस्तरमा उल्लेख्य उपलब्धि हासिल हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

टीकाराम खडका
नगर प्रमुख
तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर दाङ



नगर उपप्रमुखको भनाइ

शिक्षा नै समुन्नत समाज र समृद्ध राष्ट्र निर्माणको प्रमुख आधार हो । 'समृद्ध तुलसीपुर, खुसी नगरवासी' को हाम्रो साकार पार्न 'तुलसीपुर शिक्षा योजना' एक ऐतिहासिक र मार्गदर्शक दस्ताबेजको रूपमा प्रकाशन हुन गइरहेकोमा म अत्यन्त हर्षित छु ।

स्थानीय सरकारको नेतृत्व सम्हालिरहँदा हाम्रा अगाडि रहेका थुप्रै चुनौतीहरूमध्ये शिक्षा क्षेत्रको गुणात्मक सुधार हाम्रो पहिलो प्राथमिकता हो । आजको बदलिँदो परिवेशमा परम्परागत शिक्षा प्रणालीले मात्र हाम्रा बालबालिकाको भविष्य सुनिश्चित गर्न सक्दैन । यसलाई मध्यनजर गर्दै, यो शिक्षा योजनाले तुलसीपुर उपमहानगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरूलाई प्रविधिमैत्री, जीवनपयोगी, र प्राविधिक धारमा रूपान्तरण गर्ने स्पष्ट खाका कोरेको छ ।

नगर उपप्रमुखको हैसियतले मेरो विशेष जोड सधैं शैक्षिक न्याय, समानता र पहुँचमा रहेको छ । सीमान्तकृत वर्ग, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, र आर्थिक रूपले विपन्न परिवारका छोराछोरीले निर्बाध रूपमा गुणस्तरीय शिक्षा आर्जन गर्न पाउने वातावरण निर्माण गर्नु हाम्रो प्रमुख दायित्व हो । यस योजनाले समावेशी शिक्षा र प्रभावकारी छात्रवृत्ति प्रणालीलाई थप व्यवस्थित गर्दै नगरभित्रका 'कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहोउन्' भन्ने हाम्रो दृढ सङ्कल्पलाई मूर्तरूप दिनेछ भन्नेमा म पूर्ण विश्वस्त छु।

हामीले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारसँगै शिक्षकहरूको क्षमता विकास र विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धि गर्न विशेष नीतिहरू यस योजनामा समावेश गरेका छौं । नैतिक मूल्य-मान्यता, सीपमूलक ज्ञान र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनले हाम्रा विद्यार्थीहरूलाई विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने योग्य नागरिक बनाउनेछ ।

कुनै पनि योजना आफैंमा पूर्ण हुँदैन, त्यसको सफल कार्यान्वयन नै सबैभन्दा ठूलो उपलब्धि हो । यस दस्ताबेजमा समेटिएका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न स्थानीय सरकारको एकल प्रयासले मात्र सम्भव छैन । यसका लागि हाम्रा आदरणीय शिक्षक वर्ग, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, नागरिक समाज र सम्पूर्ण सरोकारवाला निकायहरूको इमानदार प्रतिबद्धता र सक्रिय सहभागिता अपरिहार्य छ ।

अन्त्यमा, यस दूरगामी महत्त्वको शिक्षा योजना निर्माणको प्रक्रियामा अहोरात्र खट्नुहुने शिक्षा शाखाका कर्मचारी, विषय विज्ञ समूह, जनप्रतिनिधि साथीहरू, प्रधानाध्यापक तथा शिक्षकहरू र अमूल्य सुझाव दिनुहुने सम्पूर्ण नगरवासीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। हामी सबैको साझा र अथक प्रयासले तुलसीपुर उपमहानगरपालिकालाई देशकै उत्कृष्ट 'शैक्षिक हब' को रूपमा स्थापित गर्न सफल हुनेछौं भन्ने विश्वासका साथ यस योजनाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।

स्यानी चौधरी
नगर उपप्रमुख
तुलसीपुर उपमहानगरपालिका, दाङ



प्रमुख प्रशासकीय अधिकृतको भनाइ

शिक्षा सामाजिक रूपान्तरण, मानव पूँजी विकास र स्थानीय समृद्धिको आधार हो । तुलसीपुर उपमहानगरपालिकाले शिक्षा क्षेत्रलाई नगर विकासको प्रमुख प्राथमिकताका रूपमा लिँदै संविधानप्रदत्त स्थानीय तहको शैक्षिक अधिकार र जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले नगर शिक्षा योजना तयार गरेको छ । स्थानीय आवश्यकता, विद्यमान शैक्षिक अवस्था, उपलब्ध स्रोत साधन तथा भविष्यका सम्भावनालाई आधार बनाइएको यस योजनाले तुलसीपुरको शैक्षिक विकासका लागि स्पष्ट दिशा र कार्यदिशा प्रदान गर्ने विश्वास लिएको छु ।

तुलसीपुरको शिक्षा विकासमा अब केवल विद्यालयमा पहुँच विस्तार गर्नु पर्याप्त छैन; विद्यार्थीको वास्तविक सिकाइ उपलब्धि, गुणस्तरीय शिक्षण, समावेशी सहभागिता र विद्यालयमा टिकाइलाई केन्द्रमा राख्न आवश्यक छ । त्यसैले कमजोर सिकाइ भएका विद्यार्थीका लागि सुधारात्मक सिकाइ, प्रभावकारी आन्तरिक मूल्याङ्कन, शिक्षकको निरन्तर पेसागत विकास, प्रधानाध्यापकको शैक्षिक नेतृत्व तथा तथ्यमा आधारित शैक्षिक योजना र निर्णय प्रक्रियालाई प्राथमिकता दिनुपर्नेछ । साथै विपन्न, अपाङ्गता भएका तथा विशेष संरक्षण आवश्यक पर्ने बालबालिकाका लागि समान शैक्षिक अवसर सुनिश्चित गर्नु हाम्रो साझा दायित्व हो ।

समयको परिवर्तनसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, डिजिटल सिकाइ सामग्री, IEMIS तथा तथ्याङ्कमा आधारित योजना र अनुगमनलाई प्रभावकारी बनाउनु आवश्यक छ । विद्यालयका भौतिक पूर्वाधारलाई समेत सुरक्षित, बालमैत्री, अपाङ्गतामैत्री, स्वच्छ तथा सिकाइमैत्री बनाउँदै विपद् जोखिम न्यूनीकरण र निरन्तर सिकाइका पक्षलाई प्राथमिकतामा राखिनुपर्छ । यसका साथै विद्यालय, अभिभावक, समुदाय र स्थानीय सरकारबिचको सहकार्यलाई अझ सुदृढ गर्दै विद्यालय सुधारका प्रयासलाई परिणाममुखी बनाउन आवश्यक छ ।

यस योजनाको सफलता दस्तावेज तयार हुनुमा मात्र होइन, निर्धारित लक्ष्यअनुसार कार्यक्रम कार्यान्वयन भई त्यसको सकारात्मक परिणाम देखिनुमा निर्भर गर्दछ । त्यसैले नगर शिक्षा योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट र विद्यालय सुधार योजनाबिच प्रभावकारी समन्वय कायम गर्दै स्रोतको उचित परिचालन, नियमित अनुगमन, मूल्याङ्कन तथा उपलब्धिका आधारमा सुधार गर्ने प्रणाली विकास गरिनुपर्छ ।

अन्ततः तुलसीपुरका प्रत्येक बालबालिकाले आफ्नो सामाजिक, आर्थिक वा भौगोलिक पृष्ठभूमि जस्तोसुकै भए पनि गुणस्तरीय, समतामूलक, समावेशी र जीवनोपयोगी शिक्षा प्राप्त गर्न सकून् भन्ने हाम्रो मूल प्रतिबद्धता हो । गुणस्तरीय सिकाइ, सक्षम शिक्षक, प्रभावकारी विद्यालय नेतृत्व, सुरक्षित शैक्षिक वातावरण र जवाफदेही शिक्षा प्रशासनमार्फत तुलसीपुरको शैक्षिक विकासलाई थप गतिशील बनाउने यस नगर शिक्षा योजनाको उद्देश्य सफल बनाउन सबै सरोकारवालाको निरन्तर सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु।

सुवासचन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत
तुलसीपुर उपमहानगरपालिका, दाङ

विषयसूची

क) विषय प्रवेशः १

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः २

ग) तुलसीपुर उपमहानगरपालिकामा शिक्षा योजना निर्माणको औचित्यः २

घ) शिक्षा योजना निर्माणका आधारहरूः ३

ङ) शिक्षा योजना निर्माण प्रक्रियाः ३

च) योजनाको दस्तावेजको स्वरुपः ४

परिच्छेद १ ..... ६

परिचय ६

१.१ वर्तमान अवस्था 6

१.२ उपमहानगरपालिकाको परिचय 8

१.२.१ नामाकरण र ऐतिहासिक पृष्ठभूमि 9

१.२.३ भौगोलिक अवस्थिति 10

१.२.४ सांस्कृतिक अवस्था 10

१.२.५ आर्थिक अवस्थाको विश्लेषण 10

१.२.६ जनसङ्ख्याको विवरण 11

परिच्छेद २ ..... २१

दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण २१

२.१ दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण 31

२.२ अपेक्षित उपलब्धिः 34

२.३ तुलसीपुर उपमहानगरपालिकाको मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण (स्रोतः CEHRD Flash Report २०८२) 35

परिच्छेद ३: 37

शिक्षाका मुख्य उपक्षेत्र 37

३.१ प्रारम्भिक बालविकास र शिक्षा 37

३.२ आधारभूत शिक्षा 43

३.३ माध्यमिक शिक्षा 50

३.३.६ प्रमुख उपलब्धि तथा नतिजा 55

३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 56

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम 57

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ 63

परिच्छेद ४ 67

अन्तरसम्बन्धित विषय तथा क्षेत्र 67

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन 67
४.२ शिक्षक व्यवस्थापन र विकास 73
४.३ शैक्षिक समता र समावेशीकरण 80
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 84
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता 89
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 94
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 97

परिच्छेद ५ ..... १०१
सुशासन तथा व्यवस्थापन १०१
५.१ सुशासन तथा व्यवस्थापन 101
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 104

परिच्छेद ६ ..... १०८
लगानी र स्रोत व्यवस्थापन १०८
परिच्छेद ७ ..... ११२
अनुगमन तथा मूल्याङ्कन ११२
अनुसूचीहरू: 114
अनुसूची १ उपक्षेत्रगत बजेटको अनुमान 114
आधारभूत शिक्षा: 115
माध्यमिक शिक्षा: 117
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम: 119
पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन: 122
शिक्षक व्यवस्थापन र विकास: 123
शैक्षिक समता र समावेशीकरण: 125
विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम: 126
विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता: 129
विद्यालय भौतिक पूर्वाधार विकास: 129
विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 130
सुशासन तथा व्यवस्थापन: 131
अनुगमन तथा मूल्याङ्कन: 132
अनुसूची २ तुलसीपुर उपमहानगरपालिकाका शैक्षिक संस्थाहरूको विवरण 133
अनुसूची ३ स्वीकृत शिक्षा योजना बमोजिम आ.व. २०८३।०८४ का क्रियाकलाप तथा बजेट (ASIP) 142
अनुसूचि ४ स्थानीय शिक्षा योजना निर्माण समिति 159

क) विषय प्रवेश:

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न तथा शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्न शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आ-आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सङ्घीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ बर्से दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान गर्नसकिन्छ । यहि वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरूबिच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ बर्से राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण गर्नुपर्ने विषयहरू, १५बर्से दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाका लक्ष्यहरू र वैकल्पिक सिकाइ कार्यक्रमलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०बर्से (वि.सं.२०७९ देखि २०८८ सम्म) विद्यालय शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षाक्षेत्र योजना (वि.सं.२०७९ देखि २०८८ सम्म) नेपाल सरकार, शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयद्वारा तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो । जसको उद्देश्य विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, र सुलभ बनाउनु रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजना नेपालको संविधान, शिक्षा ऐन २०७५, र राष्ट्रिय शिक्षा नीति २०७६ लाई मार्गदर्शनको रूपमा राखेर तयार गरिएको छ । स्थानीय तहको शिक्षा योजनामा पनि विद्यालय शिक्षा क्षेत्र योजनाका उद्देश्य र रणनीतिलाई प्रमुख मार्गदर्शन मानी सोही अनुसारका उद्देश्यहरू हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले समेट्ने मुख्य विषयवस्तुहरू खासगरी सर्वसुलभता र समानता, गुणस्तरीय शिक्षा, शिक्षा व्यवस्थापन सुधार, समावेशी शिक्षा, प्राविधिक र व्यावसायिक शिक्षा, सूचना प्रविधिको उपयोग, विपद् व्यवस्थापन र शिक्षा, अनुसन्धान, अनुगमन, र मूल्याङ्कन, र शिक्षा क्षेत्रमा दीर्घकालीन वित्तीय स्थिरता सुनिश्चित गर्ने रहेका छन् । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यमआय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा अनुरूप तुलसीपुर उपमहानगरपालिकाले स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ ।

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६औँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसै परिवेशमा यस तुलसीपुर उपमहानगरपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी पञ्चवर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ ।

ग) तुलसीपुर उपमहानगरपालिकामा शिक्षा योजना निर्माणको औचित्यः

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्वीय र समतलीय सहसम्बन्ध स्थापित गर्न,
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,
६. उपमहानगरपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरूको पहिचान गरी समस्या समाधानका उपायहरू कार्यान्वयन गर्न,
७. स्थानीय साधन, स्रोत र मानव संसाधनको अधिकतम सदुपयोग गर्न,
८. यसभन्दा अगाडि कार्यान्वयन गरिएको शिक्षा योजनाले समेट्न नसकेको कार्यक्रमलाई कार्यान्वयन गर्नु।

घ) शिक्षा योजना निर्माणका आधारहरू:

तुलसीपुर उपमहानगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ

क) नेपालको संविधान

ख) १६ औँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) एकीकृत सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त तथ्याङ्क तथा फ्ल्यास रिपोर्ट २०२४

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

ण) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू

त) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको स्थानीय तहको शिक्षा योजना तर्जुमा दिग्दर्शन २०७९ (परिमार्जित संस्करण २०८१) समेत

ङ) शिक्षा योजना निर्माण प्रक्रिया:

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका साथ

सहभागितामूलक ढङ्गले योजना निर्माणकार्य गरिएको छ । तुलसीपुर उपमहानगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. नगर शिक्षा समितिको मिति २०८३ ।०२ ।०४ गतेको बैठकले नगर शिक्षा योजना निर्माण गर्ने निर्णय गरेको ।
२. नगर शिक्षा समितिको मिति २०८३/०३/०८ गतेका दिन ७ सदस्यीय योजना निर्माण कार्यदलको गठन गरेको ।
३. शिक्षा योजना निर्माणका लागि उपमहानगरपालिकाका विभिन्न सरोकारवालाहरूसँग प्रारम्भिक कार्यशाला बैठक गरी पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा SWOT analysis गरिएको ।
४. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
५. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले सिफारिस गरेको टुल्सका अधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको ।
६. विद्यालय शिक्षा क्षेत्रको अवस्था विश्लेषणका लागि विभिन्न सरोकारवालाहरूसँग व्यक्तिगत अन्तर्क्रिया तथा सामूहिक छलफल गरिएको ।
७. शिक्षा योजनालेखन कार्यदलसँग कार्य विभाजन गरी मस्यौदा लेखन कार्य गरिएको ।
८. योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
९. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको
१०. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।
११. सरोकारवालाहरूको सल्लाह सुझावको आधारमा शिक्षा योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको ।
१२. सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
१३. अन्तिम सुझावबाट आएका पक्षहरूलाई समेटि निर्माण भएको अन्तिम मस्यौदालाई कार्यपालिकामा पेश गरिएको ।
१४. नगर शिक्षा समितिको मिति २०८३ ।०६ ।१५ गतेको बैठकको निर्णयानुसार नगर शिक्षा योजना स्वीकृत गरी नगर शिक्षा योजना
१५. कार्यपालिकाको मिति २०८३।०६।२६ गतेको बैठकबाट तुलसीपुर उपमहानगरपालिकाको शिक्षा योजना स्वीकृत पश्चात कार्यान्वयनमा आएको ।

च) योजनाको दस्तावेजको स्वरूपः

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा पालिकाका वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्देश्य, रणनीति र कार्यनीतिहरूका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । तुलसीपुर उपमहानगरपालिकाको आगामी ५ बर्से शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुँदा योजनामा समावेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्त्वपूर्ण स्थान दिइएको छ । शिक्षा योजनाको दस्तावेजको स्वरूप यहाँ उल्लेख गरिएको छ ।

योजनाको सारांश
परिच्छेद १: परिचय
परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण
परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र
परिच्छेद ५: अन्य उपक्षेत्र
परिच्छेद ६: सुशासन तथा व्यवस्थापन
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन
परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

परिच्छेद १
परिचय

१.१ वर्तमान अवस्था

नेपालको संविधानले शिक्षा सम्बन्धी पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस तुलसीपुर उपमहानगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका ठहर गरी पाँच बर्से शिक्षा योजना (२०८३/८४–२०८७/८८)कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस तुलसीपुर उपमहानगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) कार्यान्वयन भई हाल विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सुव्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरी 'सम्वृद्ध नेपाल सुखी नेपाली' को नारालाई साकार पार्न तुलसीपुर उपमहानगरपालिकाले शिक्षा योजना २०८३/८४ तयार गरेको छ । यसका साथै उपमहानगरपालिका अन्तर्गतका शिक्षासम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा सरोकारवालाहरूसँग अन्तर्क्रिया, सामूहिक छलफल, कार्यशाला, गोष्ठीहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्त्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध उपमहानगरपालिकाको रूपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ ।

क) अवधारणा

नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ । शिक्षामा पहुँच बढाउन र शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ । त्यसैगरी उपधारा ३,४ र ५ मा क्रमशः अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ ।

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात बर्से विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । नेपालको संविधानले प्रत्याभूत गरेअनुसार आधारभूत तहको शिक्षा अनिवार्य तथा निः शुल्क र माध्यमिक तहको शिक्षा निः शुल्क गर्ने सुनिश्चितता गर्न, राष्ट्रिय शिक्षा नीति, २०७६ ले निर्देश गरेका नीतिको कार्यान्वयन गर्न र सन् २०३० सम्ममा समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य ४ हासिल गर्ने प्रतिवद्धता पूरा गर्न शिक्षा विकासको १० बर्से (२०७९ देखि २०८८) दृष्टिकोणसहित पहिलो पाँच वर्षका लागि आवश्यक स्रोतसहितको विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा आएको छ । जसको दीर्घकालीन सोच सक्षम, सृजनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने रहेको छ भने अन्तर्राष्ट्रियस्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्नु विद्यालय शिक्षा क्षेत्र योजनाको ध्येय रहेको छ । विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु, प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु, सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु, सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु विद्यालय शिक्षा क्षेत्र योजना २०७९–२०८८ का मुख्य उद्देश्यहरू रहेका छन् ।

दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू र विद्यालय शिक्षा क्षेत्र योजना (२०२२–२०३२) यस योजनाका प्रमुख मार्गदर्शक हुन् । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेन्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौँ योजना, सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षानीति आवश्यक पर्दछ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवम् नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको जरुरत पर्दछ । शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ ।

अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधान प्रदत्त मैलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मखु राष्ट्र

निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवम् गुणस्तरिय वनाउनका लागि अनिवार्य तथा निःशुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली, २०७७ ले परिच्छेद–६ सम्म व्यवस्था गरेको छ ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्बन्धी लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गत निम्न प्रकारका लक्ष्य रहेका छन्:

(क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्य राखेको छ । यसरी शिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

ख) सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रीकरणसँगसँगै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ । सोही अनुसार आधारभूत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाइ सोको कार्यान्वयन गर्नका लागि महत्त्वपूर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनभित्र पर्ने शिक्षा सम्बन्धी २३ वटा अधिकार व्यवस्था गरेको छ नीतिगत व्यवस्थामा सुधार भएको, निःशुल्क र अनिवार्य शिक्षा लागू, शिक्षामा लगानी वृद्धि, विद्यालयको संस्थागत संरचनामा सुधार भएको देखिन्छ ।

नेपाल आफैँमा विविधतायुक्त देश हो । नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन् । नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ । यो विविधतामा अनेकौँ सौन्दर्यता पनि लुकेको छ । विधितामा एकता नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सकेमात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ । सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको आवश्यकता हो । विविधता नेपाल राज्यको मौलिक पहिचान हो । यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत सामयिक बन्ने गरेको छ ।

१.२ उपमहानगरपालिकाको परिचय

तुलसीपुर पञ्चायतको रूपमा स्थापित तुलसीपुर वि.सं. २०४९ सालमा तत्कालीन अमृतपुर पञ्चायतका सबै भूभाग गाभिएपछि तुलसीपुर नगरपालिकाको रूपमा रूपान्तण भएको हो । सङ्घीय नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुरूप नयाँ संरचनाको रूपमा मिति २०७३/१/२२ गतेको नेपाल सरकारको निर्णय मिति २०७३/११/२७ मा राजपत्रको सूचना प्रकाशन गरी तुलसीपुर उपमहानगरपालिकाको रूपमा स्थापना भएको थियो । दाङ जिल्लाका १० स्थानीय तहमध्ये यो उपमहानगरपालिका एक महत्त्वपूर्ण

स्थानीय तहको रूपमा रहेको छ । तुलसीपुर उपमहानगरपालिकामा अधिकांश भूभाग समथर जमीन तथा केही क्षेत्र पहाडी भूभागको रूपमा रहेको छ ।

महाभारत पहाड र चुरे लेकको बिचमा रहेको यस उपमहानगरपालिकामा तुई दाङ उपत्यकासहित दाङ उपत्यकाको मध्य भागमा रहेका अधिकांश बस्तीहरू यसभित्र रहेका छन् । प्रशस्त खेतियोग्य जमीन,सुन्दर मानववस्तीहरू,विभिन्न बजार केन्द्रहरू, खोला नाला, वनजङ्गलले ढाकिएको तुलसीपुरमा पार्क, मैदान,चरण क्षेत्र, विभिन्न पर्यटकीय स्थलहरू रहेका छन् । यहाँ विभिन्न कला संस्कृति, धर्म संस्कार,जातजातिका रहन सहन,रीतिरिवाज, लोकनाच, भाषा, भेष, तथा विभिन्न कलात्मक मठ, मन्दिर, मस्जिद, गुम्बा पनि रहेका छन् ।

दाङ जिल्लाको मध्य भागमा रहेको यस उपमहानगरपालिका साविक तुलसीपुर नगरपालिका, हलवार, टरिगाउँ, उरहरी, पवननगर, मानपुर, विजौरी, डुरुवा र फुलवारी गा.वि.स. गाभेर निर्माण भएको हो र यस नगरपालिकामा १९ वटा वडाहरू रहेका छन् । यसको पूर्वमा घोराही उप महानगरपालिका,पश्चिममा शान्तिनगर गाउँपालिका र दङ्गीशरण गाउँपालिका, दक्षिणमा लमही नगरपालिका तथा र उत्तरमा सल्यान जिल्लाका कपुरकोट तथा त्रिवेणी गाउँपालिका पर्दछन् । यो उपमहानगरपालिका नेपालको सङ्घीय राजधानी काठमाण्डौँबाट ४२५ कि.मी. पश्चिम दिशामा रहेको छ ।

यस तुलसीपुर उपमहानगरपालिकामा खस (ब्राहमण, क्षेत्री, ठकुरी, दशनामी समुदाय, थारु, मगर, नेवार, गुरुङ, अल्पसङ्ख्यक, कुमाल, गन्धर्व, वादी, मुस्लिम तथा क्रिश्चियन लगायत विभिन्न जातजाति भाषा, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहँदै आएको छ।

१.२.१ नामाकरण र ऐतिहासिक पृष्ठभूमि

थारुहरूको भाषामा बस्तीलाई पुर्वा भनिन्छ । यही तुलसी पुर्वालाई पर्वतेहरूले भन्नु पर्दा तुलसीपुर भने गर्दथे (गर्दछन्) भने थारुहरूले तुलसीपुर्वा भन्दथे । यस ठाउँमा थारुहरूको बोलचाला हुँदासम्म तुलसीपुर्वा भनिन्थ्यो भने पर्वतेहरूको बोलचाल हुन थालेपछि तुलसीपुर भन्न थालियो । अनि थारुहरूको तुलसीपुर्वा हराएर गयो । यस ठाउँमा थारुहरूको बस्ती बस्न थालेको करिब १०० वर्ष पुरानो मानिन्छ ।

फलावाङ्गी राजाले सल्यानको फलावाङ्गमा पुरानो दरबार र माझ दरबार र नयाँ दरबार गौडा जिल्लाको बलरामपुरस्थित तुलसीपुर र हाल दाङ्गको तुलसीपुर नगरपलिकाको तुलसीपुर भन्ने ठाउँको आसपासमा अघिपछि गरी ५ वटा दरबार बनाइएका थिए । अर्को एउटा झिंगटीवाला दरबारको अवशेष मात्र पाइन्छ । सल्यानी राजा शमशेरबहादुर शाहका जेठा बुबा राजा नरेन्द्रबहादुर शाह वा बुबा काजी कान्छा राजा शेरबहादुर शाहका पालामा वि. सं. १९२९ सालमा हालको अरनीको मैदानभित्र (जब्बरपुरको नगीच) झिँगटीको दरबार बनाएका थिए। राजा शमशेरबहादुर शाहका पालामा सल्यान जिल्ला फलावाङ्ग गा. वि.स. भित्र पर्ने चैतेडाँडा (थान गाउँ) वि.स. १९७६-७७ मा फलबाङ्गी राजाको पुरानो ठुलो दरबार बनेको हो भने सोही गा. वि. स. भित्रको गैरागाउँमा वि.स. १९८६ सालमा पुतली दरबार अर्थात अर्को नयाँ ठुलो दरबार बनेको हो।

उनै राजा शमशेरबहादुर शाहले तुलसीपुर नगरीभित्रको नामी (नापी) नगरस्थित आँपको बगैचभित्र वि.सं. १९८८-९१ को बिचमा ३५ कोठाको दुईतले पक्की "तुलसीपुर" दरबार बनाएका थिए । यस दरबारलाई कोही सेता दरबार र कोही सल्यानी दरबार भन्ने गर्दछन् । हाल निमित रा .स .स भवन ठीक अगाडिको फलामको बारभन्दा भित्रपट्टिको चौरमा वि. सं. १९२९ मा चारकुने एक झिँगटीको दरबार बनेपछिका वर्षहरूमा फलाबाङ्गको चैतेडाँडा फलावाङ्गकै गैरागाँउ र दाङ तुलसीपुर क्षेत्रको नामी (नापी) नगरमा यी विभिन्न नामका दरबार बनेको हुन् । सल्यानी राजाहरूले दरबार बनाउँदा गोरखनाथ बाबालाई बिर्सदा रहेनछन् भन्ने कुरामा फलावाङ्गीको थानगाउँ नामीनगर नेरको थानगाउँ र बलरामपुरको गोरखनाथ मन्दिरहरू साक्षीछन्। फलावाङ्गी राजा फलावाङ्गबाट दाङ्ग नामीनगर हुँदै बलरामपुरको तुलसीपुर र यस तुलसीपुरबाट जरुवा रेल्वे स्टेशन (जरुवामा रेलगाडीबाट यातायात शुरुभएको वर्ष वि.सं. १९६२) मा

कोइलावाश हुँदै दाङ उपत्यकाको बाटो गरी फलावाङ्ग दरवारमा जानुपर्दा यसै नामी नगरमा बस्ने गर्दथे । बलरामपुरको तुलसीपुर फलावाङ्ग (चतैगौडा र फलवाङ्ग गैरागाउँमा निर्मित दरवारहरूको अनुकरण गरी यस तुलसीपुर (नामीनगर) मा सो सेतो दरबार बनाइएको हो । सल्यानी राजा शमशेरबहादुर शाहकी बज्यै, आमा वा रानीको नाम तुलसी वा तुलसा भन्ने थियो । हाल यस नगरपालिकाको वडा न . ५ (हाल बङ्गुरलाईन क्षेत्र) मा बस्ने थारुहरूले आफू बस्ने गरेको टोललाई पुर्वा भन्ने गरेका थिए । यो पुर्वा भन्ने ठाउँ र फलावाङ्गी राजाको झिँगटीका दरबारसँगै रहेको ठाँउमा थियो । यसै थारु बस्तीको नजिकै आफ्नो दरबार भएकाले आफ्ना तर्फकी नारी पात्रको नाम यहाँको समाजले स्मरण गरी रहुन् भन्ने आशयले फलावाङ्गी (सल्यानी) राजा शमशेरबहादुर शाहले यस ठाँउको नाम "तुलसीपुर" भन्ने राखेको हुन् भन्ने भनाइ छ ।

१.२.३ भौगोलिक अवस्थिति

तुलसीपुर उपमहानगरपालिकाको विश्वमानचित्रमा अवस्थिति उत्तरी गोलार्द्धमा रहेको हाम्रो देश नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पश्चिमी भेगमा अवस्थित छ। यो उपमहानगरपालिका एसियाकै ठुलो उपत्यकाहरू मध्येको एक दाङ उपत्यकाको दाङ जिल्लामा रहेको छ। भौगोलिक विस्तारको आधारमा यो उपमहानगरपालिका २७° ५७' ५०" देखि २८° १४' ५५" उत्तरी अक्षांश र ८२° १२' १४" देखि ८२° २५' ५७" पूर्वी देशान्तर सम्म फैलिएर रहेको छ।

यस उपमहानगरपालिकाको कूल क्षेत्रफल ३८४.६३ वर्ग किलोमिटर रहेको छ, जसका कारण यो क्षेत्रफलको आधारमा नेपालकै दोस्रो ठुलो उपमहानगरपालिका हो। यसको सिमाना पूर्वमा घोराही उपमहानगरपालिका, पश्चिममा शान्तिनगर र दङ्गीशरण गाउँपालिका, दक्षिणमा लमही नगरपालिका र उत्तरमा सल्यान जिल्लाका कपुरकोट तथा त्रिवेणी गाउँपालिकासँग जोडिएको छ। समुद्री सतहदेखि ५४६ मिटरदेखि २,०४७ मिटर सम्मको उचाईमा अवस्थित यस उपमहानगरको करिब ७० प्रतिशत भूभाग दाङ उपत्यकाको समथर मैदानी क्षेत्रमा पर्दछ भने बाँकी भूभाग महाभारत पर्वत शृङ्खला र चुरे लेक सहितको पहाडी भूभागमा रहेको छ।

१.२.४ सांस्कृतिक अवस्था

तुलसीपुर उपमहानगरपालिकाको सांस्कृतिक अवस्था अत्यन्तै समृद्ध, बहुआयामिक र सामाजिक सद्भावले भरिपूर्ण रहेको छ । यो उपमहानगरपालिका मुख्य रूपमा आदिवासी थारू समुदायको ऐतिहासिक भूमि भएकाले यहाँ थारू संस्कृति, भाषा र परम्पराको विशिष्ट बाहुल्यता र प्रभाव देखिन्छ। थारू समुदायका अतिरिक्त यहाँ क्षेत्री, ब्राह्मण, मगर, नेवार, दलित लगायतका विभिन्न जातजातिहरूको लामो समयदेखि शान्तिपूर्ण सहअस्तित्व रहँदै आएको छ। यहाँ मुख्य भाषाका रूपमा नेपाली, थारू र अवधी बोलिने गरिन्छ। धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले समेत यो क्षेत्र निकै महत्त्वपूर्ण छ, जहाँ रहेका त्रिसिद्धेश्वरी मन्दिर, सगरहवा र छिल्लीकोट जस्ता प्रसिद्ध धार्मिक स्थलहरूले यस क्षेत्रको ऐतिहासिक एवम् सांस्कृतिक गरिमालाई अझ उच्च बनाएका छन्।

यस उपमहानगरपालिका भित्र परम्परागत कला, संस्कृति र चाडपर्वहरूलाई निकै उत्साहका साथ मनाउने गरिन्छ। विशेष गरी थारू समुदायको सबैभन्दा ठुलो पर्व माघी (माघे सङ्क्रान्ति), अट्वारीका साथै बडका नाच, सख्या नाच, झुम्रा र लाठी नाच यहाँका मुख्य सांस्कृतिक आकर्षणहरू हुन्, जसले स्थानीय पहिचानलाई जीवन्त राखेका छन्। यसका साथै समाजमा प्रचलित अन्य समुदायका बडादशैँ, तिहार, होली, तीज, कृष्णाष्टमी जस्ता चाडपर्वहरू र देउडा, भजनकीर्तन एवम् पञ्चेबाजा संस्कृतिले यहाँको सांस्कृतिक विविधतामा थप रौनकता थपेका छन्। ढकिया बुन्ने, गुन्द्री बुन्ने र माटोका भाँडा बनाउने जस्ता परम्परागत हस्तकला तथा सीपहरूले यहाँको मौलिक पहिचान र आर्थिक-सांस्कृतिक समृद्धिलाई दर्साउँछन्। समग्रमा, तुलसीपुर आधुनिकतातर्फ अघि बढिरहेको भए तापनि आफ्नो जगमा रहेको मौलिक परम्परा र आपसी सामाजिक सद्भावलाई अक्षुण्ण राख्न सफल भएको छ।

१.२.५ आर्थिक अवस्थाको विश्लेषण

तुलसीपुर उपमहानगरपालिकाको समग्र आर्थिक प्रणाली मुख्य रूपमा कृषि, व्यापार, सहकारी क्षेत्र र वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (रेमिट्यान्स) मा आधारित रहेको छ । आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार यस उपमहानगरपालिकाको आयका प्रमुख

स्थानीय स्रोतहरूमा आन्तरिक कर (सम्पत्ति, व्यवसाय, र भूमि कर), सेवा शुल्क तथा गैर-कर राजस्व रहेका छन् भने वित्तीय सञ्चालनको ठुलो हिस्सा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानमा निर्भर छ। यहाँका बहुसङ्ख्यक नागरिकहरूको मुख्य पेसा कृषि र पशुपालन (विशेष गरी धान, मकै, तोरी र व्यावसायिक तरकारी खेती) भए तापनि हालका वर्षहरूमा घरेलु, साना तथा मझौला उद्योग, निर्माण व्यवसाय र फुटकर व्यापारमा संलग्न हुने जनशक्तिको सङ्ख्या क्रमिक रूपमा बढ्दै गएको छ । नगर क्षेत्रमा बैंकिङ तथा सहकारी संस्थाहरूको बलियो सञ्जालले स्थानीय पूँजी परिचालन र स्वरोजगार सिर्जनामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।

नागरिकहरूको यो आर्थिक तथा व्यावसायिक बनोटले स्थानीय विद्यालय शिक्षा क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । एकातिर वैदेशिक रोजगारी र व्यापारिक गतिविधिमा संलग्न परिवारहरूको आयस्तरमा भएको सुधारले शिक्षामा निजी लगानी र गुणस्तरको माग बढाएको छ भने अर्कोतिर परम्परागत कृषि र ज्यालादारी आश्रित विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरू अझै पनि विद्यालय भर्ना, निरन्तरता र शैक्षिक सामग्रीको पहुँचका लागि सरकारी छात्रवृत्ति एवम् स्थानीय तहको राहत कार्यक्रममा निर्भर रहेका छन्। स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर विकास गरी उत्पादित जनशक्तिलाई नगरकै कृषि आधुनिकीकरण र उद्योग-व्यापारसँग जोड्नु आजको मुख्य आवश्यकता हो । तसर्थ, शिक्षा योजना (आ.व. २०८३/८४-२०८७/८८) ले नगरको आर्थिक धरातललाई मध्यनजर गर्दै सार्वजनिक शिक्षामार्फत दक्ष, उद्यमशील र रोजगार-उन्मुख जनशक्ति तयार पार्ने नीति अवलम्बन गर्नु अपरिहार्य देखिन्छ।

१.२.६ जनसङ्ख्याको विवरण

वि.सं. २०७८ को राष्ट्रिय जनगणनानुसार तुलसीपुर उप—महानगरपालिकामा ४६०१८ परिवार र कूल जनसङ्ख्या १७९,७५५रहेको छ। कूल जनसङ्ख्यामा पुरुष ८४,७६४ (४७.१%) र महिला ९४,९९१ (५२.९%) रहेका छन्। यहाँको औसत परिवार सङ्ख्या ३.९१ जना रहेको छ अर्थात् १०० परिवारमा ३९१ जना अक्सर बसोबास गर्ने सदस्य रहेका छन् । यस उपमहानगरपालिकाको लैङ्गिक अनुपात ८९.०४ रहेको छ । यस अनुपातले प्रति १००० जना महिला बराबर ८९०.२ जना पुरुष रहेका छन् भन्ने देखिन्छ ।

यस उपमहानगरपालिकामा २० संस्थागत परिवारहरूमा कूल १९२२ जनसङ्ख्या रहेको देखिन्छ जसमध्ये १५५४ जना पुरुष र ६३८ जना महिला रहेका छन्। स्मरण रहोस संस्थागत परिवारमा सेना र प्रहरीको ब्यारेकमा बस्ने सेना तथा प्रहरी, छात्रावासमा बस्ने विद्यार्थी, बालगृहमा बस्ने बालबालिका, कारागारमा बस्ने कैदी, वृद्धाश्रममा बस्ने वृद्धवृद्धा आदि समावेश भएका हुन्छन्।

वि.सं. २०६८ मा तुलसीपुर नगरपालिकामा ३१,२४३ परिवार र कूल १४१,५२८ जनसङ्ख्या रहेको थियो । जनघनत्व सम्बन्धमा यस उपमहानगरपालिकामा प्रतिवर्ग किलोमिटर क्षेत्रफलभित्र ४६७ जना मानिस बसोबास गर्दछन् । पछिल्लो जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.२९ प्रतिशत रहेको छ

तालिका नं. १: राष्ट्रिय जनगणना २०७८ अनुसार तुलसीपुर उपमहानगरपालिकाको परिवार सङ्ख्या र जनसङ्ख्या विवरण

परिवार सङ्ख्या	जम्मा जनसङ्ख्या	पुरूष	महिला	परिवारको औषत आकार	लैङ्गिक अनुपात	वार्षिक जनसङ्ख्या बृद्दिदर	जनघनत्व
४६,०१८	१,७९,७५५	८४,७६४ (४७.१%)	९४,९९१ (५२.९%)	३.९१ (व्यक्तिहरू प्रति परिवार)	८९.०४ पुरूष प्रति १०० महिला	२.२९	४६७

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. २: वडागत जनसङ्ख्या विवरणः

वडा नं.	पुरूष	महिला	जम्मा	पुरूष प्रतिशत	महिला प्रतिशत	लैङ्गिक अनुपात
वडा नं. १	२,१३४	२,५२६	४,६६०	४५.७९	५४.२१	८४.४८
वडा नं. २	२,३५५	२,५२२	४,८७७	४८.२९	५१.७१	९३.३८
वडा नं. ३	३,८२९	४,१९६	८,०२५	४७.७१	५२.२९	९१.२५
वडा नं. ४	४,३४०	४,९२०	९,२६०	४६.८७	५३.१३	८८.२१
वडा नं. ५	६,५४०	७,१०७	१३,६४७	४७.९२	५२.०८	९२.०२
वडा नं. ६	१०,२५५	११,४०१	२१,६५६	४७.३५	५२.६५	८९.९५
वडा नं. ७	६,४६२	७,४०६	१३,८६८	४६.६	५३.४	८७.२५
वडा नं. ८	४,२१९	४,५७६	८,७९५	४७.९७	५२.०३	९२.२
वडा नं. ९	६,३५१	७,११३	१३,४६४	४७.१७	५२.८३	८९.२९
वडा नं. १०	३,११०	३,४७७	६,५८७	४७.२१	५२.७९	८९.४४
वडा नं. ११	४,१९६	४,७१३	८,९०९	४७.१	५२.९	८९.०३
वडा नं. १२	५,१८८	५,७०९	१०,८९७	४७.६१	५२.३९	९०.८७
वडा नं. १३	२,७३३	३,१७५	५,९०८	४६.२६	५३.७४	८६.०८
वडा नं. १४	२,९८२	३,४३३	६,४१५	४६.४८	५३.५२	८६.८६
वडा नं. १५	३,६०९	४,२४१	७,८५०	४५.९७	५४.०३	८५.१
वडा नं. १६	३,७७०	४,१५९	७,९२९	४७.५५	५२.४५	९०.६५
वडा नं. १७	४,३८७	४,९२५	९,३१२	४७.११	५२.८९	८९.०८
वडा नं. १८	४,४९३	४,९६९	९,४६२	४७.४८	५२.५२	९०.४२
वडा नं. १९	३,८११	४,४२३	८,२३४	४६.२८	५३.७२	८६.१६
जम्मा	८४,७६४	९४,९९१	१,७९,७५५	४७.१	५२.९	८९.०४

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ३: प्रमुख धर्मको आधारमा जनसङ्ख्याको विवरण प्रतिशतमा

धर्म	जम्मा जनसङ्ख्या	प्रतिशत
हिन्दु	१,७३,९४६	९६.७७
बौद्ध	१,४६६	०.८२
इस्लाम	१,०८२	०.६
किरात	१५	०.०१
क्रिश्चियन	२,०५६	१.१४
प्रकृति	१,१८६	०.६६
बहाई	४	०.००२
जम्मा	१,७९,७५५	१००

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ४: जातजातीको आधारमा जनसङ्ख्याको विवरण

जातजाती	पुरूष	महिला	जम्मा	पुरूष %	महिला %	जम्मा %
क्षत्री	२९,५४२	३३,८२३	६३,३६५	३४.९	३५.६	३५.३
ब्राम्हण	१०,४८५	११,५०५	२१,९९०	१२.४	१२.१	१२.२
मगर	७,५६९	८,६८५	१६,२५४	८.९	९.१	९.
थारू	१८,४२८	१९,८९७	३८,३२५	२१.७	२०.९	२१.३
तामाङ	४५	७०	११५	०.१	०.१	०.१
नेवार	६६४	७९५	१,४५९	०.८	०.८	०.८
विश्वकर्मा	६,३१८	७,१६१	१३,४७९	७.५	७.५	७.५
मुसलमान	४१४	३८०	७९४	०.५	०.४	०.४
यादव	९७	६२	१५९	०.१	०.१	०.१
राई	३५	५३	८८	०.०४	०.१	०.
गुरूङ	३७६	४५९	८३५	०.४	०.५	०.५
परियार	३,०६९	३,६२०	६,६८९	३.६	३.८	३.७
ठकुरी	१,५६०	१,७८२	३,३४२	१.८	१.९	१.९
याक्थुङ/ लिम्बु	९	१९	२८	०.०१	०.०२	०.०२
मिजार	१,४६७	१,६४९	३,११६	१.७	१.७	१.७
चमार/हरिजन/राम	९९	९९	१९८	०.१	०.१	०.१

कोइरी/कुशवाह	८	१०	१८	०.०१	०.०१	०.०१
सन्यासी/दशनामी	१,९४५	२,२२५	४,१७०	२.३	२.३	२.३
धानुक	८	६	१४	०.०१	०.०१	०.०१
कठबानिया	५४	६०	११४	०.१	०.१	०.१
तराइ ब्राह्मण	७४६	८०४	१,५५०	०.९	०.८	०.९
कलवार	२२	११	३३	०.०३	०.०१	०.०२
कुमाल	२४६	२६९	५१५	०.३	०.३	०.३
घर्ती/भुजेल	६६	७४	१४०	०.१	०.१	०.१
हजाम/ठाकुर	१६	२३	३९	०.०२	०.०२	०.०२
राजबंशी	१८	६	२४	०.०२	०.०१	०.०१
शेर्पा	५	९	१४	०.०१	०.०१	०.०१
लोहार	८	६	१४	०.०१	०.०१	०.०१
हलुवाई	२५	१७	४२	०.०३	०.०२	०.०२
माझी	१२	०	१२	०.०१	०	०.०१
विन	६	७	१३	०.०१	०.०१	०.०१
सोनार	१७२	२०२	३७४	०.२	०.२	०.२
सुनुवार	२६९	३३२	६०१	०.३	०.३	०.३
बादी	१७८	१९६	३७४	०.२	०.२	०.२
थकाली	८	१२	२०	०.०१	०.०१	०.०१
कोरी	५	५	१०	०.०१	०.०१	०.०१
छन्त्याल	९७	९८	१९५	०.१	०.१	०.१
गाइने	१०७	११२	२१९	०.१	०.१	०.१
पुन	१४	१२	२६	०.०२	०.०१	०.०१
बानियाँ	१०७	१०१	२०८	०.१	०.१	०.१
अन्य	७९	७०	१४९	०.१	०.१	०.१
विदेशी	२९३	१७९	४७२	०.३	०.२	०.३
नखुलेको	७३	८६	१५९	०.१	०.१	०.१
जम्मा	८४,७६४	९४,९९१	१७९,७५५	१००	१००	१००

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ५: वडागत अपाङ्गताको विवरण

वडा नं.	जम्मा जनसङ्ख्या	जम्मा अपाङ्गता भएको जनसङ्ख्या	जम्मा अपाङ्गता भएको प्रतिशत
वडा नं. १	४,६६०	१४२	३.०५
वडा नं. २	४,८७७	९२	१.८९
वडा नं. ३	८,०२५	१३६	१.६९
वडा नं. ४	९,२६०	१८२	१.९७
वडा नं. ५	१३,६४७	१०९	०.८
वडा नं. ६	२१,६५६	२५९	१.२
वडा नं. ७	१३,८६८	२३४	१.६९
वडा नं. ८	८,७९५	११७	१.३३
वडा नं. ९	१३,४६४	२०५	१.५२
वडा नं. १०	६,५८७	११८	१.७९
वडा नं. ११	८,९०९	१४४	१.६२
वडा नं. १२	१०,८९७	१४६	१.३४
वडा नं. १३	५,९०८	१७७	३.
वडा नं. १४	६,४१५	११६	१.८१
वडा नं. १५	७,८५०	२५९	३.३
वडा नं. १६	७,९२९	१३२	१.६६
वडा नं. १७	९,३१२	१५५	१.६६
वडा नं. १८	९,४६२	१३६	१.४४
वडा नं. १९	८,२३४	९७	१.१८
कूल जम्मा	१७९,७५५	२,९५६	१.६४

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ६:अपाङ्गता प्रकार अनुसारको जनसङ्ख्या र अपाङ्गता प्रतिशत

अपाङ्गताको प्रकार	पुरुष सङ्ख्या	महिला सङ्ख्या	कूल सङ्ख्या	पुरुष %	महिला %	कूल %
शारीरिक अपाङ्गता	६५७	४६१	१,११८	४१	३४	३८
न्यून दृष्टियुक्त	१९३	२२८	४२१	१२	१७	१४
श्रवण सम्बन्धी अपाङ्गता	१७९	१५०	३२९	११	११	११
बहुअपाङ्गता	१५१	१४१	२९२	९	१०	१०
न्यून श्रवणशक्ति	१२९	११३	२४२	८	८	८

मानसिक वा मनोसामाजिक	११७	८७	२०४	७	६	७
दृष्टिविहीन	६७	६५	१३२	४	५	५
मनोसामाजिक अपाङ्गता	४१	३९	८०	३	३	३
बौद्धिक अपाङ्गता	३२	२५	५७	२	२	२
बहिरोपन एवम् दृष्टिविहीन	२०	२६	४६	१	२	२
अनुवंशीय रक्तश्राव (हेमोफेलिया)	११	९	२०	१	१	१
अटिजम्	९	६	१५	१	०	१

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ७: तुलसीपुर उपमहानगरपालिकाको समग्र साक्षरता दर

पुरुष साक्षरता दर	महिला साक्षरता दर	कूल साक्षरता दर
८९.५७%	७७.५२%	८३.१४%

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ८: वडा अनुसार साक्षरता स्थिति

वडा नं.	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
साक्षरता प्रतिशत	७९.६	८२.९	८४.०	८२.१	९०.७	९१	८२.९	८३	८८	७४.७	७८.२	८०.८	७८	७४.५	७६.७	७८.९	८१.८	८४.३	८०.७

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. ९: ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसङ्ख्या

उमेर	जम्मा	जनसङ्ख्या जसले			नखुलाईएको
		पढ्न र लेख्न सक्ने	पढ्न मात्र सक्ने	पढ्न र लेख्न नसक्ने	
५ वर्ष	३,१४६	२,९०१	३५	१७७	३३
६ वर्ष	३,२९४	३,१७०	१७	९६	११
७ वर्ष	३,२३३	३,१७५	१६	४०	२
८ वर्ष	३,६०५	३,५६४	८	२८	५
९ वर्ष	३,३०९	३,२८८	५	१६	०
१० वर्ष	३,५२०	३,५००	१	१७	२
११ वर्ष	३,०७८	३,०६६	२	१०	०
१२ वर्ष	३,७६८	३,७४५	१	२१	१

१३ वर्ष	३,५२५	३,५१२	२	१०	१
१४ वर्ष	३,८४०	३,८२३	२	१५	०
१५ वर्ष	३,८५६	३,८३०	१	२५	०
१६-१९ वर्ष	१६,०६१	१५,९६५	१	९१	४
२०-२४ वर्ष	१७,६०३	१७,३४९	३	२४३	८
२५-२९ वर्ष	१६,१८३	१५,५५०	७	६१८	८
३०-३४ वर्ष	१४,६९५	१३,२६८	३०	१,३९५	२
३५-३९ वर्ष	१३,०४६	१०,९४१	४३	२,०५७	५
४०-४४ वर्ष	११,३८२	८,६८२	५६	२,६४४	०
४५-४९ वर्ष	९,११४	६,०५४	५६	३,००४	०
५०-५४ वर्ष	८,४५३	४,७१९	४९	३,६८३	२
५५-५९ वर्ष	५,८८७	२,७५८	३५	३,०९३	१
६०-६४ वर्ष	५,४९०	२,१८५	३७	३,२६७	१
६५-६९ वर्ष	४,०७७	१,३५८	२२	२,६९६	१
७०-७४ वर्ष	३,००१	८३४	१७	२,१४८	२
७५ वर्षभन्दा माथि	२,६७७	६३७	१९	२,०१६	५
जम्मा	१,६५,८४३	१,३७,८७४	४६५	२७,४१०	९४

स्रोतः राष्ट्रिय जनगणना २०७८

१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्त्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुच स्थापित गर्नु आजको आवश्यकता हो । नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी भएको छ । मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रूपमा निर्धारण गर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिन्छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीति मार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि

देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रूपमामा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ ।

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति नेपालको संविधानमा उल्लेख छ ।
- उमेर समूह अनुसार प्रारम्भिक बालशिक्षाका लागि ४ वर्षदेखि ५ वर्षमुनी, कक्षा १–५ का लागि ५–९ वर्ष, कक्षा ६–८ का लागि १०–१२ वर्ष र माध्यमिक तह कक्षा (९–१२) का लागि १३–१६ वर्ष तोकिएको छ ।
- नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी,सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न नीतिगत प्रबन्ध गर्ने प्रारम्भिक बालशिक्षाको नीति रहेको छ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहुच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवाक्षेत्र (School Zone) को अवधारणा अनुरूपमा व्यवस्थित गर्ने ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने माध्यमिक शिक्षाको नीति रहेको छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरूप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।


१.४ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा र नीतिगत प्रबन्ध

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमानसम्म माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरूपमा प्रभाव पार्दै समय सापेक्ष रूपका राजनैतिक एवम् सामाजिक घटनाले परिवर्तन एवम् परिमार्जन गरेको पाइन्छ । ०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात् वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवम् निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवम् गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवम् व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्बर्धन एवम् परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान–प्रदान गर्न सक्ने आधुनिक

वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अङ्ग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाइ व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माण गर्ने सोच पूरा गर्न योगदान पुऱ्याउँछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-बर्से दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा सोह्रौ आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ । हाल नेपालको शिक्षाको संरचनालाई तल उल्लेख गरिएको छ ।



.नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

१.५ उपमहानगरपालिकाको शैक्षिक अवस्था

तुलसीपुर उपमहानगरपालिका शिक्षा तथा प्राविधिक शिक्षाको महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै आएको छ । यहाँ आधारभूतदेखि उच्च शिक्षासम्मका विभिन्न शैक्षिक संस्थाहरूको पहुँच र विस्तार भएको छ । उपमहानगरपालिकाभित्र सामुदायिक तथा संस्थागत विद्यालयहरू, सामुदायिक कलेजहरू, सरकारी क्याम्पसहरू, प्राविधिक तथा व्यावसायिक शिक्षण संस्थाहरू र उच्च शिक्षाका विविध अवसरहरू उपलब्ध छन् । साथै, यस उपमहानगरपालिकाको वडा नं. १७ र १८ मा अवस्थित नेपाल संस्कृत विश्वविद्यालयले यस क्षेत्रलाई संस्कृत तथा उच्च शिक्षाको प्रमुख केन्द्रका रूपमा स्थापित गरेको छ । यसका अतिरिक्त आयुर्वेद कलेज, कृषि क्याम्पस, इन्जिनियरिङ कलेज, नर्सिङ कलेज तथा सीएमए र एएनएम लगायतका प्राविधिक शिक्षण संस्थाहरूको उपस्थितिले उपमहानगरपालिकालाई शिक्षा तथा सीप विकासको महत्त्वपूर्ण गन्तव्यका रूपमा स्थापित गरेको छ ।

तुलसीपुर उपमहानगरपालिकाको विद्यालय संरचनालाई आधार मान्दा प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म गरी कूल १५३ वटा शैक्षिक संस्था सञ्चालनमा रहेका छन् । यसमध्ये १४३ वटा प्रारम्भिक बालविकास केन्द्र, ५४ वटा आधारभूत तहका विद्यालय र ८४ वटा माध्यमिक तहका विद्यालय रहेका छन् । आधारभूत तहका विद्यालयमध्ये कक्षा १–३ सम्मका ९ वटा, कक्षा १–५ सम्मका २९ वटा तथा कक्षा १–८ सम्मका १६ वटा विद्यालय रहेका छन् । त्यसैगरी, माध्यमिक तहका विद्यालयमध्ये कक्षा १–१० सम्म सञ्चालन हुने ५८ वटा तथा कक्षा १–१२ सम्म सञ्चालन हुने २६ वटा विद्यालय रहेका छन् ।

सामुदायिक विद्यालयहरूको संरचना हेर्दा १४३ वटा प्रारम्भिक बालविकास केन्द्र, ४१ वटा आधारभूत तहका विद्यालय तथा २७ वटा माध्यमिक तहका विद्यालय सञ्चालनमा रहेका छन् । आधारभूत तहअन्तर्गत कक्षा १–३ सम्मका ५ वटा, कक्षा १–५ सम्मका २६ वटा र कक्षा १–८ सम्मका १० वटा विद्यालय रहेका छन् । त्यस्तै, माध्यमिक तहअन्तर्गत कक्षा १–१० सम्म सञ्चालन हुने १२ वटा तथा कक्षा १–१२ सम्म सञ्चालन हुने १५ वटा विद्यालय रहेका छन् । उपमहानगरपालिकामा जम्मा ८ वटा सामुदायिक सिकाइ केन्द्र रहेको तथ्याङ्कले देखाएको छ

तुलसीपुर उपमहानगरपालिकामा पूर्वप्राथमिकदेखि कक्षा १२ सम्म कूल ६१,८१५ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यसमध्ये १७,२७७ (२७.९५ प्रतिशत) जना विद्यार्थी सामुदायिक विद्यालयमा तथा ४४,५३८ (७२.०५ प्रतिशत) जना विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् । यसले उपमहानगरपालिकामा विद्यालय शिक्षामा संस्थागत विद्यालयको पहुँच तथा विद्यार्थी आकर्षण सामुदायिक विद्यालयको तुलनामा उल्लेखनीय रूपमा बढी रहेको देखाउँछ ।

तहगत रूपमा हेर्दा, पूर्वप्राथमिक तहमा कूल ८,१७२ जना विद्यार्थीमध्ये १,५४३ (१८.८८ प्रतिशत) जना सामुदायिक विद्यालयमा तथा ६,६२९ (८१.१२ प्रतिशत) जना संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् । कक्षा १–५ मा कूल २५,५०५ जना विद्यार्थीमध्ये ५,१६२ (२०.२४ प्रतिशत) जना सामुदायिक विद्यालयमा र २०,३४३ (७९.७६ प्रतिशत) जना संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् । त्यसैगरी, कक्षा ६–८ मा कूल १४,०६० जना विद्यार्थीमध्ये ४,७६८ (३३.९१ प्रतिशत) जना सामुदायिक विद्यालयमा तथा

९,२९२ (६६.०९ प्रतिशत) जना संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् । यी तथ्याङ्कले पूर्वप्राथमिकदेखि आधारभूत तहसम्म संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या सामुदायिक विद्यालयको तुलनामा निरन्तर रूपमा बढी रहेको देखाउँछन् ।

माध्यमिक तह (कक्षा ९–१०) मा कूल ८,४०९ जना विद्यार्थीमध्ये ३,५२२ (४१.८८ प्रतिशत) जना सामुदायिक विद्यालयमा तथा ४,८८७ (५८.१२ प्रतिशत) जना संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् । यस तहमा सामुदायिक र संस्थागत विद्यालयबिचको अन्तर आधारभूत तहको तुलनामा केही घटेको देखिन्छ । त्यसैगरी, कक्षा ११–१२ मा कूल ५,६६९ जना विद्यार्थीमध्ये २,२८२ (४०.२५ प्रतिशत) जना सामुदायिक विद्यालयमा तथा ३,३८७ (५९.७५ प्रतिशत) जना संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् । यस तहमा पनि संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या बढी रहे तापनि सामुदायिक विद्यालयको सहभागिता आधारभूत तहको तुलनामा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ ।

समग्र विश्लेषणबाट पूर्वप्राथमिकदेखि कक्षा १२ सम्म सबै तहमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या सामुदायिक विद्यालयको तुलनामा बढी रहेको देखिन्छ । विशेषगरी पूर्वप्राथमिक र कक्षा १–५ मा संस्थागत विद्यालयको हिस्सा अत्यधिक रहेको छ भने माध्यमिक तहमा पुग्दा सामुदायिक विद्यालयको सहभागिता क्रमशः बढ्दै गएको देखिन्छ । यस अवस्थाले सामुदायिक विद्यालयको गुणस्तर, सिकाइ उपलब्धि, भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन तथा अभिभावकको विश्वास अभिवृद्धि गर्ने कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाउँछ । साथै, संस्थागत र सामुदायिक विद्यालयबिचको शैक्षिक अवसर तथा गुणस्तरको अन्तर न्यूनीकरण गर्दै सबै बालबालिकालाई समान गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

तुलसीपुर उपमहानगरपालिकामा रहेका विश्वविद्यालय, उच्च शिक्षाका शिक्षण संस्थाहरू तथा प्राविधिक एवम् व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको विवरण तल उल्लेख गरिएको छ । यी संस्थाहरूले उच्च शिक्षा, प्राविधिक तथा सीपमूलक शिक्षाको पहुँच विस्तार गर्दै दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

क) तालिका नं. १०: विश्वविद्यालय तथा क्याम्पसहरू

क्र.स.	क्याम्पसको नाम	कैफियत
१	नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङ	विश्वविद्यालय
२	राप्ती बबइ क्याम्पस, तुलसीपुर	सामुदायिक क्याम्पस
३	जनता विद्यापिठ, बिजौरी	आङ्गिक क्याम्पस, नेसंवि
४	केन्द्रिय आयुर्वेद विद्यापिठ, बेलझुण्डी	आङ्गिक क्याम्पस, नेसंवि
५	विश्वविद्यालय विद्यापिठ	आङ्गिक क्याम्पस, नेसंवि
६	ज्ञानदिप कलेज	संस्थागत क्याम्पस
७	गोरखा मोडेल कलेज	संस्थागत क्याम्पस
८	मेट्रो कलेज	सामुदायिक

स्रोतः तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा

ख) तालिका नं. ११ :प्राविधिक शिक्षालयहरू

क्र.स.	क्याम्पसको नाम	विषय	कैफियत
१	तुलसीपुर बहुप्राविधिक शिक्षालय	बाली विज्ञान, फुड एण्ड डेरी, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, मेकानिकल इन्जिनियरिङ, वन विज्ञान, फार्मेसी	
२	माध्यमिक विद्यालय तुलसीपुर सेन्टर	सूचना तथा प्रविधि, इन्जिनियरिङ र सर्वे इन्जिनियरिङ	
३	गुरुजजुर मा.वि. रक्षाचौर	बाली विज्ञान	
४	जनकल्याण मा.वि. दुधरास	सिभिल इन्जिनियरिङ	
५	मा.वि. अश्वारा	वन विज्ञान, सिभिल इन्जिनियरिङ	
६	अमर मा.वि. उरहरी	पशु विज्ञान	
७	शहिद स्मृति आवासिय विद्यालय, बनकट्टी	सिभिल इन्जिनियरिङ	
८	जनता संस्कृत मा.वि. विजौरी	बाली विज्ञान	हाल सञ्चालनमा नरहेको
९	जनश्रम मा.वि. खाद्रे	सर्वे इन्जिनियरिङ	हाल सञ्चालनमा नरहेको

स्रोतः तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा

ग) तालिका नं. १२ :सामुदायिक सिकाइ केन्द्रको विवरण

क्र.स.	सामुदायिक सिकाइ केन्द्रको नाम	कैफियत
१	ज्ञानोदय सामुदायिक सिकाइ केन्द्र दोघरे ९	
२	भद्रकाली सामुदायिक सिकाइ केन्द्र, तुलसीपुर ९	
३	मानपुर सामुदायिक सिकाइ केन्द्र १७	
४	मातृभूमि सामुदायिक सिकाइ केन्द्र ,हलवार ७	
५	बिजौरी सामुदायिक सिकाइ केन्द्र,बिजौरी १८	
६	उरहरि सामुदायिक सिकाइ केन्द्र, उरहरी ११	
७	प्रगतिशिल सामुदायिक सिकाइ केन्द्र, फूलबारी १३	
८	अकमी सामुदायिक सिकाइ केन्द्र, डुरुवा १४	

स्रोतः तुलसीपुर उपमहानगरपालिका शिक्षा शाखा

घ) तालिका नं. १३ :विद्यालय तहको शैक्षिक संस्थाको विवरण

क्र.सं	शैक्षिक संस्थाको विवरण	सामुदायिक	संस्थागत	जम्मा
१	प्रारम्भिक बालविकास केन्द्र (सबै सामुदायिक र संस्थागत विद्यालय सहित)	१४३	७०	२१३
२	कक्षा १-३ सम्म सञ्चालित	५	४	९
३	कक्षा १-५ सम्म सञ्चालित	२६	३	२९
४	कक्षा १-८ सम्म सञ्चालित	१०	६	१६
५	कक्षा १-१० सम्म सञ्चालित	१२	४६	५८
६	कक्षा १-१२ सम्म सञ्चालित	१५	११	२६

स्रोतः तुलसीपुर उपमहानगरपालिका शिक्षा शाखा

ङ) तालिका नं. १४ :शैक्षिक सत्र २०८३ अनुसार विद्यालय तहका विद्यार्थी सङ्ख्या

कक्षा/तह	जम्मा विद्यार्थी			सामुदायिक			संस्थागत		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
पूर्व प्राथमिक	३,६६७	४,५०५	८,१७२	७०७	८३६	१,५४३	२,९६०	३,६६९	६,६२९
कक्षा १-५	११,४९६	१४,००९	२५,५०५	२,५४९	२,६१३	५,१६२	८,९४७	११,३९६	२०,३४३
कक्षा ६-८	६,३६०	७,७००	१४,०६०	२,४०८	२,३६०	४,७६८	३,९५२	५,३४०	९,२९२
कक्षा ९-१०	४,०९८	४,३११	८,४०९	१,९०२	१,६२०	३,५२२	२,१९६	२,६९१	४,८८७
कक्षा ११-१२	३,०४०	२,६२९	५,६६९	१,३३६	९४६	२,२८२	१,७०४	१,६८३	३,३८७
पूर्वप्राथमिक देखि कक्षा १२ सम्म	२८,६६१	३३,१५४	६१,८१५	८,९०२	८,३७५	१७२७७	१९७५९	२४,७७९	४,४५३८

स्रोतः तुलसीपुर उपमहानगरपालिकाको IEMIS २०८३

च) तालिका नं. १५ :शैक्षिक सत्र २०८३ अनुसार सामुदायिक र संस्थागत विद्यालयमा जातिगत विद्यार्थी विवरण

कक्षा/तह	जम्मा विद्यार्थी			दलित			जनजाति		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
पूर्व प्राथमिक	१,५१६	१,८१७	३,३३३	५६१	६४६	१,२०७	९५५	१,१७१	२,१२६
कक्षा १-५	५,१८३	५,८४४	११,०२७	१,८९९	२,१५७	४,०५६	३,२८४	३,६८७	६,९७१

कक्षा ६-८	२,९३६	३,३५०	६,२८६	१,०२३	१,१४८	२,१७१	१,९१३	२,२०२	४,११५
कक्षा ९-१०	१,८७९	१,८३०	३,७०९	६४९	६११	१,२६०	१,२३०	१,२१९	२,४४९
कक्षा ११-१२	१,०४०	७९८	१,८३८	३५३	२५५	६०८	६८७	५४३	१,२३०
पूर्वप्राथमिक देखि कक्षा १२ सम्म	१२,५५४	४,८१७	१७,३७१	४,४८५	४,८१७	९,३०२	८,०६९	८,८२२	१६,८९१

स्रोतः तुलसीपुर उपमहानगरपालिकाको IEMIS २०८३

छ) तालिका नं. १६ :तहगत लैङ्गिक समानता सूचक

कक्षा/तह		जम्मा विद्यार्थीमा लैङ्गिक समानता सूचक	दलित विद्यार्थीमा लैङ्गिक समानता सूचक	जनजाति विद्यार्थीमा लैङ्गिक समानता सूचक
आधारभूत तह	कक्षा १-५	०.८३	०.९४	०.८७
	कक्षा ६-८	०.८७	०.९२	०.९
	कक्षा १-८	०.८५	०.९३	०.८८
माध्यमिक तह	कक्षा ९-१०	०.९७	१.१४	१.०३
	कक्षा ११-१२	१.१५	१.३३	१.१४
	कक्षा ९-१२	१.०३	१.२	१.०७

स्रोतः शिक्षा तथा मानवस्रोत विकास केन्द्रको फ्लास रिपोर्ट २०८२

तुलसीपुर उपमहानगरपालिकाको लैङ्गिक समानता सूचक (GPI) विश्लेषण गर्दा आधारभूत तहमा छात्राको सहभागिता छात्रको तुलनामा कम रहेको देखिन्छ । कक्षा १–५ मा GPI ०.८३, कक्षा ६–८ मा ०.८७ तथा समग्र आधारभूत तहमा ०.८५ रहेकोले यस तहमा लैङ्गिक समानता हासिल हुन अझै प्रयास आवश्यक देखिन्छ । दलित तथा जनजाति विद्यार्थीमा GPI तुलनात्मक रूपमा उच्च भए पनि १ भन्दा कम रहेकाले छात्राको सहभागिता अझै कम रहेको सङ्केत गर्दछ ।

माध्यमिक तहमा भने लैङ्गिक समानतामा उल्लेखनीय सुधार देखिन्छ । कक्षा ९–१० मा GPI ०.९७ रहेकोले छात्रा र छात्रको सहभागिता लगभग समान रहेको छ भने कक्षा ११–१२ मा GPI १.१५ पुगेकोले छात्राको सहभागिता छात्रभन्दा बढी रहेको देखिन्छ । समग्र रूपमा माध्यमिक तह (कक्षा ९–१२) मा GPI १.०३ रहेकोले तुलसीपुर उपमहानगरपालिकाले माध्यमिक तहमा लैङ्गिक समानता हासिल गरेको देखिन्छ ।

ज) तालिका नं. १७ :सामुदायिक विद्यालय तहको शिक्षक सङ्ख्या

क्र.सं.	किसिम	बालविकास शिक्षा	प्रा.वि.	नि.मा.वि	मा.वि.	उच्च मा.वि	जम्मा	कैफियत
१	बालविकास शिक्षक							
२	स्वीकृत दरबन्दी	१४३	२८६	६७	५९	३	४१५	
३	राहत		८९	३३	१७	१६	१५५	
४	सङ्घीय अनुदान			१०	१३		२३	
५	पालिका अनुदान			११	२२		३३	
६	विशेष शिक्षा			३				
७	प्राविधिक धार (सहायक प्रशिक्षक)				२	२		
८	प्राविधिक धार (प्रशिक्षक)				२	२		
जम्मा		१४३	३७५	१२४	११५	२३	६२६	

स्रोतः तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा

झ) तालिका नं. १८ :विद्यार्थी शिक्षक अनुपात

स्विकृत शिक्षकको आधारमा	कक्षा १-५	१८.०४
	कक्षा ६-८	७१.१६
जम्मा शिक्षकको आधारमा	कक्षा १-५	१३.७६
	कक्षा ६-८	३८.४५
स्विकृत शिक्षकको आधारमा	कक्षा ९-१०	५९.६९
	कक्षा ११-१२	७६०.६६
जम्मा शिक्षकको आधारमा	कक्षा ९-१०	३०.६२
	कक्षा ११-१२	९९.२१

स्रोतः तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा

१.६ तुलसीपुर उपमहानगरपालिकाको शिक्षा क्षेत्रका मुख्य समस्या, तिनका कारण, चुनौती र अवसरको विश्लेषण

तुलसीपुर उपमहानगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका प्रमुख समस्या, चुनौती, अवसर तथा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरिएको छ । यसका लागि उपलब्ध शैक्षिक तथ्याङ्क, विद्यमान अवस्थाको अध्ययन, विद्यालय तथा समुदायस्तरीय छलफल (FGD), प्रमुख सरोकारवालासँग गरिएको अन्तर्वार्ता (KII) तथा स्थानीय तहका जनप्रतिनिधि, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक लगायत सरोकारवालाहरूले देखेको शैक्षिक अवस्थालाई आधार बनाइएको छ ।

यस विश्लेषणका आधारमा शिक्षा क्षेत्रमा रहेका समस्याका मूल कारणहरूको पहिचान गरी समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सिकाइ उपलब्धि, सक्षमता विकास तथा शिक्षा व्यवस्थापनसँग सम्बन्धित विषयहरूलाई शिक्षा योजनाको रणनीति, कार्यनीति तथा कार्यक्रमसँग आबद्ध गरिएको छ । तथ्याङ्कीय विश्लेषण, अवस्थागत अध्ययन तथा सरोकारवालाहरूले देखेको शैक्षिक अवस्थाका आधारमा शिक्षा क्षेत्रका प्रमुख समस्या, तिनका कारण, चुनौती तथा सुधारका अवसरहरूलाई यस शिक्षा योजनामा समेटिएको छ ।

क) समस्याहरू:

१. बालविकास र आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ।

२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु ।

३. आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु ।

४. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु ।

५.सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा हुनु, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्नु ।

६. शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरू जिम्मेवार तथा जवाफदेही नहुनु ।

७. विद्यार्थी सङ्ख्याको आधारमा तहगत तथा विषयगत शिक्षक दरवन्दी नहुनु ।

८. शिक्षक तालिमबाट प्राप्त गरेको ज्ञान र सीप शिक्षण सिकाइमा शिक्षणमा यथोचित प्रयोग नहुनु तथा विद्यार्थीको सिकाइ गुणस्तरीय नहुनु ।

९. कोभिड १९ जस्ता महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरू कम हुनु तथा विद्यार्थीको सिकाइमा क्षति हुनु ।

१०. विद्यालयहरूमा सिकाइ सामग्रीहरूको अपर्याप्तता तथा भइरहेका विद्यालयमा समेत उपलब्ध स्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ।

११. सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शिक्षण गर्न स्रोतको अभाव तथा उपलब्ध स्रोतको प्रयोग गर्न ज्ञानको कमी हुनु ।

१२. विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको अधिकतम परिचालन गर्न नसक्नु।

१३. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको कक्षाकोठामा सही ढङ्गले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

१४. अभिभावक शिक्षाको कमि तथा विद्यार्थीले घरमा पढ्ने वातावरणको सिर्जना हुन नसकेको ।

१५. निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्यअनुसार पूर्णरूपमा कार्यान्वयन नभएको ।

१६. अधिकांश विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भौतिक संरचनाको अभाव रहेको ।

१७. अतिरिक्त क्रियाकलापमा सबै बालबालिकाको पहुँच पुग्न नसकेको ।

१८. विपद् व्यवस्थापनका लागि विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न संयन्त्रको कमी ।

१९. बालबालिकाहरूमा डिजिटल लत र लागूपदार्थको दुर्व्यसन नियन्त्रण सम्बन्धी जनचेतनात्मक पर्याप्त कार्यक्रम नहुनु ।

२०. विद्यालयमा मनोसामाजिक परामर्श तथा उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन हुन नसक्नु ।

२१. अभिभावकविहीन बालबालिकाको अपनत्व लिने संस्थाहरू नहुनु ।

ख) समस्याका प्रमुख कारणहरू:

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ ।
२. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन् । अभिभावकहरू दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउँदा समेत केही बालबालिकाहरू विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।
३. सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या अनुसार तहगत तथा विषयगत शिक्षक अभाव तथा अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गनुपर्ने भएकाले निजी स्रोत शिक्षक व्यवस्थापनार्थ मासिक रूपमा शुल्क नलिए पनि भर्नाको समयमा अभिभावकबाट आर्थिक सहयोग लिने गरिएकोले आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क छ भन्न सकिएको छैन।
४. सार्वजनिक शिक्षामा स्थानीय समुदायको कम चासो रहने गरेका कारण सामुदायिक विद्यालयमा समुदायको अपनत्व कम हुने गरेको छ ।
५. भौतिक निर्माणका क्षेत्रमा पालिकासँग आर्थिक स्रोत पर्याप्त नहुनु, सङ्घ र प्रदेश सरकारका योजनाहरू प्राथमिकतामा नरहदा विद्यालयको भौतिक अबस्था सन्तोषजनक छैनन् ।
६. केहि विद्यालयमा विद्यार्थी शिक्षक अनुपात धेरै हुनु, विषयगत शिक्षकको अभाव तथा उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरू जिम्मेवार नहुँदा शैक्षिक उपलब्धि कमजोर रहेको छ ।
७. सङ्घ सरकारले कम दरबन्दी उपलब्ध गराउनु, सङ्घीय शिक्षण सिकाइ अनुदान कम हुनु, नगर शिक्षण सिकाइ अनुदान शिक्षक व्यवस्थापन गर्न पालिकासँग स्रोतको अभाव हुनु तथा विद्यालयले निजी स्रोत शिक्षक व्यवस्थापन गर्न नसक्दा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरवन्दी कम भएको छ ।
८. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणाको कमीले शिक्षकहरूको पेशागत विकास तालिम भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठा शिक्षणमा प्रयोग हुन सकेको छैन ।
९. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीहरू प्रविधिको पहुँचमा नहुनु, वैकल्पिक सिकाइ विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरू कम भएकाले विद्यार्थीको सिकाइमा क्षति हुन पुगेको छ ।
१०. अङ्ग्रेजी माध्यममा अभिभावकहरूको रुचि बढ्नु तर सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमको पठन पाठनका लागि सरकारी निर्देशनको स्पष्ट अभावले सञ्चालन नहुनु तर अङ्ग्रेजी माध्यममा सञ्चालन भएका निजी स्रोतका शिक्षक व्यवस्थापन गर्न विद्यालयलाई आर्थिक समस्या परेको छ ।

११. शिक्षक विद्यार्थी निर्मित सिकाइ सामग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाइने शैक्षिक सामग्री खरिद गर्न स्रोतको अभाव, शैक्षिक सामग्री खरिदका लागि ३ वटै तहबाट बजेटको व्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन, भइरहेका विद्यालयमा समेत उपलब्ध स्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।

१२. सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम सञ्चालन गर्न नसक्दा शिक्षकहरूमा प्राविधिक ज्ञान र उत्प्रेरणाको कमी छ ।

१३. पालिका तहमा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवस्रोतको अवस्था कम रहेको, विज्ञ समूहलाई निरन्तर परिचालनका लागि स्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको परिचालन हुन सकिरहेको छैन ।

१४. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको तालमेल, शिक्षक निर्देशिकालाई कम अनुशरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

१५. विपन्न समुदायमा दैनिक गुजारा गर्नुपर्ने अवस्थामा अभिभावकले बालबालिकालाई समय दिन सकेका छैनन्, चेतना तथा अभिभावक शिक्षाको कमिका कारणले विद्यार्थीले घरमा पढ्ने वातावरणको सिर्जना हुन सकेको छैन ।

१६. परीक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परीक्षा प्रणालीको चाहना तथा कक्षाकोठामा आधारित मूल्याङ्कन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी हुन सकेको छैन ।

१७. नयाँ बनेका संरचनाहरू लैङ्गिक, बाल, अपाङ्गमैत्री भौतिक संरचना भएपनि पुराना भौतिक संरचनाहरूको समेत अत्याधिक प्रयोग भएकाले सबै विद्यालयका भौतिक संरचनाहरू लैङ्गिक, बाल, अपाङ्गमैत्री छैनन् ।

१८. सबै विद्यालयहरूले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापमा सबै बालबालिकाको पहुँच पुग्न सकेको छैन जस्तैः अपाङ्गता भएका बालबालिकाहरू अतिरिक्त क्रियाकलापमा भाग नलिने वा वञ्चित हुने गरेका छन् ।

१९. विद्यालय विपद् व्यवस्थापनका लागि बजेटको अभावका कारण विद्यालयगत अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्ने संयन्त्रको विकास हुन सकेको छैन ।

२०. विद्यालय, स्थानीय तह, अभिभावक तथा समुदायको समन्वयमा नियमित जनचेतना, परामर्श र रोकथाममूलक कार्यक्रम सञ्चालन हुन नसक्दा बालबालिकाहरूमा डिजिटल लत र लागूपदार्थको दुर्व्यसन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम पर्याप्त नहुनु।

२१. प्रशिक्षित मनोसामाजिक परामर्शदाता, आवश्यक स्रोत–साधन तथा विद्यालयमा मनोसामाजिक परामर्श तथा उत्प्रेरणात्मक कार्यक्रमका लागि पर्याप्त बजेट र संस्थागत व्यवस्था नहुनु।

२२. अभिभावकविहीन बालबालिकाको अपनत्व लिने संस्थाहरू नहुनुले अभिभावकविहीन तथा जोखिममा रहेका बालबालिकाको संरक्षण, पुनःस्थापना र हेरचाहका लागि आवश्यक संस्थागत व्यवस्था तथा सहयोगी संयन्त्रको अभाव हुनु।

ग) चुनौतीहरूः

१. उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु ।

२. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु ।

३. विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु ।

४. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु ।

५. कक्षा छाड्ने दर शून्यमा झार्नु र अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्नु ।

६. शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु ।

७. सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु ।

८. सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु।
९. शैक्षिक सुधारका लागि सरोकारवालाबिच अपनत्व सिर्जना गर्नु ।
१०. सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु ।
११. शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु ।
१२. शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु ।
१३. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु ।
१४. नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
१५. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन ।
१६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निः शुल्क एवम् माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्नु ।
१७. सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।
१८. विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु ।
१९. बालबालिकाहरूको पोषण, विद्यालय दिवा खाजा लगायत सरसफाई तथा स्वच्छता आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालय मार्फत प्रदान गर्नु ।
२०. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन ।
२१. विद्यालयमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गरी समावेशी र समतामूलक वातावरण सिर्जना गर्न ।
२२. साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसरमा वृद्धि गर्न र विद्यालयमा नियमित उपस्थित भई शिक्षा प्राप्त गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न ।
२३. बालबालिकामा डिजिटल लत र लागूपदार्थको प्रयोग बढ्दै जानु, सिकाइ उपलब्धि र अनुशासनमा नकारात्मक प्रभाव पर्नु तथा विद्यालय, परिवार र समुदायको संयुक्त प्रयास प्रभावकारी बनाउन कठिन हुनु ।
२४. विद्यार्थीमा तनाव, चिन्ता, निराशा, व्यवहारगत समस्या तथा विद्यालय छोड्ने जोखिम बढ्नुका साथै आवश्यक मनोसामाजिक सहयोग समयमै उपलब्ध गराउन कठिन हुनु ।
२५. अभिभावकविहीन तथा जोखिममा रहेका बालबालिकाको संरक्षण, शिक्षा, हेरचाह र पुनःस्थापनाको सुनिश्चितता गर्न कठिन हुनु तथा उनीहरू शोषण, हिंसा र विद्यालय बाहिर रहने जोखिममा पर्नु।

घ) अवसरहरूः

१. शिक्षालाई मौलिक हकको रूपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु ।
२. तहगत रूपमा समावेशी सहभागितामा वृद्धि हुनु सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम स्थानीय तहसम्म सर्वसुलभ हुनु ।
४. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रदेश सरकार र सङ्घीय सरकार समेतको उत्तिकै चासो हुनु ।
५. तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु ।
६. शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु ।
७. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु ।

८. नेपाल संस्कृत विश्वविद्यालय र जस अन्तर्गतका ३ आङ्गिक विद्यापिठ, त्रि.वि अन्तर्गत १ सामुदायिक क्याम्पस, लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गत १ सामुदायिक क्याम्पस, २ संस्थागत क्याम्पस मुख्य रूपमा सञ्चालित उच्चस्तरीय शैक्षिक संस्थाका साथै १ बहुप्राविधिक शिक्षालय र ८ विद्यालयमा CTEVT द्वारा सञ्चालित प्राविधिक कक्षाहरू सञ्चालनमा रहेका कारणले माध्यमिक तह पार गरेका विद्यार्थीहरूका लागि स्थानीय स्तरमै उच्च शिक्षामा अध्ययन गर्न कलेजहरू रहनु ।

परिच्छेद २

२.१ दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

क) दूरदृष्टि:

गुणस्तरीय, समतामूलक, समावेशी र सीपमूलक शिक्षा: समृद्ध, सक्षम र जिम्मेवार नागरिक निर्माणको सुनिश्चितता ।

ख) लक्ष्य:

सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा व्यवहारिक, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

ग) उद्देश्यहरू:

१. सबै बालबालिकाको प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय, समतामूलक, समावेसी, अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्नु।
२. शिक्षण–सिकाइको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्दै जीवनोपयोगी ज्ञान, सीप, सिर्जनशीलता, प्रविधि र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्नु।
३. योग्य, दक्ष, उत्प्रेरित, समर्पित तथा विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक र सक्षम शैक्षिक नेतृत्वको विकास गर्नु।
४. अपाङ्गता भएका तथा विशेष शैक्षिक आवश्यकता भएका बालबालिका, सीमान्तकृत तथा वञ्चित समूहका लागि समावेशी, बालमैत्री, लैङ्गिक समानतामूलक, सुरक्षित र संरक्षणयुक्त शैक्षिक वातावरण सुनिश्चित गर्नु।
५. विद्यालयको भौतिक, शैक्षिक, प्रविधिक तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्दै प्रभावकारी, पारदर्शी, जवाफदेही र सहभागितामूलक विद्यालय सुशासन सुनिश्चित गर्नु।
६. औपचारिक शिक्षाबाट वञ्चित बालबालिका, युवा तथा प्रौढका लागि अनौपचारिक, वैकल्पिक, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गरी उच्च शिक्षा, रोजगारी तथा उद्यमशीलतासँग जोड्नु।
७. विपद्, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा समेत बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्दै शिक्षा प्रणालीको उत्थानशीलता तथा निरन्तरता कायम गर्नु।

घ) रणनीतिहरू:

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र अवसर सुनिश्चित गर्न समुदायमा आधारित कार्यक्रमहरू स्थापना गर्ने ।
२. सबै वर्ग र क्षेत्रका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत र निःशुल्क शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
३. माध्यमिक शिक्षालाई अनिवार्य गर्न सबै बालबालिकाहरूको पहुँचलाई प्राथमिकतामा राखी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने
४. उच्च शिक्षाका लागि उपमहानगरपालिका भित्रका सामुदायिक तथा संस्थागत शिक्षण संस्थाहरूमा पहुँचको सुनिश्चित गर्ने।
५. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका क्षेत्र र समुदायका विद्यार्थीहरूलाई समेट्ने ।
६. परिवर्तित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट पाठ्यक्रमले निर्दिष्ट गरेका उद्धेश्यहरू पूरा गर्ने ।
७. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागिताको सुनिश्चित गर्ने ।

८. स्थानीय परिवेश, आवश्यकता, सामाजिक संस्कृति अनुरूप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, मदरसा तथा संस्थागत विद्यालयमा लागू गर्ने ।
९. सबै निरक्षरहरूलाई औपचारिक/अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने ।
१०. विद्यालयहरूको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।
११. आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा वैकल्पिक सिकाइ विधि र माध्यमहरूको प्रयोग गर्ने, सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना कार्यान्वयन गर्ने ।
१२. शिक्षकको शैक्षिक क्षमता अभिवृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई तालिम तथा कार्यशाला सञ्चालन गर्ने ।
१३. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समूह, साथी समूह, रोस्टर समूह परिचालन गरी शिक्षक सहायता प्रणालीको विकास गर्ने ।
१४. विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरूका लागी विशेष कक्षा सञ्चालनका लागि स्रोत कक्षा तथा विशेष विद्यालयको व्यवस्था गर्ने ।
१५. पढाइको वातावरण, विद्यार्थी नियमितता, अभिभावक शिक्षाका सन्दर्भमा समुदाय परिचालनको लागि अभिभावक तथा समुदायको सहभागितालाई सुनिश्चित गर्ने ।
१६. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गर्ने ।
१७. शिक्षामा सुशासन प्रवर्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्ने नीति अवलम्बन गर्ने ।
१८. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्ने ।
१९. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गर्ने, शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्ने ।
२०. विपद्को समयमा वैकल्पिक सिकाइका अवसर प्रदान गर्नका लागि वैकल्पिक सिकाइका माध्यमहरूको खोजी, शिक्षक र विद्यार्थीहरूको प्रविधिको प्रयोगमा सिप विकास गरी सिकाइका क्रियाकलापहरूलाई निरन्तरता दिने ।

ङ) कार्यनीतिहरू:

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न समुदायमा आधारित सचेतनाका कार्यक्रमहरू, शिक्षकहरूको क्षमता विकास, शैक्षिक सामग्रीको पहुँच, परिवार तथा समुदायको संलग्नताका साथै, सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्दै स्थानीय अनुकूलतासहितका नीतिहरू कार्यान्वयन गरिनेछ । (रणनीति नं. १)
२. शिक्षण स्रोतहरूको समान वितरण, तालिम प्राप्त शिक्षकहरूको उपलब्धता, र विविधता अनुकूलको सिकाइ वातावरण सिर्जना, अपांगता, जातजाती, लिङ्ग, र आर्थिक अवस्थाका आधारमा सबै बालबालिकालाई समान अवसर प्रदान गरिनेछ । (रणनीति नं. २)
३. माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्न विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्दै बालमैत्री, समावेशी, र सुरक्षित वातावरणको निर्माण, गुणस्तर सुधारका लागि शिक्षक तालिम, आधुनिक शिक्षण विधिहरू, शैक्षिक सामग्रीको प्रयोगका साथै, लैङ्गिक समानता, अपाङ्गता मैत्री सुविधा, नियमित अनुगमन र समुदायको सक्रिय सहभागितालाई प्रोत्साहित गरिनेछ । (रणनीति नं. ३)
४. उच्च शिक्षाका लागि उपमहानगर स्तरीय छात्रवृत्ति कार्यक्रमहरू, प्राविधिक शिक्षाको प्रवर्धन, विज्ञान र प्रविधिमा अभिप्रेरित शिक्षा दिन प्रविधिमैत्री शिक्षकहरू र अत्याधुनिक स्रोतहरूको व्यवस्थापन गरिनेछ । (रणनीति नं. ४)

५. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका क्षेत्र र समुदायका विद्यार्थीलाई समेट्ने गरी विशेष सहुलियत दिने नीतिको व्यवस्था, उपमहानगरपालिकाभित्र प्राविधिक धारका पढाइ हुने सामुदायिक विद्यालयहरूमा प्रशिक्षक, स्रोत, अनुगमन तथा मूल्याङ्कनको उचित व्यवस्थापन गरिनेछ । (रणनीति नं. ५)

६. पाठ्यक्रम अनुसारको परियोजनामुखी शिक्षण विधिहरूको प्रयोग, नयाँ पाठ्यक्रमका आधारमा शिक्षक तालिम, प्रविधिमैत्री शैक्षिक साधनहरूको प्रयोग, शिक्षणका क्रममा सृजनशीलता र उद्यमशीलताका गतिविधिहरूलाई समावेश गरिनेछ । (रणनीति नं. ६)

७. सङ्घीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागिताको सुनिश्चित गर्न विद्यालयमा आधारभूत भौतिक तथा शैक्षणिक स्रोत तथा साधनको सुनिश्चितता गरिनेछ । (रणनीति नं. ७)

८. स्थानीय परिवेश, आवश्यकता, सामाजिक संस्कृति अनुरूप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, मदरसा तथा संस्थागत विद्यालयमा लागू गरिनेछ । (रणनीति नं. ८)

९. सबै निरक्षरहरूलाई औपचारिक र अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाउन, स्थानीय साक्षरता कक्षा सञ्चालन, प्रविधिको प्रयोग, र व्यावहारिक साक्षरता कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ । (रणनीति नं. ९)

१०. साक्षरता कार्यक्रमलाई सीप विकाससँग एकीकृत गरी रोजगारीका अवसरहरू सिर्जना गर्न स्थानीय सरकार र समुदायको सक्रिय सहभागितालाई प्राथमिकता दिइनेछ । (रणनीति नं. ९)

११. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, र जवाफदेहिता सुनिश्चित गर्न, नेतृत्व तालिम कार्यक्रम र पारदर्शी निर्णय प्रक्रियामा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ साथै सामाजिक लेखापरीक्षणका आधारमा प्राप्त सुझावहरू कार्यान्वयनमा विद्यालय नेतृत्वलाई जिम्मेवार बनाइनेछ । (रणनीति नं. १०)

१२. आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा वैकल्पिक सिकाइ विधि र माध्यमहरूको प्रयोग, सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना कार्यान्वयनका साथै विद्यार्थीको सिकाइक्षतिको मूल्याङ्कन गरी उपचारात्मक शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ । (रणनीति नं. ११)

१३. शिक्षक तथा विद्यालय कर्मचारीहरूको शैक्षिक क्षमता अभिवृद्धि गर्न नियमित रूपमा आवश्यकता आधारित तालिम तथा कार्यशालाहरू आयोजना गरिनेछ जसले आधुनिक शिक्षण विधि, पाठ्यक्रम कार्यान्वयन, र प्रविधिको प्रयोगमा केन्द्रित भई विशेषज्ञहरूसँग सहकार्य गर्दै तालिमहरूको प्रभावकारिता मूल्याङ्कन गरी निरन्तर पेसागत विकास सुनिश्चित गरिनेछ । (रणनीति नं. १२)

१४. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समूह, साथी समूह, रोस्टर समूह परिचालन गरी सिकाइ आदानप्रदानका साथै शिक्षण सिकाइ प्रक्रियालाई सरलिकृत र सहज बनाउन कक्षाकोठा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाइने छ । (रणनीति नं. १३)

१५. विशेष शिक्षाको अवसरबाट बञ्चित भएका बालबालिकाहरूको पहिचान गरी आवश्यकताका आधारमा बालबालिकाहरूका लागी विशेष कक्षा सञ्चालनका लागि स्रोत कक्षा तथा विशेष विद्यालयमा पहुँच सुनिश्चित गरिनेछ । (रणनीति नं. १३)

१६. पढाइको वातावरण सुधार्न, विद्यार्थी नियमितता बढाउन, र अभिभावक शिक्षामा समुदाय परिचालन गर्न, अभिभावक, शिक्षक बैठकहरू नियमित रूपमा आयोजना गरिनेछ । (रणनीति नं. १५)

१७. शिक्षण प्रक्रियामा अभिभावकहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नुका साथै, समुदायमा जनचेतना कार्यक्रम सञ्चालन गरी शिक्षाको महत्त्वबारे जानकारी दिने र समुदायको सहकार्यलाई प्रोत्साहित गरिनेछ । (रणनीति नं. १५)

१८. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिनेछ । (रणनीति नं. १६)

१९. शिक्षामा सुशासन प्रवद्र्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास, सबै बालबालिकाको विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्नका लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ । (रणनीति नं. १७)

२०. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्न वार्षिक शैक्षिक कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गरिनेछ । (रणनीति नं. १८)

२१. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गर्नका लागि EMIS तालिमलाई निरन्तरताका साथै शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्न शिक्षकको सिप विकासका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । (रणनीति नं. १९)

२२. विपदको समयमा वैकल्पिक सिकाइका अवसर प्रदान गर्नका लागि वैकल्पिक सिकाइका माध्यमहरूको खोजी, शिक्षक र विद्यार्थीहरूको प्रविधिको प्रयोगमा सिप विकास गरी सिकाइका क्रियाकलापहरूलाई निरन्तरता दिइनेछ । (रणनीति नं. २०)

२.२ अपेक्षित उपलब्धिः

योजनाको अन्त्य आ.व. २०८७/८८ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. तुलसीपुर उपमहानगरभरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने ।

२. उपमहानगरपालिकाभरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

३. तुलसीपुर उपमहानगरपालिकाभरि माध्यमिक शिक्षामा सूचना प्रविधिसहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने ।

४. उपमहानगरपालिकाभरि पछि परेका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने ।

५. शिक्षा शाखा लगायत उपमहानगरपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने ।

६. योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

७. पालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

८. विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयन भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

९. सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने ।

१०. सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने ।

११. उपमहानगरपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

१२. सबै विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने।

१३. पालिकाभरिका विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने ।

२.३ तुलसीपुर उपमहानगरपालिकाको मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण (स्रोत: CEHRD Flash Report २०८२)

तालिका नं. १९

क्र.सं.	सूचक	आधार वर्ष २०८२				तुलसीपुर उ.म.न.पाको २०८८ सम्मको लक्ष्य		
		राष्ट्रिय स्तरको	लुम्बिनी प्रदेशको	दाङ जिल्लाको	तुलसीपुर उ.म.न.पाको	२०८४	२०८६	२०८८
१	प्रारम्भिक बालविकास तथा शिक्षामा कूल भर्ना दर	१०१.०	१०९.२	११६.४	१२४.४	१२०.५	११३.०	१०६.३
२	प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर	७०.२	७५.०	८०.६	८४.७	८९.८	९४.९	९९.०
३	प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना	७६.३	७७.४	७३.०	६७.६	७८.०	८८.४	९८.८
४	प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क	०.८०	०.८०	०.८०	०.८०	०.८५	०.९०	०.९५
५	कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर	९३.७	९३.८	९३.५	९३.४	९५.६	९७.८	१००.०
६	कक्षा १ मा भर्ना भएका विद्यार्थीको कूल प्रवेशदर	१४१.१	१५३.३	१७६.४	२१०.९	१७४.०	१३७.१	१००.२
७	आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर	९४.४	९३.८	९२.९	९३.७	९५.८	९५.८	९५.८
८	आधारभूत तह कक्षा १ देखि ५ को कूल भर्ना दर	१३०.५	१३३.०	१३४.६	१४०.४	१३२.०	१२०.६	१०७.१
९	आधारभूत तह कक्षा १ देखि ५ को टिकाउ दर	८७.६	८७.९	८८.५	८७.६	९०.१	९२.५	९५.०
१०	५ देखि १२ वर्षसम्म विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या	२७१७१९	५१४४४	७८५०	२३२३	१८८२	१४४१	१०००
११	आधारभूत तह कक्षा १–५ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	०.९१	०.९०	०.८७	०.८३	०.८७	०.९१	०.९५
१२	आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर	९४.१	९३.८	९३.१	९३.४	९४.९	९६.५	९८.०
१३	आधारभूत तह कक्षा १ देखि ८ को कूल भर्ना दर	१२४.८	१२६.१	१२८.५	१३२.८	१२५.२	११७.६	११०.०
१४	आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर	८६.५	८६.६	८७.८	८६.८	८९.९	९२.९	९६.०
१५	आधारभूत तह (कक्षा १–८) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	०.९२	०.९०	०.८९	०.८५	०.८८	०.९२	०.९५
१६	माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर	७५.८	७६.५	७१.७	७०.१	७५.०५	८०.०२	८५.००
१७	माध्यमिक तहको कक्षा ९ देखि १० को कूल भर्ना दर	९९.१	९७.९	१००.१	१०७.२	१०५.५	१०३.७	१०२.०
१८	आधारभूत तह कक्षा १ देखि १० को टिकाउ दर	६६.९	६६.९	६६.८	६६.७	६९.४	७२.२	७५.०
१९	माध्यमिक तह (कक्षा ९–१०) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	१.०	१.०	१.०	१.०	१.०	१.०	१.०

२०	माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर	३७.१	३७.५	४७.७	५३.३	५६.२	५९.१	६२.०
२१	माध्यमिक तहको कक्षा ११ देखि १२ को कूल भर्ना दर	६३.३	५८.५	६७.६	५८.७	६१.८	६४.९	६८.०
२२	माध्यमिक तह (कक्षा ११–१२) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	१.०	१.०	१.१	१.२	१.१०	१.०५	१.०
२३	माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर	५५.८	५५.९	५९.२	६१.६	६४.४	६७.२	७०.०
२४	माध्यमिक तहको कक्षा ९ देखि १२ को कूल भर्ना दर	८०.६	७७.०	८३.२	८२.६	८५.१	८७.५	९०.०
२५	माध्यमिक तहको कक्षा ९–१२ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	१.०	१.०	१.१	१.०	१.०	१.०	१.०
२६	कक्षा चढ्ने दर १ देखि ५	८३.०	८१.४	८९.९	९१.४	९३.६	९५.८	९८.०
२७	कक्षा चढ्ने दर ६ देखि ८	८७.४	८५.४	८९.४	९२.४	९४.३	९६.१	९८.०
२८	कक्षा चढ्ने दर ९ देखि १०	९२.२	९१.३	९४.६	९५.९	९६.९	९८.०	९९.०
२९	कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५	८.७	१०.४	४.२	२.३	२.१	१.८	१.५
३०	कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८	७.२	९.३	५.८	२.९	२.५	२.०	१.५
३१	कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १०	३.२	३.५	२.१	१.५	१.२	०.८	०.५
३२	कक्षा छाड्ने दर कक्षा १ देखि ५	८.२	८.२	५.९	६.३	५.२	४.१	३.०
३३	कक्षा छाड्ने दर कक्षा ६ देखि ८	५.४	५.३	४.९	४.७	३.८	२.९	२.०
३४	कक्षा छाड्ने दर कक्षा ९ देखि १०	४.७	५.२	३.३	२.६	२.४	२.२	२.०
३५	प्राथमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	२०.९	२२.५	१८.८	१६.९	१८.९	२०.९	२२.९
३६	प्राथमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	१८.२	१८.६	१६.९	१५.४	१७.४	१९.४	२१.४
३७	निम्न माध्यमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	४४.६	५०.८	५१.१	५१.२	५३.२	५५.२	५७.२
३८	निम्न माध्यमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	२९.१	३१.१	३२.०	३१.८	३३.८	३५.८	३७.८
३९	माध्यमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	३०.५	३३.४	४१.१	४२.५	४४.५	४६.५	४८.५
४०	माध्यमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	२७.३	२८.४	३४.५	३५.१	३७.१	३९.१	४१.१
४१	उच्च माध्यमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	४७.३	६५.९	११२.१	७७.२	७५.२	७३.१	७१.०
४२	उच्च माध्यमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	४०.०	५०.२	७९.२	६१.१	६१.५	५९.२	५५.०

परिच्छेद तीन

शिक्षाका मुख्य उपक्षेत्र

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.१.१ परिचय

चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई प्रदान गरिने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ । आफ्नै उमेर समूहका बालबालिकासँग उपयुक्त वातावरणमा, करिब ४ घण्टासम्म बालमनोविज्ञान बुझेका महिला सहयोगी कार्यकर्ताको रेखदेखमा विभिन्न सकारात्मक सीपहरू सिक्ने स्थानलाई बालविकास केन्द्र भनिन्छ । बालविकास केन्द्रहरू विद्यालयमा आधारित तथा समुदायमा आधारित गरी दुई प्रकारका हुन सक्छन् । शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक पक्षको समुचित विकासलाई "बालविकास" भनिन्छ । यी चार पक्षमध्ये कुनै एक पक्षको अभाव भएमा पूर्ण बालविकास भएको मानिँदैन । प्रारम्भिक बालविकास कक्षादेखि कक्षा १२ सम्मको तहलाई सरकारले विद्यालय शिक्षाको संरचनामा समावेश गरेको छ ।

पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकास र शिक्षाअन्तर्गत चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिन्छ । चार वर्षभन्दा कम उमेरका बालबालिकाका लागि शिशु विकास केन्द्रमार्फत शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न सकिन्छ ।

प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध प्रकारका मनोरञ्जनात्मक सिकाइ सहजीकरण गतिविधिहरूको माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु तथा कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हो । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरअनुसारका विकासात्मक पक्षहरूलाई ध्यानमा राखी एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको हुन्छ । यस तहमा बालबालिकाले आफ्नै मातृभाषामा सिक्ने अवसर प्राप्त गर्छन् ।

प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार रहेका छन् ।

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सीपको विकास

नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्था बालबालिकाको सर्वाङ्गीण विकास र कल्याण सुनिश्चित गर्ने उद्देश्यमा केन्द्रित छन् । यी प्रावधानहरूले बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषण जस्ता आधारभूत आवश्यकताहरू पूरा गर्न कानुनी तथा नीतिगत आधार प्रदान गरेका छन् । नेपालको संविधानले बालबालिकाको अधिकार र विकासलाई विशेष महत्त्व दिएको छ । संविधानको अनुच्छेद ३५ ले बालबालिकाको संरक्षण र आवश्यक सुविधाको सुनिश्चितता गर्नु राज्यको दायित्व हुने स्पष्ट व्यवस्था गरेको छ । यसअनुसार राज्यले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य आवश्यक सेवामा प्राथमिक ध्यान दिनुपर्ने हुन्छ । त्यस्तै, अनुच्छेद ३९ ले बालबालिकाको शिक्षामा पहुँच र उचित जीवनस्तर सुनिश्चित गर्ने अधिकारलाई प्रत्याभूत गरेको छ । यसरी प्रारम्भिक शिक्षा र बालविकासलाई संवैधानिक रूपमा नै प्राथमिकता दिइएको देखिन्छ । नेपाल सरकारले पनि प्रारम्भिक बालविकास क्षेत्रलाई सुदृढ बनाउन विभिन्न नीतिगत पहलहरू अघि सारेको छ । यी नीतिहरूले शिक्षा, पोषण र स्वास्थ्य सेवाहरूलाई एकीकृत रूपमा प्रदान

गर्दै बालबालिकाको समग्र विकासलाई सहयोग पुऱ्याउने लक्ष्य राख्छन् । यस अन्तर्गत प्रारम्भिक बालविकास नीति, सार्वजनिक प्राथमिक शिक्षा नीति, बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, साथै सामाजिक सुरक्षा र कल्याणसम्बन्धी योजनाहरू लागू गरिएका छन् ।

विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) ले समेत प्रारम्भिक बालविकासलाई सुधार र विस्तारको महत्त्वपूर्ण क्षेत्रका रूपमा प्राथमिकतामा राखेको छ । यस योजनाले यस क्षेत्रलाई मजबुत बनाउन रणनीतिक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य लिएको छ, जसले दीर्घकालीन रूपमा बालबालिकाको विकासमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । स्थानीय सरकारहरूले पनि आफ्ना क्षेत्रीय आवश्यकता अनुसार प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन् । स्थानीय नीति तथा योजनाहरूको कार्यान्वयनमार्फत बालबालिकाको समग्र विकासमा योगदान पुऱ्याउने महत्त्वपूर्ण जिम्मेवारी उनीहरूमा रहेको छ ।

३.१.२ वर्तमान अवस्था

देश सङ्घीय संरचनामा गएपश्चात् माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । सोही अधिकार तथा जिम्मेवारीअन्तर्गत तुलसीपुर उपमहानगरपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षासहित विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको सर्वाङ्गीण विकास तथा विद्यालय शिक्षाको आधार तयार गर्ने महत्त्वपूर्ण तह भएकाले यस तहमा बालबालिकाको पहुँच, सहभागिता, समावेशिता, निरन्तरता तथा गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु आवश्यक रहेको छ ।

तुलसीपुर उपमहानगरपालिकामा प्रारम्भिक बालविकास तहमा जम्मा ८१७२ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमा ३६६७ जना छात्रा र ४५०५ जना छात्र रहेका छन् । सामुदायिकतर्फ प्रारम्भिक बालविकासमा जम्मा १,५४३ जना बालबालिका रहेका छन्, जसमध्ये ७०७ जना छात्रा र ८३६ जना छात्र रहेका छन् । त्यसैगरी, संस्थागततर्फ जम्मा ६,६२९ जना बालबालिका रहेका छन्, जसमा २,९६० जना छात्रा र ३,६६९ जना छात्र रहेका छन् । प्रारम्भिक बालविकासको तहमा उल्लेख्य सङ्ख्यामा बालबालिकाको सहभागिता रहेको भए पनि सबै बालबालिकालाई उपयुक्त उमेरमा प्रारम्भिक बालविकासको पहुँचमा ल्याउने, नियमित उपस्थिति तथा सक्रिय सहभागिता सुनिश्चित गर्ने र प्रारम्भिक सिकाइका अवसरमा समानता कायम गर्ने विषयमा थप ध्यान दिनुपर्ने अवस्था रहेको छ । विशेषगरी सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका परिवार, अपाङ्गता भएका बालबालिका तथा विभिन्न कारणले प्रारम्भिक बालविकासको पहुँचबाट बाहिर रहेका बालबालिकालाई समेट्दै समावेशी तथा समानतामूलक सेवा प्रवाह गर्न आवश्यक देखिन्छ ।

प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर अभिवृद्धिमा बालविकास सहजकर्ताको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सहजकर्ताको क्षमता, पेशागत दक्षता, बालमैत्री व्यवहार तथा विकासात्मक आवश्यकता अनुरूपको सिकाइ सहजीकरणले बालबालिकाको प्रारम्भिक सिकाइ र विकासमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । यसका लागि प्रारम्भिक बालविकास सहजकर्ताको निरन्तर क्षमता विकास, तालिम, आवश्यक सिकाइ सामग्रीको उपलब्धता तथा बालमैत्री र सिकाइमैत्री कक्षाकोठा व्यवस्थापनमा पर्याप्त लगानी आवश्यक देखिन्छ ।

प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक व्यवस्थापनमा सङ्घीय सरकारबाट प्रति सहजकर्ता मासिक रु. १२,००० उपलब्ध हुने गरेकोमा तुलसीपुर उपमहानगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट थप रु. ७,००० लगानी गरी सहजकर्तालाई जम्मा मासिक रु. १९,००० पारिश्रमिक उपलब्ध गराउँदै आएको छ । यसबाट प्रारम्भिक बालविकास सहजकर्ताको व्यवस्थापन तथा सेवा निरन्तरताका लागि उपमहानगरपालिकाले स्थानीय स्रोतबाट समेत महत्त्वपूर्ण वित्तीय लगानी गरिरहेको देखिन्छ । तर प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा व्यवस्थापनमा स्थानीय स्रोतबाट थप लगानी गर्नुपर्ने अवस्थाका कारण प्रारम्भिक बालविकासका कक्षाकोठा व्यवस्थापन, सिकाइ तथा खेल सामग्री, बालमैत्री वातावरण निर्माण, शिक्षक/सहजकर्ताको क्षमता विकास, अपाङ्गतामैत्री तथा पहुँचयुक्त संरचना, स्वच्छता तथा अन्य आवश्यक शैक्षिक व्यवस्थापनका लागि उपलब्ध बजेटमा थप दबाब परेको देखिन्छ । फलस्वरूप प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अन्य व्यवस्थापन पक्षमा पर्याप्त बजेट विनियोजन गर्न चुनौती रहेको अवस्था देखिन्छ ।

समग्रमा, तुलसीपुर उपमहानगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षामा बालबालिकाको सहभागिता उल्लेख्य रहे पनि उपयुक्त उमेरमा पहुँच, नियमित सहभागिता, समावेशिता, गुणस्तरीय प्रारम्भिक सिकाइ, सहजकर्ताको क्षमता विकास तथा आवश्यक भौतिक र शैक्षिक व्यवस्थापनलाई थप सुदृढ गर्नुपर्ने अवस्था रहेको छ । सङ्घीय सरकारबाट प्राप्त अनुदानसँगै उपमहानगरपालिकाले समेत सहजकर्ता व्यवस्थापनमा थप वित्तीय लगानी गर्दै आएको अवस्थामा प्रारम्भिक बालविकास तथा शिक्षाको समग्र गुणस्तर सुधारका लागि थप स्रोत परिचालन तथा बजेट व्यवस्थापन गर्नु आवश्यक देखिन्छ ।

तालिका नं. २०: उपमहानगरपालिकाको सूचकगत अवस्था

क्र.सं.	सूचकहरू	हालको अवस्था
१	प्रारम्भिक बालविकास तथा शिक्षामा कूल भर्ना दर	१२४.४
२	प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर	८४.७
३	प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना	६७.६
४	प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क	०.८

तालिका नं. २१: बालविकास केन्द्रको विवरण

	सामुदायिक	संस्थागत	जम्मा
बाल विकास केन्द्र	१४३	७०	२१३

तालिका नं. २२: बालविकास केन्द्र गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८२

बालविकास केन्द्रको प्रकार	छात्रा	छात्र	बालविकास केन्द्रमा अध्ययन गर्ने सङ्ख्या
सामुदायिक	७०७	८३६	१,५४३
संस्थागत	२,९६०	३,६६९	६,६२९
जम्मा	३,६६७	४,५०५	८,१७२

तालिका नं. २३: सहजकर्ता विवरण

	दरबन्दी			
क्रसं	तह	सङ्घीय अनुदान	पालिका अनुदान	जम्मा
१	वाविके	१४३	०	१४३

३.१.३ समस्या तथा चुनौतीहरू

तुलसीपुर उपमहानगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकास तथा विद्यालय शिक्षाको आधारका रूपमा लिइएको भए पनि यसको पहुँच, सहभागिता, समावेशिता, गुणस्तर तथा प्रभावकारितामा थप सुधार गर्नुपर्ने अवस्था रहेको छ। प्रारम्भिक बालविकास तहमा सामुदायिक तथा संस्थागत दुवै क्षेत्रबाट उल्लेख्य सङ्ख्यामा बालबालिका सहभागी भए पनि सबै बालबालिकालाई उपयुक्त उमेरमा प्रारम्भिक बालविकासको पहुँचमा ल्याउने, नियमित सहभागिता सुनिश्चित गर्ने तथा समान र गुणस्तरीय प्रारम्भिक सिकाइको अवसर प्रदान गर्ने विषयमा विभिन्न समस्या तथा चुनौतीहरू रहेका छन्। यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू निम्नानुसार छन् :

१. सबै प्रारम्भिक बालविकास केन्द्र तथा कक्षामा बालमैत्री, सुरक्षित, समावेशी तथा सिकाइ सामग्रीयुक्त कक्षाकोठाको पर्याप्त व्यवस्था हुन सकेको छैन।
२. प्रारम्भिक बालविकास सहजकर्ताहरूको निरन्तर क्षमता अभिवृद्धि, पेशागत विकास तथा आवश्यक तालिमको प्रभावकारी व्यवस्थापनमा चुनौती रहेको छ।
३. लक्षित उमेर समूहका सबै बालबालिकालाई उपयुक्त उमेरमै प्रारम्भिक बालविकास सेवाको पहुँचमा ल्याउन नसकिएकाले सबै बालबालिकाको समान सहभागिता सुनिश्चित गर्न चुनौती रहेको छ।
४. सामाजिक तथा आर्थिक रूपमा कमजोर परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिका तथा विभिन्न कारणले जोखिममा रहेका बालबालिकालाई प्रारम्भिक बालविकास सेवामा समेट्न तथा उनीहरूको नियमित सहभागिता सुनिश्चित गर्न चुनौती रहेको छ।
५. प्रारम्भिक बाल्यावस्थाको सिकाइ, विकास तथा विद्यालय शिक्षाको तयारीमा अभिभावकको भूमिकाबारे पर्याप्त सचेतना तथा सक्रिय सहभागिता अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन।
६. केही प्रारम्भिक बालविकास केन्द्रहरूमा बालबालिकाको उमेर तथा आवश्यकता अनुकूल बालमैत्री शौचालय, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरू पर्याप्त रूपमा उपलब्ध हुन सकेका छैनन्।
७. प्रारम्भिक बालविकास केन्द्र तथा कक्षामा बालबालिकाको विकासात्मक आवश्यकता अनुरूपका खेल सामग्री, सिकाइ सामग्री, चित्रात्मक तथा स्थानीय सामग्रीको पर्याप्त तथा नियमित उपलब्धतामा चुनौती रहेको छ।
८. प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक व्यवस्थापनमा उपमहानगरपालिकाले समेत स्थानीय स्रोतबाट थप वित्तीय लगानी गर्नुपर्ने भएकाले कक्षाकोठा व्यवस्थापन, सिकाइ सामग्री, पूर्वाधार तथा अन्य गुणस्तर सुधारका क्षेत्रमा आवश्यक बजेट व्यवस्थापनमा चुनौती रहेको छ।
९. प्रारम्भिक बालविकास तथा शिक्षामा अपाङ्गता भएका बालबालिका लगायत सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने समावेशी वातावरण निर्माण तथा आवश्यक सहयोग र सहायक सामग्रीको व्यवस्थापनमा थप सुधार आवश्यक रहेको छ।
१०. प्रारम्भिक बालविकास कक्षाबाट कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको सिकाइ निरन्तरता तथा प्रारम्भिक सिकाइ अनुभवलाई विद्यालय शिक्षासँग प्रभावकारी रूपमा जोड्न आवश्यक समन्वय तथा सहजीकरण पर्याप्त रूपमा हुन सकेको छैन।
११. प्रारम्भिक बालविकास कार्यक्रमको नियमित अनुगमन, प्राविधिक सहजीकरण तथा गुणस्तर सुनिश्चितताका लागि स्थानीय तह तथा विद्यालयस्तरको संस्थागत क्षमता थप सुदृढ गर्न आवश्यक रहेको छ।
१२. सामुदायिक तथा संस्थागत प्रारम्भिक बालविकास सेवाबिच गुणस्तर, सिकाइ वातावरण तथा स्रोत–साधनको उपलब्धतामा देखिन सक्ने असमानतालाई सम्बोधन गरी सबै बालबालिकाका लागि समान र गुणस्तरीय अवसर सुनिश्चित गर्न चुनौती रहेको छ।

३.१.४ लक्ष्य

तुलसीपुर उपमहानगरपालिकाभित्रका सबै बालबालिकालाई समावेशी, बालमैत्री, सुरक्षित तथा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा समान पहुँच, सहभागिता र निरन्तरताको अवसर सुनिश्चित गर्दै उनीहरूको सर्वाङ्गीण विकास, प्रारम्भिक सिकाइ तथा विद्यालय शिक्षाका लागि आवश्यक आधार सुदृढ गर्ने।

३.१.५ उद्देश्यहरू

१. चार वर्ष उमेर पूरा गरेका सबै बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासलाई प्रवर्द्धन गर्दै प्रारम्भिक बालविकास तथा शिक्षामा समान र सहज पहुँच सुनिश्चित गर्नु।
२. प्रारम्भिक बालविकास केन्द्रहरूमा आवश्यक पूर्वाधार, सिकाइ सामग्री, सक्षम जनशक्ति तथा प्रभावकारी व्यवस्थापनमार्फत गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु।
३. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सबै बालबालिकालाई आधारभूत शिक्षाका लागि तयार गरी कक्षा १ मा भर्ना तथा नियमित सहभागिता सुनिश्चित गर्नु।
४. प्रारम्भिक बालविकास तथा शिक्षाप्रति अभिभावक र समुदायको सचेतना तथा सहभागिता अभिवृद्धि गर्दै बालबालिकाको सिकाइ र विकासमा सहयोगी वातावरण निर्माण गर्नु।
५. प्रारम्भिक बालविकास तथा शिक्षामा समावेशिता, समानता र बालमैत्री अभ्यासलाई प्रवर्द्धन गरी सबै बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनु।

३.१.६ रणनीतिहरू

१. तुलसीपुर उपमहानगरपालिकाभित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्न प्रचलित कानुनी व्यवस्था, राष्ट्रिय मापदण्ड तथा स्वीकृत पाठ्यक्रमअनुसार प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूको सञ्चालन र व्यवस्थापन गर्ने।
२. प्रारम्भिक बालविकास सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता, पेशागत दक्षता तथा तालिमलाई प्राथमिकता दिँदै सक्षम र दक्ष जनशक्तिमार्फत गुणस्तरीय प्रारम्भिक बालविकास सेवा प्रवाह सुनिश्चित गर्ने।
३. बालबालिकाको सङ्ख्या, केन्द्रको अवस्था तथा सेवा आवश्यकताका आधारमा उपयुक्त सहजकर्ता–बालबालिका अनुपात कायम गर्दै बालबालिकाको सक्रिय सहभागिता र प्रभावकारी सिकाइ सहजीकरणको व्यवस्था गर्ने।
४. आर्थिक, सामाजिक, अपाङ्गता, लैङ्गिक, भौगोलिक वा अन्य कारणले प्रारम्भिक बालविकास सेवाबाट वञ्चित वा जोखिममा रहेका बालबालिकाको पहिचान गरी उनीहरूको भर्ना, पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्ने।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारिता र गुणस्तर अभिवृद्धिका लागि अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति, स्थानीय सङ्घसंस्था, गैरसरकारी तथा निजी क्षेत्रलगायत सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने।
६. प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक व्यवस्थापनमा सङ्घीय सरकारबाट प्राप्त अनुदानसँगै उपमहानगरपालिकाबाट हुने थप लगानीलाई व्यवस्थित गर्दै स्थानीय स्रोत, साधन तथा साझेदारीको अधिकतम परिचालन गरी प्रारम्भिक बालविकासको समग्र गुणस्तर सुधारमा स्रोत परिचालन गर्ने।
७. उपमहानगरपालिकाभित्रका प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूको अवस्थाको नियमित नक्साङ्कन तथा आवश्यकता विश्लेषण गरी बालबालिकाको सङ्ख्या, भौगोलिक अवस्था तथा सेवाको मागका आधारमा केन्द्रहरूको प्रभावकारी व्यवस्थापन तथा आवश्यक स्थानमा सेवा विस्तार गर्ने।

८. प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूमा बालमैत्री, सुरक्षित, समावेशी तथा सिकाइमैत्री वातावरण निर्माण गर्न आवश्यक पूर्वाधार, कक्षाकोठा, शैक्षिक तथा खेल सामग्री, खानेपानी, शौचालय, सरसफाइ तथा अपाङ्गतामैत्री सुविधाको क्रमिक रूपमा व्यवस्थापन गर्ने।

९. प्रारम्भिक बालविकास सहजकर्ताको निरन्तर पेशागत विकासका लागि आवश्यक तालिम, क्षमता विकास तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्नुका साथै प्रारम्भिक बालविकास कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणको व्यवस्था गर्ने।

१०. प्रारम्भिक बालविकास तहबाट कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्न प्रारम्भिक बालविकास र विद्यालय तहबिच समन्वय तथा सहकार्य सुदृढ गर्ने।

११. प्रारम्भिक बाल्यावस्थाको सिकाइ तथा विकाससँग सम्बन्धित स्वास्थ्य, पोषण, सरसफाइ, संरक्षण तथा मनोसामाजिक सहयोगका सेवाबिच समन्वय र एकीकरण गरी बालबालिकाको सर्वाङ्गीण विकास प्रवर्द्धन गर्ने।

१२. अभिभावक तथा समुदायमा प्रारम्भिक बालविकासको महत्त्व, बालबालिकाको उमेरअनुकूल विकास, घरमा सिकाइ सहजीकरण तथा नियमित सहभागितासम्बन्धी सचेतना अभिवृद्धि गरी प्रारम्भिक सिकाइमा अभिभावकीय सहभागिता बढाउने।

३.१.६ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।
२. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	प्रारम्भिक बालविकासमा कूल भर्ना सङ्ख्या	सङ्ख्या	८,१७२	८,२००	८,२३५	८,१५०	८,१९०
२	न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या	सङ्ख्या	१४३	१४३	१४३	१४३	१४३
३	प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने	प्रतिशत	९३.४	९५.६	९७.८	९९.०	१००.००
४	भौगोलिक दुरी रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई समेट्न आवश्यकतामा आधारित जस्तैः टोलमा आधारित, समुदायमा आधारित, तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने ।	सङ्ख्या	०	०	०	५	५
५	प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, धार्मिक संस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।	सङ्ख्या	१४३	१४३	१४३	१४३	१४३

३.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण	पटक	०	१	०	१	०	२	
२	बालबिकास केन्द्र सत्यापन कार्यक्रम सञ्चालन	पटक	०	१	०	०	०	१	
३	नमुना बालविकास निर्माण तथा बालविकास सहजकर्ताको क्षमता विकास	पटक	५	५	५	५	५	२५	
४	बालविकास केन्द्रमा अपाङ्गता पहिचान	जना	१,५४३	१,५५८	१,५७४	१,५९०	१,६०६	७,८७१	सामुदायिक पा.वि.के
५	बालविकास केन्द्रमा विद्यार्थी पोर्टफोलियो व्यवस्थापन	निरन्तर	१	१	१	१	१	५	
६	पाठ्यक्रम प्रबोधीकरण	पटक	०	०	१	०	१	२	
७	बालविकासका बालबालिकाहरूलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था	जना	१,५४३	१,५५८	१,५७४	१,५९०	१,६०६	७,८७१	
८	पूर्वाधार,सिकाइ क्षेत्र,केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन	केन्द्र सङ्ख्या	१४३	१४३	१४३	१४३	१४३	१४३	
९	प्रारम्भिक बालविकास सहजकर्ता व्यवस्थापन	सङ्ख्या	१४३	१४३	१४३	१४३	१४३	१४३	

३.२ आधारभूत शिक्षा

३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सबै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पूर्वाधारको रूपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गीण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको राष्ट्रिय पूँजी हो जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति

उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पूँजी निर्माण हो । त्यस्तो पूँजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ ।शिक्षाका उल्लेखित मार्गदर्शन पूरा गर्ने आधार आधारभूत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो ।आधारभूत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनी व्यवस्था शिक्षा सम्बन्धी योजना कार्यक्रम आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।

३.२.२ वर्तमान अवस्था

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधान २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिलबमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनुसूची ८ खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षासम्बन्धी व्यवस्था स्थानीय तहको अधिकारक्षेत्रभित्र राखिएको छ। संविधानको अनुसूची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। शिक्षा ऐन २०२८ संशोधनसहित, शिक्षा नियमावली संशोधनसहित २०५९, शिक्षक सेवा आयोगको नियमावली संशोधनसहित २०५७ को व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। दिगो विकासको चौथो लक्ष्यको रूपमा गुणस्तरीय शिक्षा रहेको छ। सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनिश्चितता गर्ने। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। चालू १६औँ पञ्चवर्षीय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवर्द्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस उपमहानगरपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ :

तालिका नं. २४: उपमहानगरपालिकामा भएका तथ्यगत तथ्याङ्क

क्र.सं.	सूचक	तुलसीपुर उ.म.न.पाको हालको अवस्था
१	कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर	९३.४
२	कक्षा १ मा भर्ना भएका विद्यार्थीको कूल प्रवेशदर	२१०.९
३	आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर	९३.७
४	आधारभूत तह कक्षा १ देखि ५ को कूल भर्ना दर	१४०.४
५	आधारभूत तह कक्षा १ देखि ५ को टिकाउ दर	८७.६
६	५ देखि १२ वर्षसम्म विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या	२३२३
७	आधारभूत तह कक्षा १–५ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	०.८३
८	आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर	९३.४
९	आधारभूत तह कक्षा १ देखि ८ को कूल भर्ना दर	१३२.८
१०	आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर	८६.८
११	आधारभूत तह (कक्षा १–८) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	०.८५

१२	आधारभूत तह कक्षा १ देखि १० को टिकाउ दर	६६.७
१३	कक्षा चढ्ने दर १ देखि ५	९१.४
१४	कक्षा चढ्ने दर ६ देखि ८	९२.४
१५	कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५	२.३
१६	कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८	२.९
१७	कक्षा छाड्ने दर कक्षा १ देखि ५	६.३
१८	कक्षा छाड्ने दर कक्षा ६ देखि ८	४.७
१९	प्राथमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	१६.९
२०	प्राथमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	१५.४
२१	निम्न माध्यमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	५१.२
२२	निम्न माध्यमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	३१.८

तालिका नं. २५: स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्था:

सामुदायिक				
क्र.स	आधारभूत	कक्षा १–३	कक्षा १–५	कक्षा १–८
१.	४१	५	२६	१०

तालिका नं. २६: स्थानीय तहको आधारभूत तहमा विद्यार्थी सङ्ख्या :

सामुदायिक				संस्थागत		
क्र.स	आधारभूत	कक्षा १–५	कक्षा ६–८	आधारभूत	कक्षा १–५	कक्षा ६–८
१.	९,९३०	५,१६२	४,७६८	२९,६३५	२०,३४३	९,२९२

तालिका नं. २७: शैक्षिक वर्ष २०८३ को अधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या (सामुदायिक, र संस्थागत समेत)

कक्षा/तह	जम्मा विद्यार्थी			सामुदायिक			संस्थागत		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
कक्षा १-५	११,४९६	१४,००९	२५,५०५	२,५४९	२,६१३	५,१६२	८,९४७	११,३९६	२०,३४३
कक्षा ६-८	६,३६०	७,७००	१४,०६०	२,४०८	२,३६०	४,७६८	३,९५२	५,३४०	९,२९२
जम्मा	१७,८५६	२१,७०९	३९,५६५	४,९५७	४,९७३	९,९३०	१२,८९९	१६,७३६	२९,६३५

आधारभूत तहको शिक्षामा आर्थिक तथा सामाजिक अवस्थाका कारण पहुँच र सहभागितामा असमानता रहेको देखिन्छ । विशेषगरी विपन्न तथा दलित बालबालिकाको विद्यालय पहुँच र सिकाइ निरन्तरतामा चुनौती रहेको छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई थप बालमैत्री, सुरक्षित र समावेशी बनाउन तथा पोषण, स्वास्थ्य, सरसफाइ र दिवा खाजाजस्ता सेवाको गुणस्तर थप

सुधार गर्न आवश्यक देखिन्छ । साथै, योग्य तथा दक्ष शिक्षकको व्यवस्थापन, प्रधानाध्यापकको शैक्षिक नेतृत्व, शिक्षकको पेशागत विकास, प्रभावकारी अनुगमन–सुपरीवेक्षण तथा विद्यालय व्यवस्थापनमा सुधार आवश्यक छ । प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिकाइ कमजोर हुनु, विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने समस्या र विपद् तथा सङ्कटमा सिकाइ निरन्तरताको चुनौतीलाई सम्बोधन गर्नुपर्ने देखिन्छ । साथै, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, अभिभावकको सहभागिता तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घको सक्रियता बढाउँदै आधारभूत तहको पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्न आवश्यक छ।

३.२.३ समस्या र चुनौतीहरू

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने ।
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने ।
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने ।
८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने ।
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने ।
१०. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने ।
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने ।
१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने ।
१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने ।
१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने ।

३.२.४ उद्देश्यहरू

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच रसहभागिता सुनिश्चित गर्नु ।
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठनसिप अभिवृद्धि गर्नु ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ।
४. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।
५. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु ।
६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणबालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
७. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु ।
८. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।
९. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।
१०. अन्तरसम्बन्धित विषयबस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

३.२.५ रणनीतिहरू

१. विद्यालयको आवश्यकता र पहुँचका आधारमा विद्यालय नक्साङ्कन गर्ने ।
२. विद्यार्थी सङ्ख्या तथा भौगोलिक अवस्थाका आधारमा विद्यालय पुनर्वितरण तथा समायोजन गर्ने ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्थानीय कानुनी व्यवस्था गर्ने ।
४. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत सुनिश्चित गर्ने ।
५. प्रारम्भिक कक्षा पढाइ तथा आधारभूत सिकाइ सीप विकासका कार्यक्रम सञ्चालन गर्ने ।
६. विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
७. न्यूनतम सिकाइ उपलब्धि हासिल भए/नभएको नियमित रूपमा मूल्याङ्कन गर्ने ।
८. शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति उत्तरदायी बनाउने ।
९. विद्यालयमा खानेपानी, शौचालय, सरसफाइ तथा आवश्यक न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
१०. विद्यालयमा बालमैत्री, समावेशी, सुरक्षित तथा सिकाइमैत्री वातावरण निर्माण गर्ने ।
११. सबै विद्यालयमा आवश्यक न्यूनतम शैक्षिक तथा भौतिक मापदण्ड पूरा गर्ने व्यवस्था मिलाउने ।
१२. विद्यार्थीको आवश्यकता र सिकाइस्तरअनुसार शिक्षण–सिकाइ विधिमा सुधार गर्ने ।
१३. कक्षा ३ सम्म कक्षा शिक्षण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
१४. शिक्षकका लागि आवश्यक तालिम, क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
१५. मूल्याङ्कनलाई नियमित शिक्षण–सिकाइ प्रक्रियासँग एकीकृत गर्ने ।
१६. सिकाइमा पछाडि परेका विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग तथा सुधारात्मक सिकाइको व्यवस्था गर्ने ।
१७. कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।
१८. शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास तथा उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्ने ।
१९. विद्यालयमा शैक्षिक तथा आवश्यक मनोसामाजिक परामर्श सेवाको व्यवस्था गर्ने ।
२०. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने ।
२१. विद्यालय शिक्षालाई समावेशी, समतामूलक तथा स्थानीय भाषिक–सामाजिक–सांस्कृतिक विविधतामैत्री बनाउने ।
२२. प्रकोप, सङ्कट तथा महामारीका अवस्थामा समेत सिकाइ निरन्तर हुने गरी उत्थानशील शिक्षा योजना कार्यान्वयन गर्ने ।
२३. शिक्षण–सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी सिकाइलाई सहज र प्रभावकारी बनाउने ।
२४. दैनिक जीवनमा आवश्यक व्यवहारकुशल सीपलाई शिक्षण–सिकाइ प्रक्रियामा समावेश गर्ने ।
२५. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी उपयुक्त सिकाइ सामग्री, विधि तथा क्रियाकलापको प्रयोग गर्ने ।
२६. आवश्यकता र विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने ।
२७. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यवस्थापन प्रणाली सुदृढ गर्ने ।
२८. विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी जवाफदेहिता कायम गर्ने ।
२९. शिक्षकको पेशागत विकास, निरन्तर सहयोग तथा सहजीकरण प्रणालीलाई व्यवस्थित बनाउने ।

३.२.६ प्रमुख उपलब्धि र नतिजा

क) उपलब्धि:

अनिवार्य नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	सबै बालबालिकाको आधारभूत शिक्षामा खुद भर्नादर	प्रतिशत	९३.४	९४.९	९६.५	९८.०	९९.०
२	बालबालिकाको न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने विद्यालय सङ्ख्या	सङ्ख्या	८	८	८	८	९
३	सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुने	सङ्ख्या	८	८	८	८	९
४	न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइसामग्रीको उपलब्धता भएको हुने विद्यालय सङ्ख्या	सङ्ख्या	५	८	१०	१२	६

३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	सबै बालबालिकालाई विद्यालय भर्ना अभियान सञ्चालन गर्ने	पटक	१	१	१	१	१	५	
२	विद्यालय सत्यापन कार्यक्रम सञ्चालन	पटक	०	१	०	०	०	१	

३	दरबन्दी मिलान र पुनर्वितरण तथा समायोजन गर्ने	पटक	०	१	१	१	१	४	
४	शिक्षक क्षमता विकास गर्ने(१-३,४ -५,६ - ८,तीन तहमा)	पटक	१	१	१	१	१	५	
५	व्यवस्थित परीक्षा प्रणाली र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने	पटक	३	३	३	३	३	१५	
६	अपाङ्गता, छात्रा र विपन्नका लागि छात्रवृत्ति व्यवस्था गर्ने	बालबालिका सङ्ख्या	१२,२४४	१२,३६६	१२,४९०	१२,६१५	१२,७४१	६२,४५७	
७	विव्यस, शिअसङ्का पदाधिकारीहरूको क्षमता विकास गर्ने	पटक	१	१	१	१	१	५	
८	अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने	पटक	०	१	१	१	१	४	
९	उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने	सङ्ख्या	३	३	३	३	३	१५	
१०	कक्षा १-३ मा बालमैत्री कक्षा व्यवस्थापन गर्ने	कक्षा सङ्ख्या	१०	१०	१०	१०	१०	५०	
११	हरित विद्यालय व्यवस्थापन गर्ने	विद्यालय सङ्ख्या	८	८	८	८	८	४०	
१२	सिकाइ कुना (Book Corner) निर्माण तथा पुस्तक सहयोग कक्षा १- ३	सङ्ख्या	१३	१३	१४	१४	१४	६८	
१३	अतिरिक्त/बुस्टर कक्षा सञ्चालन	वार्षिक	१	१	१	१	१	५	

३.३ माध्यमिक शिक्षा

३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले कक्षा १-८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। माध्यमिक तहको शिक्षाको कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकारक्षेत्रभित्र रहने व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ । विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधरण र प्राविधिक गरी दुई धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । प्राविधिक धारका विद्यालयहरू कक्षा नौदेखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ

३.३.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकामा माध्यमिक तहको शिक्षामा बालबालिकाको पहुँच समग्र रूपमा राम्रो रहेको देखिन्छ । उपमहानगरपालिकाभित्र कूल ८४ वटा माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्, जसमध्ये कक्षा १–१० सञ्चालित ५८ वटा र कक्षा १–१२ सञ्चालित २६ वटा रहेका छन् । सामुदायिकतर्फ कक्षा १–१० सञ्चालित १२ वटा र कक्षा १–१२ सञ्चालित १५ वटा गरी जम्मा २७ वटा माध्यमिक विद्यालय रहेका छन् । संस्थागत विद्यालयहरूको समेत उल्लेख्य उपस्थिति रहेकाले माध्यमिक तहमा विद्यार्थीका लागि विद्यालय छनोट तथा पहुँचका अवसर पर्याप्त रहेको देखिन्छ ।

तुलसीपुर उपमहानगरपालिकामा माध्यमिक तहमा कूल १४,०७८ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यसमध्ये कक्षा ९–१० मा ८,४०९ जना र कक्षा ११–१२ मा ५,६६९ जना विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयतर्फ कक्षा ९–१० मा ३,५२२ जना र कक्षा ११–१२ मा २,२८२ जना विद्यार्थी अध्ययनरत रहेका छन् । तुलसीपुर उपमहानगरपालिका शैक्षिक केन्द्रका रूपमा विकसित हुँदै गएकाले माध्यमिक तहको शिक्षाका लागि छिमेकी स्थानीय तह तथा जिल्लाबाट समेत विद्यार्थीहरू आउने गरेको पाइन्छ । यद्यपि, SEE पश्चात् उच्च शिक्षा तथा रोजाइका विषय अध्ययनका लागि केही विद्यार्थीहरू अन्य जिल्ला तथा ठूला शैक्षिक केन्द्रतर्फ जाने प्रवृत्ति पनि रहेको छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भए तापनि अतिरिक्त कक्षा, स्टेशनरी सामग्री, कापी–कलम, पोसाक, झोला, यातायात तथा अन्य शैक्षिक आवश्यकतामा हुने खर्चले विपन्न तथा न्यून आय भएका परिवारका बालबालिकामाथि थप आर्थिक भार पर्ने गरेको छ । आर्थिक तथा सामाजिक रूपमा कमजोर परिवारका बालबालिकामा नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा तह पूरा गर्ने कार्यमा चुनौती देखिन्छ । बालश्रम, पारिवारिक आर्थिक अवस्था, घरायसी जिम्मेवारी, अभिभावकीय सहयोगको कमी तथा किशोरावस्थाका विभिन्न सामाजिक कारणले समेत केही बालबालिकाको माध्यमिक शिक्षा निरन्तरतामा असर पर्न सक्ने अवस्था रहेको छ ।

सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापनको अवस्था पनि माध्यमिक शिक्षाको गुणस्तर सुधारका लागि महत्त्वपूर्ण चुनौतीका रूपमा देखिन्छ । स्वीकृत दरबन्दीका आधारमा शिक्षक–विद्यार्थी अनुपात हेर्दा कक्षा ९–१० मा १:५९.६९ र कक्षा ११–१२ मा १:७६०.६६ रहेको देखिन्छ । त्यसैगरी, हाल कार्यरत (मौजुदा) शिक्षक सङ्ख्याका आधारमा कक्षा ९–१० मा शिक्षक–विद्यार्थी अनुपात १:३०.६२ र कक्षा ११–१२ मा १:९९.२१ रहेको छ । यसबाट विशेषगरी कक्षा ११–१२ तर्फ स्वीकृत दरबन्दी तथा मौजुदा शिक्षक सङ्ख्याको अवस्था अत्यन्त न्यून रहेको देखिन्छ । विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा तथा विषयगत आवश्यकताका आधारमा पर्याप्त शिक्षक उपलब्ध नहुँदा विषयगत शिक्षण, नियमित कक्षा सञ्चालन, अतिरिक्त तथा उपचारात्मक सिकाइ र विद्यार्थीको व्यक्तिगत सिकाइ

आवश्यकतालाई सम्बोधन गर्न कठिनाइ हुन सक्ने देखिन्छ । त्यसैले माध्यमिक तह, विशेषगरी कक्षा ११–१२ का लागि विषयगत शिक्षकको आवश्यकता पहिचान गरी शिक्षक दरबन्दी तथा शिक्षक व्यवस्थापनलाई विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा पुनरावलोकन तथा समायोजन गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयतर्फ विद्यालयको पहुँच राम्रो भए पनि अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न अझै सुधार आवश्यक देखिन्छ । विद्यार्थीको सिकाइस्तरमा विविधता, विषयगत तथा दक्ष शिक्षकको उपलब्धता, प्रभावकारी शिक्षण–सिकाइ विधि, नियमित उपचारात्मक तथा अतिरिक्त सिकाइ सहयोग, प्रयोगात्मक शिक्षण र सूचना प्रविधिको प्रभावकारी प्रयोगमा थप सुधार आवश्यक छ । साथै, माध्यमिक तहमा विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न तथा सिकाइ उपलब्धि अभिवृद्धि गर्न करियर परामर्श, मनोसामाजिक सहयोग, जीवनोपयोगी सीप तथा प्राविधिक र व्यावसायिक शिक्षासँगको सम्बन्धलाई थप सुदृढ गर्नुपर्ने देखिन्छ ।

समग्रमा, तुलसीपुर उपमहानगरपालिकामा माध्यमिक शिक्षाको भौतिक पहुँच र विद्यालय उपलब्धताको अवस्था राम्रो भए पनि शिक्षक व्यवस्थापन, आर्थिक रूपमा कमजोर बालबालिकाको निरन्तरता, सिकाइ उपलब्धि तथा गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्न थप प्रयास आवश्यक रहेको देखिन्छ । विशेषगरी सामुदायिक विद्यालयमा पर्याप्त तथा विषयगत शिक्षकको व्यवस्थापन, शिक्षण–सिकाइको गुणस्तर सुधार, शिक्षकको पेशागत क्षमता विकास, विद्यालयमा सुरक्षित तथा बालमैत्री वातावरण निर्माण र माध्यमिक शिक्षापछि स्थानीयस्तरमै गुणस्तरीय तथा विविध शैक्षिक अवसर विस्तारमा ध्यान दिनुपर्ने देखिन्छ ।

माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस उपमहानगरपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ ।

तालिका नं. २८: उपमहानगरपालिकामा भएका तथ्यगत तथ्याङ्क

क्र.सं.	सूचक	तुलसीपुर उ.म.न.पाको हालको अवस्था
१	माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर	७०.१
२	माध्यमिक तहको कक्षा ९ देखि १० को कूल भर्ना दर	१०७.२
३	माध्यमिक तह (कक्षा ९–१०) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	१.०
४	माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर	५३.३
५	माध्यमिक तहको कक्षा ११ देखि १२ को कूल भर्ना दर	५८.७
६	माध्यमिक तह (कक्षा ११–१२) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	१.२
७	माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर	६१.६
८	माध्यमिक तहको कक्षा ९ देखि १२ को कूल भर्ना दर	८२.६
९	माध्यमिक तहको कक्षा ९–१२ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	१.०
१०	कक्षा चढ्ने दर ९ देखि १०	९५.९
११	कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १०	१.५
१२	कक्षा छाड्ने दर कक्षा ९ देखि १०	२.६
१३	माध्यमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	४२.५
१४	माध्यमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	३५.१
१५	उच्च माध्यमिक तहमा स्विकृत शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	७७.२

१६	उच्च माध्यमिक तहमा जम्मा उपलब्ध शिक्षकको आधारमा विद्यार्थी शिक्षक अनुपात	६१.१

तालिका नं. २९: स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्था:

क्र.सं	शैक्षिक संस्थाको विवरण	सामुदायिक	संस्थागत	धार्मिक	जम्मा
१	कक्षा १-१० सम्म सञ्चालित	१२	४६	०	५८
२	कक्षा १-१२ सम्म सञ्चालित	१५	११	०	२६

तालिका नं. ३०: स्थानीय तहको माध्यमिक तहमा विद्यार्थी सङ्ख्या :

सामुदायिक				संस्थागत		
क्र.स	माध्यमिक	कक्षा ९–१०	कक्षा ११–१२	माध्यमिक	कक्षा ९–१०	कक्षा ११–१२
१.	५८०४	३५२२	२२८२	८२७४	४८८७	३३८७

तालिका नं. ३१: माध्यमिक तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ

क्र.सं.	किसिम	मा.वि.	उच्च मा.वि	जम्मा	कैफियत
१	बालविकास शिक्षक				
२	स्वीकृत दरबन्दी	५९	३	६२	
३	राहत	१७	१६	३३	
४	सङ्घीय अनुदान	१३		१३	
५	पालिका अनुदान	२२		२२	
	विशेष शिक्षा				
६	प्राविधिक धार (सहायक प्रशिक्षक)	२	२		
७	प्राविधिक धार (प्रशिक्षक)	२	२		
जम्मा		११५	२३	१३०	

तालिका नं. ३२: शैक्षिक वर्ष २०८३ को माध्यमिक तहमा जम्मा विद्यार्थी सङ्ख्या

कक्षा/तह	जम्मा विद्यार्थी			सामुदायिक			संस्थागत		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
कक्षा ९-१०	४,०९८	४,३११	८,४०९	१,९०२	१,६२०	३,५२२	२,१९६	२,६९१	४,८८७
कक्षा ११-१२	३,०४०	२,६२९	५,६६९	१,३३६	९४६	२,२८२	१,७०४	१,६८३	३,३८७
जम्मा	७,१३८	६,९४०	१४,०७८	३,२३८	२,५६६	५,८०४	३,९००	४,३७४	८,२७४

३.३.३ समस्या र चुनौतीहरू

१. सामुदायिक विद्यालयमा पाठगत तथा विषयगत शिक्षण सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापन अपेक्षाकृत कमजोर रहेको।
२. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला उपलब्ध भए पनि नियमित तथा प्रभावकारी रूपमा प्रयोग हुन नसकेको।
३. सबै माध्यमिक विद्यालयमा पर्याप्त तथा व्यवस्थित पुस्तकालयको व्यवस्था र प्रयोगमा कमी रहेको।
४. माध्यमिक तहका केही विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसकेको तथा सिकाइ स्तर कमजोर रहेको।
५. विद्यालयमा उपलब्ध कम्प्युटर, ल्यापटप, प्रोजेक्टर तथा अन्य सूचना प्रविधिका साधनलाई नियमित रूपमा शिक्षण–सिकाइमा प्रयोग गर्न नसकिएको।
६. सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक कम्प्युटर, प्रिन्टर, प्रोजेक्टरलगायतका सूचना प्रविधिसम्बन्धी उपकरण पर्याप्त रूपमा व्यवस्थापन हुन नसकेको।
७. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूको शैक्षिक नेतृत्व, व्यवस्थापन र पेशागत क्षमता विकासमा अपेक्षित सुधार हुन नसकेको।
८. सामुदायिक विद्यालयमा खेलकुद, संगीत, कला तथा अन्य सिर्जनात्मक क्रियाकलापका लागि आवश्यक सामग्री तथा शिक्षकको क्षमता विकासका अवसर पर्याप्त नहुँदा विद्यार्थीको सर्वाङ्गीण विकासमा चुनौती रहेको।
९. माध्यमिक विद्यालयको नियमित अनुगमन, निरीक्षण, शैक्षिक सहयोग तथा परामर्श प्रणाली अपेक्षाकृत कमजोर रहेको।
१०. सबै माध्यमिक विद्यालयमा नर्सिङ सेवासहितको प्राथमिक उपचार कक्षको व्यवस्था हुन नसकेको।
११. गणित तथा सामाजिक विषयका प्रयोगात्मक सिकाइका लागि आवश्यक प्रयोगशाला, संगीत तथा कला सामग्री, खेलकुद सामग्री र सिर्जनात्मक सिकाइका लागि आवश्यक स्रोतको कमी रहेको।
१२. अधिकांश विद्यालयमा व्यवस्थित तथा पर्याप्त खेलमैदानको अभाव रहेको।
१३. शिक्षक रोष्टर/बैंक गठन भए पनि आवश्यकता र विषयगत मागका आधारमा शिक्षकलाई प्रभावकारी रूपमा परिचालन गर्न नसकिएको।
१४. प्रविधिमैत्री तथा डिजिटल शिक्षण–सिकाइको आवश्यकता बढ्दै गए पनि उपलब्ध सूचना प्रविधिको प्रभावकारी र नियमित प्रयोग अझै अपेक्षित रूपमा हुन नसकेको।
१५. माध्यमिक तहमा सिकाइमा कमजोर रहेका विद्यार्थीका लागि नियमित अतिरिक्त कक्षा, उपचारात्मक तथा सहयोगात्मक सिकाइको पर्याप्त व्यवस्था गर्न नसकिएको।
१६. माध्यमिक तहमा विषयगत शिक्षकको आवश्यकता र उपलब्धताबिच असन्तुलन रहेको, विशेष गरी उच्च माध्यमिक तहमा पर्याप्त शिक्षक व्यवस्थापन चुनौतीपूर्ण रहेको।
१७. आर्थिक तथा सामाजिक रूपमा विपन्न बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निरन्तरता दिन आवश्यक शैक्षिक सामग्री, पोसाक, झोला, स्टेशनरीलगायतका सहयोग पर्याप्त रूपमा उपलब्ध गराउन नसकिएको।
१८. विद्यालयको पहुँच राम्रो भए पनि केही बालबालिकामा आर्थिक अवस्था, घरायसी जिम्मेवारी, बालश्रम तथा अन्य सामाजिक कारणले नियमित उपस्थिति र शिक्षा निरन्तरतामा चुनौती रहेको।
१९. माध्यमिक तहमा करियर परामर्श, मनोसामाजिक परामर्श तथा जीवनोपयोगी सीपसम्बन्धी कार्यक्रम पर्याप्त रूपमा सञ्चालन हुन नसकेको।
२०. विद्यालयमा उपलब्ध भौतिक तथा शैक्षिक स्रोतसाधनको प्रभावकारी उपयोग, संरक्षण तथा व्यवस्थापनका लागि पर्याप्त संस्थागत क्षमता विकास हुन नसकेको।

३.३.४ उद्देश्यहरू

यस योजनाले तुलसीपुर उपमहानगरपालिकाको माध्यमिक शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री बनाउने उद्देश्यका साथ निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छः

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाको समान तथा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. माध्यमिक तहमा विषयगत सिकाइ उपलब्धि तथा विद्यार्थीको सिकाइस्तरमा सुधार गर्नु।
३. माध्यमिक शिक्षाको समग्र गुणस्तर अभिवृद्धि गर्नु।
४. माध्यमिक तहको खुद भर्नादर तथा विद्यालयमा विद्यार्थीको निरन्तरता बढाउनु।
५. विद्यालयलाई बालमैत्री, समावेशी, सुरक्षित तथा सिकाइमैत्री बनाउनु।
६. विद्यालय प्रशासन तथा व्यवस्थापन प्रणालीलाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउनु।
७. शिक्षण–सिकाइ प्रक्रियालाई समयसापेक्ष, व्यवहारिक, प्रविधिमैत्री तथा दैनिक जीवनसँग सम्बन्धित बनाउनु।
८. विपद्, सङ्कट तथा महामारीका अवस्थामा समेत शिक्षण–सिकाइलाई निरन्तरता दिन सक्ने प्रणाली विकास गर्नु।
९. माध्यमिक तहमा विषयगत शिक्षकको पर्याप्तता सुनिश्चित गर्दै शिक्षकको पेशागत विकास तथा वृत्ति विकासका अवसर विस्तार गर्नु।
१०. विद्यालय नक्साङ्कन तथा आवश्यकताका आधारमा विद्यालयको स्थापना, पुनर्वितरण, समायोजन तथा व्यवस्थापन गर्नु।
११. आवश्यकता र भौगोलिक अवस्थाका आधारमा आवासीय तथा यातायात सुविधाको विस्तार गरी विद्यालय पहुँच सुनिश्चित गर्नु।
१२. स्थानीय आवश्यकता तथा विद्यार्थीको रुचिअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र व्यवस्थापन गर्नु।
१३. विद्यार्थीमा भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी तथा अन्य विपद्का समयमा सुरक्षित रहने, जोखिम न्यूनीकरण गर्ने र सहयोगी व्यवहार विकास गर्ने क्षमता अभिवृद्धि गर्नु।
१४. विद्यालयमा पोषण, स्वास्थ्य, सरसफाइ तथा सुरक्षित व्यवहारसम्बन्धी सचेतना र अभ्यासमा सुधार ल्याउनु।
१५. सिकाइमा कमजोर विद्यार्थीका लागि अतिरिक्त तथा उपचारात्मक कक्षाको व्यवस्था गरी सिकाइ उपलब्धिमा सुधार गर्नु।
१६. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग विस्तार गरी प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण विकास गर्नु।

३.३.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गर्ने।
२. अति गरिब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने।
३. नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिनेछ।
४. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गर्ने।
५. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेसागत र पुनर्ताजगी तालिमको व्यवस्था गर्ने।
६. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गर्ने।
७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गर्ने।
८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन् प्रणालीको व्यवस्थापन गर्ने।
९. गरेर सिक्ने (learning by doing) को मान्यतालाई प्रयोगमा ल्याइने।
१०. सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने।
११. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गर्ने।
१२. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिने।
१३. अवासिय विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइने छ।
१४. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।
१५. सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गर्ने।
१६. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप (संगीत, नृत्य, गायन, खेलकुद आदि) को स्तरन्नोति गर्न शिक्षकको व्यवस्थापन गर्ने।
१७. सुविधासम्पन्न वालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गर्ने।

१८. घेराबार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिने।
१९. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभाकारी बनाइने।
२०. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने।
२१. सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना, गणित, अङ्ग्रेजी लगायत अन्य विषयका शैक्षिक सामग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गर्ने।
२२. हाल सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको उचित व्यवस्थापन गर्दै आवश्यकताका आधारमा स्थान अनुसार थप विद्यालय स्थापनामा जोड दिने।
२३. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गर्ने।
२४. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिने।
२५. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने।

३.३.६ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	नतिजाको सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने,	बालबालिका	माध्यमिक शिक्षा उमेरका सबै बालबालिका	माध्यमिक शिक्षा उमेरका सबै बालबालिका	माध्यमिक शिक्षा उमेरका सबै बालबालिका	माध्यमिक शिक्षा उमेरका सबै बालबालिका	माध्यमिक शिक्षा उमेरका सबै बालबालिका
२	सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने,	विद्यालय	२७	२७	२७	२७	२७
३	माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने,	विद्यालय	माध्यमिक शिक्षाका सबै बालबालिका	माध्यमिक शिक्षाका सबै बालबालिका	माध्यमिक शिक्षाका सबै बालबालिका	माध्यमिक शिक्षाका सबै बालबालिका	माध्यमिक शिक्षाका सबै बालबालिका
४	माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने,	विद्यालय	२७	२७	२७	२७	२७
५	विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षित हुने	विद्यालय	२७	२७	२७	२७	२७

क्र.सं.	नतिजाको सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
६	विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,	विद्यालय	२७	२७	२७	२७	२७
७	कम्तीमा थप एउटा माध्यमिक विद्यालय आवासीय विद्यालयको रूपमा स्थापना हुने,	विद्यालय	-	-	१	-	-
८	शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भइ पेशा प्रति उत्प्रेरित हुने,	जना	१२०	१२२	१२५	१२८	१३०
९	शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भइ शैक्षिक समाग्री निर्माण र प्रयोगमा क्रियाशील रहने	विद्यालय	२७	२७	२७	२७	२७
१०	सबै माध्यमिक विद्यालयमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने,	विद्यालय	१	६	६	७	७

३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी	पटक	०	१	०	०	०	२	
२	विद्यालयमा मापदण्ड अनुसार नपुग शिक्षकको व्यवस्था गर्ने	पटक	३	४	३	२	१	१३	
३	एक विद्यालय एक उत्पादन कार्यक्रम/विद्यालय करेसा कार्यक्रम	विद्यालय सङ्ख्या	२	२	२	२	२	१०	

४	विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने	पटक	१	१	१	१	१	५	
५	माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित शिक्षा (STEM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने कार्य सञ्चालन गर्ने	विद्यालय सङ्ख्या	४	६	६	६	५	२७	
६	विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग	विद्यार्थी सङ्ख्या	६४	६५	६५	६६	६७	३२६	
७	विव्यस तथा पिटिए पदाधिकारीहरूको क्षमता विकास गर्ने	पटक	१	१	१	१	१	५	
८	माध्यमिक विद्यालयमा सामाजिक संग्रहालय निर्माण र स्तरोन्नती	विद्यालय	०	०	१	०	१	२	
९	माध्यमिक तहका विद्यार्थीको बृत्ति बिकासका लागि परामर्श कार्यक्रम	विद्यालय	३	१०	१०	४	०	२७	
१०	उत्कृष्ट शिक्षक र कर्मचारी पुरस्कार व्यवस्था गर्ने	सङ्ख्या	१	१	१	१	१	५	
११	अतिरिक्त/बुस्टर कक्षा सञ्चालन	वार्षिक	१	१	१	१	१	५	
१२	शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन	सङ्ख्या	१३०	१३०	१३०	१३०	१३०	६५०	
१३	विद्यालयमा छात्राबास स्तरोन्नती विद्यालय सँग साझेदारी	सङ्ख्या	१	०	१	०	०	२	
१४	विद्यार्थी उत्प्रेरणा तथा अक्षर सुधार कार्यक्रम	वार्षिक	१	१	१	१	१	५	

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.४.१ परिचय

शिक्षालाई सीप, सीपलाई रोजगारी तथा रोजगारीलाई उत्पादनसँग जोड्दै स्थानीय आवश्यकता र श्रम बजारअनुकूल दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा महत्त्वपूर्ण माध्यम हो । तुलसीपुर उपमहानगरपालिकालाई आर्थिक तथा सामाजिक रूपमा समृद्ध बनाउन स्थानीय स्तरमा उपलब्ध स्रोत–साधनको सदुपयोग गर्न सक्ने, सीपयुक्त, उद्यमशील तथा रोजगारमुखी जनशक्ति विकास गर्नु आवश्यक छ । यसका लागि विद्यालय तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच र अवसर विस्तार गर्नुपर्ने देखिन्छ । तुलसीपुर उपमहानगरपालिका शैक्षिक तथा व्यावसायिक गतिविधिका दृष्टिले महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गएको छ । उपमहानगरपालिका तथा आसपासका स्थानीय तहबाट समेत विद्यार्थीहरू अध्ययनका लागि तुलसीपुर आउने भएकाले यहाँ प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारका लागि राम्रो सम्भावना रहेको छ । स्थानीय कृषि, पशुपालन, पर्यटन, निर्माण, सूचना

प्रविधि, स्वास्थ्य, उद्योग तथा सेवा क्षेत्रको आवश्यकता र सम्भावनालाई आधार बनाई प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था रहेको छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) लगायतका निकायहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । सङ्घीय संरचनाअनुसार स्थानीय तहलाई शिक्षा तथा सीप विकासका क्षेत्रमा प्राप्त जिम्मेवारी र अवसरलाई उपयोग गर्दै तुलसीपुर उपमहानगरपालिकाले स्थानीय आवश्यकता र रोजगारीको सम्भावनासँग मेल खाने प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारमा जोड दिन आवश्यक छ । विशेषगरी माध्यमिक तह तथा कक्षा १२ पछिका विद्यार्थीलाई उच्च शिक्षा मात्र नभई सीप, स्वरोजगार, उद्यमशीलता तथा रोजगारीसँग जोड्ने गरी कार्यक्रम विकास गर्नुपर्ने देखिन्छ । साथै, विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कार्यक्रम विस्तार, छोटो अवधिका सीपमूलक तालिम सञ्चालन, उद्योग तथा रोजगारदातासँग सहकार्य, प्रयोगात्मक सिकाइ तथा सीप परीक्षणको व्यवस्था गर्न सकेमा स्थानीय युवाको रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्न सहयोग पुग्नेछ ।

त्यसैले तुलसीपुर उपमहानगरपालिकाको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमलाई स्थानीय आर्थिक सम्भावना, श्रम बजारको माग र विद्यार्थीको रुचिसँग आबद्ध गर्दै शिक्षा, सीप, रोजगार, उत्पादन, बजारबिचको सम्बन्ध स्थापित गर्ने दिशामा व्यवस्थित रूपमा विकास तथा विस्तार गर्न आवश्यक देखिन्छ ।

३.४.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकामा स्थानीय आवश्यकता, विद्यार्थीको रुचि तथा रोजगारीका सम्भावनालाई ध्यानमा राखी विभिन्न शैक्षिक संस्थामार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा रहेको छ । उपमहानगरपालिका क्षेत्रमा ९ वटा शैक्षिक संस्थामा विभिन्न प्राविधिक विषयको अध्ययन अध्यापन भइरहेको छ । यी संस्थाहरूमा कृषि, पशु विज्ञान, वन विज्ञान, सिभिल इन्जिनियरिङ, सर्वे इन्जिनियरिङ, सूचना तथा प्रविधि इन्जिनियरिङ, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स, मेकानिकल इन्जिनियरिङ, फार्मेसी तथा फुड एण्ड डेरीलगायतका विषयहरू सञ्चालनमा रहेका छन् ।

तुलसीपुर बहुप्राविधिक शिक्षालयमा बाली विज्ञान, फुड एण्ड डेरी, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, मेकानिकल इन्जिनियरिङ, वन विज्ञान र फार्मेसी विषय सञ्चालनमा रहेका छन् । त्यसैगरी, माध्यमिक विद्यालय तुलसीपुर सेन्टरमा सूचना तथा प्रविधि इन्जिनियरिङ र सर्वे इन्जिनियरिङ, गुरुजजुर माध्यमिक विद्यालय, रक्षाचौरमा बाली विज्ञान, जनकल्याण माध्यमिक विद्यालय, दुधरासमा सिभिल इन्जिनियरिङ, माध्यमिक विद्यालय अश्वारामा वन विज्ञान र सिभिल इन्जिनियरिङ, अमर माध्यमिक विद्यालय, उरहरीमा पशु विज्ञान, शहिद स्मृति आवासीय विद्यालय, बनकट्टीमा सिभिल इन्जिनियरिङ तथा जनश्रम माध्यमिक विद्यालय, खाद्रेमा सर्वे इन्जिनियरिङ सञ्चालनमा रहेका छन् । जनता संस्कृत माध्यमिक विद्यालय, विजौरीमा बाली विज्ञान कार्यक्रम रहेको भए पनि हाल सञ्चालनमा रहेको छैन ।

यसरी तुलसीपुर उपमहानगरपालिकामा कृषि तथा पशुपालन, वन, इन्जिनियरिङ, सूचना प्रविधि, स्वास्थ्य तथा खाद्य प्रविधि लगायतका विविध क्षेत्रमा प्राविधिक शिक्षाको अवसर रहेको छ । यसले स्थानीय स्तरमा विभिन्न प्राविधिक क्षेत्रमा दक्ष जनशक्ति उत्पादनका लागि आधार तयार गरेको छ ।

उपलब्ध प्राविधिक शिक्षालाई स्थानीय श्रम बजारको माग, रोजगारी तथा स्वरोजगारका अवसरसँग थप आबद्ध गर्न आवश्यक छ । प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच विस्तार, प्रयोगात्मक सिकाइका लागि आवश्यक पूर्वाधार तथा उपकरणको उपलब्धता, दक्ष शिक्षक तथा प्रशिक्षकको व्यवस्थापन, उद्योग तथा रोजगारदातासँग सहकार्य र सीपलाई रोजगारी तथा उद्यमशीलतासँग जोड्ने कार्यमा थप सुधार आवश्यक छ । साथै, हाल सञ्चालनमा नरहेका प्राविधिक कार्यक्रमलाई आवश्यकता र सम्भाव्यताका आधारमा पुनः सञ्चालन गर्ने तथा स्थानीय श्रम बजारको मागअनुसार नयाँ विषय विस्तार गर्न आवश्यक छ ।

समग्रमा, तुलसीपुर उपमहानगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि विविध विषय र संस्थागत आधार रहेको छ । उपलब्ध संरचना र अवसरलाई थप प्रभावकारी बनाउँदै प्राविधिक शिक्षाको गुणस्तर, पहुँच, प्रयोगात्मकता तथा रोजगारीसँगको सम्बन्ध सुदृढ गर्न आवश्यक छ ।

तालिका नं. ३३: उपमहानगरपालिकामा प्राविधिक धारको पठनपाठन हुने शैक्षिक संस्थाहरूको विवरण

क्र.स.	क्याम्पसको नाम	विषय	कैफियत
१	तुलसीपुर बहुप्राविधिक शिक्षालय	बाली विज्ञान, फुड एण्ड डेरी, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, मेकानिकल इन्जिनियरिङ, वन विज्ञान, फार्मेशी	
२	माध्यमिक विद्यालय तुलसीपुर सेन्टर	सूचना तथा प्रविधि इन्जिनियरिङ र सर्वे इन्जिनियरिङ	
३	गुरुजजुर मा.वि. रक्षाचौर	बाली विज्ञान	
४	जनकल्याण मा.वि. दुधरास	सिभिल इन्जिनियरिङ	
५	मा.वि. अश्वारा	वन विज्ञान, सिभिल इन्जिनियरिङ	
६	अमर मा.वि. उरहरी	पशु विज्ञान	
७	शहिद स्मृति आवासिय विद्यालय, बनकट्टी	सिभिल इन्जिनियरिङ	
८	जनता संस्कृत मा.वि. विजौरी	बाली विज्ञान	हाल सञ्चालनमा नरहेको
९	जनश्रम मा.वि. खाद्रे	सर्वे इन्जिनियरिङ	हाल सञ्चालनमा नरहेको

३.४.३ समस्या र चुनौतीहरू

१. प्राविधिक शिक्षा र स्थानीय श्रम बजारबिच पर्याप्त समन्वय हुन नसक्नु।
२. प्राविधिक शिक्षाका लागि आवश्यक प्रयोगशाला, उपकरण तथा प्रयोगात्मक सिकाइका स्रोतसाधन पर्याप्त नहुनु।
३. प्राविधिक तथा व्यावसायिक विषयका दक्ष तथा विषयगत शिक्षक/प्रशिक्षकको पर्याप्तता नहुनु।
४. प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीलाई रोजगारी तथा स्वरोजगारसँग जोड्ने प्रभावकारी संयन्त्र कमजोर हुनु।
५. प्राविधिक शिक्षा अध्ययनका लागि आर्थिक रूपमा विपन्न, दलित, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका विद्यार्थीको पहुँचमा आर्थिक तथा सामाजिक चुनौती रहनु।
६. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीका लागि पर्याप्त छात्रवृत्ति, आवास तथा अन्य सहयोगको व्यवस्था हुन नसक्नु।
७. प्राविधिक शिक्षालय र स्थानीय उद्योग, व्यवसाय तथा रोजगारदाताबिच पर्याप्त सहकार्य तथा समन्वय हुन नसक्नु।
८. प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूमा प्रयोगात्मक सिकाइ, इन्टर्नसिप तथा On-the-Job Training को अवसर पर्याप्त नहुनु।
९. प्राविधिक शिक्षामा सूचना तथा प्रविधिको प्रयोग तथा आधुनिक प्रविधिसँग सम्बन्धित सीपको विकास अपेक्षाअनुसार हुन नसक्नु।
१०. स्थानीय श्रम बजारको माग तथा सम्भावनाका आधारमा प्राविधिक विषयको नियमित पुनरावलोकन तथा विस्तार हुन नसक्नु।
११. हाल सञ्चालनमा नरहेका प्राविधिक कार्यक्रमलाई आवश्यकता र सम्भाव्यताका आधारमा पुनः सञ्चालन गर्न नसकिएको।

१२. प्राविधिक शिक्षा अध्ययनपछि विद्यार्थी तथा युवालाई उद्यमशीलता, व्यवसाय सञ्चालन तथा उत्पादनसँग जोड्ने अवसर सीमित हुनु।

३.४.४ उद्देश्यहरू

यस योजनाले तुलसीपुर उपमहानगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच, गुणस्तर र रोजगारीसँगको सम्बन्ध सुदृढ गर्ने उद्देश्यका साथ निम्न उद्देश्यहरू राखेको छः

१. प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत सीपयुक्त, दक्ष, स्वरोजगार तथा आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु।
२. प्राविधिक तथा सीपमूलक शिक्षाको विस्तारमार्फत शैक्षिक बेरोजगारी न्यूनीकरणमा योगदान पुऱ्याउनु।
३. स्थानीय स्रोत, साधन, श्रम बजार तथा आर्थिक सम्भावनामा आधारित जनशक्ति विकास गरी स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउनु।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्ग, क्षेत्र र समुदायको समतामूलक तथा समावेशी पहुँच सुनिश्चित गर्नु।
५. प्राविधिक शिक्षालाई रोजगारी, स्वरोजगार, उद्यमशीलता तथा उत्पादनसँग जोड्नु।

३.४.५ रणनीतिहरू

१. स्थानीय श्रम बजार, उद्योग–व्यवसाय तथा रोजगारीको आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक विषयको विस्तार र व्यवस्थापन गर्ने।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासमा स्थानीय सरकार, विद्यालय, निजी क्षेत्र, उद्योग–व्यवसाय तथा अन्य सरोकारवालाको सहभागिता र लगानी बढाउने।
३. आर्थिक तथा सामाजिक रूपमा विपन्न, दलित, अपाङ्गता भएका तथा लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति तथा विशेष सहुलियतको व्यवस्था गर्ने।
४. प्राविधिक शिक्षामा प्रयोगात्मक सिकाइलाई प्रभावकारी बनाउन आवश्यक प्रयोगशाला, उपकरण तथा अभ्यासका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने।
५. आवश्यकता अनुसार प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रावास तथा यातायात सुविधाको व्यवस्था गर्ने।
६. प्राविधिक शिक्षालय, स्थानीय सरकार, उद्योग तथा समुदायबिच सहकार्य गरी स्थानीय आवश्यकता र सम्भावनामा आधारित अध्ययन, अनुसन्धान तथा प्रयोगात्मक कार्यक्रम सञ्चालन गर्ने।
७. लक्षित समूहका विद्यार्थीको पहिचान गरी प्राविधिक शिक्षा अध्ययनका लागि आवश्यक सहयोग तथा सहुलियत उपलब्ध गराउने।
८. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीका लागि On-the-Job Training (OJT), इन्टर्नसिप, छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोगको व्यवस्था गर्ने।
९. प्राविधिक विषयका शिक्षक तथा प्रशिक्षकको पेशागत क्षमता विकासका लागि नियमित तालिम तथा प्रविधिमैत्री क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
१०. प्राविधिक शिक्षा र स्थानीय श्रम बजारबिच सम्बन्ध स्थापित गर्न उद्योग, व्यवसाय, सरकारी तथा गैरसरकारी संस्था र रोजगारदातासँग सहकार्य तथा समन्वय गर्ने।
११. प्राविधिक तथा व्यावसायिक धारका विद्यालयमा विषयगत प्रयोगशाला तथा अभ्यास केन्द्र स्थापना गरी अनुसन्धान, नवप्रवर्तन र प्रयोगात्मक सिकाइलाई प्रोत्साहन गर्ने।
१२. स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा हाल सञ्चालनमा नरहेका प्राविधिक कार्यक्रमको पुनः सञ्चालन तथा नयाँ प्राविधिक विषय विस्तार गर्ने ।

३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि:

तुलसीपुर उपमहानगरपालिकामा स्थानीय आवश्यकता तथा श्रम बजारअनुकूल प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर विस्तार भई विद्यार्थी तथा युवाले आवश्यक सीप हासिल गरी रोजगारी, स्वरोजगार, उद्यमशीलता तथा उत्पादनका क्षेत्रमा संलग्न भई आफ्नो आर्थिक तथा सामाजिक अवस्था सुधार गर्न सक्षम भएका हुने।

ख) नतिजा:

१. तुलसीपुरमा आवश्यकता र सम्भाव्यताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच, अवसर र संस्थागत क्षमता विस्तार तथा सुदृढीकरण भएको हुने।

२. सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको सान्दर्भिकता, गुणस्तर र प्रयोगात्मक सिकाइमा सुधार भएको हुने।

३. प्राविधिक शिक्षा तथा सीपलाई स्थानीय उत्पादन, रोजगारी, स्वरोजगार तथा उद्यमशीलतासँग आबद्ध गरी विद्यार्थी तथा युवाको श्रम बजारमा पहुँच वृद्धि भएको हुने।

४. विद्यार्थी तथा युवामा व्यवसायिक सीप, नवप्रवर्तन, उद्यमशीलता तथा स्थानीय परम्परागत सीपको पहिचान, संरक्षण र प्रवर्द्धन भएको हुने।

५. प्राविधिक तथा व्यावसायिक शिक्षा विकासमा स्थानीय सरकार, निजी क्षेत्र, उद्योग–व्यवसाय तथा समुदायको सहभागिता र लगानी वृद्धि भई उत्पादित जनशक्तिलाई स्थानीय आर्थिक गतिविधिसँग जोड्ने प्रभावकारी संयन्त्र विकास भएको हुने।

ग) नतिजा तथा परिमाणात्मक लक्ष्य:

क्र.सं.	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या	विद्यालय	९	९	९	९	९	
२	माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या	सङ्ख्या	३००	३०९	३१८	३२८	३३८	
३	प्राविधिक तथा व्यावसायिक सिप विकाससम्बन्धी छात्रवृत्ति पाउने सङ्ख्या	सङ्ख्या	३५	४०	४५	५०	५६	पूर्ण छात्रवृत्ति
४	On-the-Job Training (OJT) तथा इन्टर्नसिपमा सहभागी विद्यार्थी सङ्ख्या	सङ्ख्या	२५०	२५८	२६५	२७३	२८१	

५	प्राविधिक तथा व्यावसायिक तालिम लिई रोजगारी/स्वरोजगारमा जोडिएका युवा सङ्ख्या	सङ्ख्या	१००	१०५	११०	११६	१२२	

३.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	प्राविधिक तथा व्यावसायिक शिक्षाको योजनाको कार्यान्वयनका लागि आवश्यक कानुन, नियम, निर्देशिका र कार्यविधि बनाइ कार्यान्वयन	पटक	०	१	०	०	०	१	
२	प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति	पटक	१	१	१	१	१	५	
३	प्राबिधिक धार तर्फका विद्यार्थीका लागि आवाशिय छात्रबृत्ति समेत	पटक	१	१	१	१	१	५	
४	प्राथमिकताका कृषि, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, प्लम्बिङ्ग, अटो मोबाइल, सैलुन, मेसन व्यवसाय, लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन ।	सङ्ख्या	०	०	१	०	०	१	
५	निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र अन् द जब ट्रेनिङ्ग सञ्चालन ।	पटक	१	१	१	१	१	५	

६	प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता प्रदान ।	पटक	१	१	१	१	१	५	

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

३.५.१ परिचय र वर्तमान अवस्था

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धतिभन्दा वाहिर लचिलो ढङ्बाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्छन्। औपचारिक पद्धतिभन्दा बाहिर लचिलो ढंगबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्छन्। संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं. ४ लुम्बिनी प्रदेशको आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ भनिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ। सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागि सामुदायिक अध्ययन केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्त्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सीप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सृजना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु, र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्न जनचेतना बढाउने उद्देश्यहरू समावेश गरिएका छन्

३.५.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकामा औपचारिक विद्यालय शिक्षाको पहुँच विस्तारसँगै विद्यालयबाहिर रहेका बालबालिका, विद्यालय छाडेका बालबालिका तथा औपचारिक शिक्षाबाट बाहिर रहेका युवा तथा प्रौढलाई शिक्षाको मूलधारमा ल्याउन अनौपचारिक तथा वैकल्पिक शिक्षाको आवश्यकता रहेको छ । विशेषगरी उमेर, आर्थिक–सामाजिक अवस्था, पारिवारिक जिम्मेवारी तथा अन्य कारणले नियमित विद्यालय शिक्षामा सहभागी हुन नसकेका व्यक्तिका लागि उनीहरूको आवश्यकता र रुचिअनुकूलका सिकाइ अवसर विस्तार गर्नुपर्ने अवस्था रहेको छ ।

तुलसीपुर उपमहानगरपालिकामा हाल ८ वटा सामुदायिक सिकाइ केन्द्र (CLC) सञ्चालनमा रहेका छन् । यी केन्द्रमार्फत विभिन्न प्रकारका अनौपचारिक सिकाइ तथा समुदायमा आधारित गतिविधिहरू सञ्चालन हुँदै आए पनि अनौपचारिक शिक्षामार्फत विद्यालयबाहिर रहेका बालबालिका तथा निरक्षर युवा र प्रौढलाई शिक्षाको मूलधारमा ल्याउने कार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका सीमित रहेको छ । केन्द्रहरूमा अनौपचारिक शिक्षासँग सम्बन्धित सिकाइ गतिविधिहरू सीमित रूपमा सञ्चालन हुने गरेका छन् भने स्थानीय तहको बजेट तथा कार्यक्रमअनुसार सीप विकास तथा आयआर्जनसँग सम्बन्धित तालिमहरू सञ्चालन हुने गरेका छन् ।

यद्यपि, सीप विकास तथा तालिमका कार्यक्रमहरू सञ्चालन भइरहे पनि सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा तथा विद्यालयबाहिर रहेका बालबालिका र प्रौढलाई शिक्षाको मूलधारमा ल्याउने प्रभावकारी सिकाइ केन्द्रका रूपमा थप सुदृढ गर्न आवश्यक रहेको छ। साथै, सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमलाई स्थानीय आवश्यकता, समुदायको सिकाइ माग तथा रोजगारी र जीवनोपयोगी सीपसँग थप आबद्ध गर्नुपर्ने अवस्था रहेको छ।

तुलसीपुर उपमहानगरपालिकामा साक्षरता तथा अनौपचारिक शिक्षासम्बन्धी अद्यावधिक र एकीकृत तथ्याङ्क व्यवस्थापनलाई समेत थप सुदृढ गर्न आवश्यक रहेको छ। विद्यालयबाहिर रहेका बालबालिका, निरक्षर युवा तथा प्रौढ, सीपको आवश्यकता भएका समुदाय तथा अनौपचारिक शिक्षाबाट लाभान्वित व्यक्तिहरूको नियमित तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने प्रणाली विकास गर्न सकेमा लक्षित कार्यक्रम निर्माण र कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सकिनेछ।

तालिका नं. ३४: सामुदायिक सिकाइ केन्द्रको विवरण:

क्र.स.	सामुदायिक सिकाइ केन्द्रको नाम	कैफियत
१	ज्ञानोदय सामुदायिक सिकाइ केन्द्र दोघरे ९	
२	भद्रकालि सामुदायिक सिकाइ केन्द्र,तुलसीपुर ९	
३	मानपुर सामुदायिक सिकाइ केन्द्र १७	
४	मातृभुमि सामुदायिक सिकाइ केन्द्र, हलवार ७	
५	बिजौरी सामुदायिक सिकाइ केन्द्र, बिजौरी १८	
६	उरहरि सामुदायिक सिकाइ केन्द्र, उरहरी ११	
७	प्रगतिशिल सामुदायिक सिकाइ केन्द्र, फूलबारी १३	
८	अकमी सामुदायिक सिकाइ केन्द्र, डुरुवा १४	

३.५.३ समस्या तथा चुनौतीहरू

१. साक्षरता तथा निरक्षरतासम्बन्धी अद्यावधिक र एकीकृत तथ्याङ्क नियमित रूपमा उपलब्ध नहुनु।
२. नवसाक्षरलाई साक्षरोत्तर, निरन्तर शिक्षा तथा आयआर्जनमूलक कार्यक्रमसँग प्रभावकारी रूपमा जोड्न नसकिएको।
३. सामुदायिक सिकाइ केन्द्रहरूमा अनौपचारिक तथा निरन्तर सिकाइका कार्यक्रम सीमित रूपमा मात्र सञ्चालन हुनु।
४. सामुदायिक सिकाइ केन्द्रलाई विद्यालयबाहिर रहेका बालबालिका तथा युवा–प्रौढलाई शिक्षाको मूलधारमा ल्याउने प्रभावकारी माध्यमका रूपमा पर्याप्त रूपमा परिचालन गर्न नसकिएको।
५. औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षाबिच प्रभावकारी समन्वय र अन्तरसम्बन्ध कायम हुन नसकेको।
६. युवा तथा प्रौढमा कार्यमूलक तथा डिजिटल साक्षरता, पढ्ने बानी र दैनिक जीवनमा आवश्यक ज्ञान तथा सीपको कमी रहनु।
७. अनौपचारिक शिक्षा, सीप विकास तथा आजीवन सिकाइका कार्यक्रमलाई स्थानीय आवश्यकता र रोजगारीसँग पर्याप्त रूपमा आबद्ध गर्न नसकिएको।
८. सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता, स्रोतसाधन तथा जनशक्ति व्यवस्थापनमा पर्याप्त सुधार हुन नसकेको।
९. अनौपचारिक तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान र सीपको पहिचान, प्रमाणीकरण तथा समकक्षताको प्रभावकारी व्यवस्था हुन नसकेको।

१०. विद्यालयबाहिर रहेका बालबालिकालाई वैकल्पिक तथा खुला सिकाइमार्फत पुनः शिक्षाको मूलधारमा ल्याउने प्रणाली पर्याप्त रूपमा विकास हुन नसकेको।

३.५.४ उद्देश्यहरू

१. तुलसीपुर उपमहानगरपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरी अनौपचारिक, निरन्तर तथा आजीवन सिकाइका अवसर विस्तार गर्नु।
२. साक्षरता, डिजिटल साक्षरता तथा जीवनोपयोगी सीपको विकास गरी नागरिकको दैनिक जीवन तथा आयआर्जनमा सहयोग पुऱ्याउनु।
३. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग, युवा तथा प्रौढलाई अनौपचारिक शिक्षामार्फत शिक्षाको मूलधारमा ल्याउनु।
४. सबै नागरिकका लागि समावेशी, समतामूलक तथा पहुँचयोग्य आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।
५. औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षाबिच अन्तरसम्बन्ध स्थापित गरी एकीकृत सिकाइ प्रणालीको विकास गर्नु।

३.५.५ रणनीतिहरू

१. विद्यमान ८ वटा सामुदायिक सिकाइ केन्द्रको क्षमता तथा प्रभावकारिता अभिवृद्धि गरी आवश्यकता अनुसार अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने।
२. घरधुरी तथा समुदायस्तरमा तथ्याङ्क सङ्कलन गरी साक्षरता, निरक्षरता तथा विद्यालयबाहिर रहेका बालबालिकाको अद्यावधिक अभिलेख तयार गर्ने।
३. सङ्घ, प्रदेश, स्थानीय तह तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी गरी साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्ने।
४. नवसाक्षर, युवा तथा प्रौढलाई आयआर्जन, उद्यमशीलता तथा सीप विकासका कार्यक्रमसँग आबद्ध गर्ने।
५. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालाको समन्वयमा साक्षरोत्तर तथा निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
६. सिकाइको आवश्यकता, उमेर, भाषिक विविधता तथा स्थानीय परिवेशअनुकूल सिकाइ सामग्री र विधिको प्रयोग गर्ने।
७. विद्यालयबाहिर रहेका बालबालिकालाई वैकल्पिक तथा खुला सिकाइका अवसरमार्फत विद्यालय शिक्षामा पुनः आबद्ध गर्ने।
८. सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय आवश्यकता र समुदायको मागअनुसार सीप, डिजिटल साक्षरता तथा आजीवन सिकाइको केन्द्रका रूपमा विकास गर्ने।

३.५.६ अपेक्षित प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

तुलसीपुर उपमहानगरपालिकाका सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा, सीप विकास तथा आजीवन सिकाइका समतामूलक अवसर विस्तार भई सामुदायिक सिकाइ केन्द्रहरू प्रभावकारी रूपमा परिचालन भएका हुने।

ख) अपेक्षित नतिजा

१. सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक, निरन्तर तथा आजीवन सिकाइका कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन भएका हुने।
२. सिकारुको आवश्यकता र स्थानीय परिवेशअनुकूल साक्षरता, डिजिटल साक्षरता, जीवनोपयोगी तथा सीपमूलक सिकाइका अवसर विस्तार भएका हुने।
३. सामुदायिक सिकाइ केन्द्रहरू विद्यालयबाहिर रहेका बालबालिका तथा युवा–प्रौढलाई शिक्षाको मूलधारमा ल्याउने प्रभावकारी माध्यमका रूपमा विकसित भएका हुने।

४. अनौपचारिक तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान तथा सीपको पहिचान, प्रमाणीकरण र आवश्यकताअनुसार समकक्षताको व्यवस्था भएको हुने।

५. अनौपचारिक शिक्षा तथा सीप विकासका कार्यक्रम रोजगारी, स्वरोजगार, उद्यमशीलता तथा आयआर्जनसँग आबद्ध भएका हुने।

६. विद्यालयबाहिर रहेका बालबालिकाका लागि वैकल्पिक तथा खुला सिकाइका अवसर विस्तार भई विद्यालय शिक्षामा पुनः आबद्धता बढेको हुने।

७. तुलसीपुर उपमहानगरपालिकाको साक्षरता, निरक्षरता, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क नियमित रूपमा अद्यावधिक र व्यवस्थापन भएको हुने।

ग) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यहरू

क्र.सं.	नतिजाको सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१.	निरक्षरले साक्षरहुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने प्रतिशत	प्रतिशत	५०%	६०%	७०%	८०%	८५%	
२.	भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला)	प्रतिशत	४०%	६०%	७०%	८०%	८५%	
३.	आधारभूत प्रविधिमैत्री सुविधा भएको सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या	वटा	१	आवश्यकताका अनुसार	आवश्यकताका अनुसार	आवश्यकताका अनुसार	आवश्यकताका अनुसार	
४.	सामुदायिक पुस्तकालयको सङ्ख्या	वटा	१	१	१	१	१	
५.	साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन भई अद्यावधिक हुने।	पटक	१	०	०	१	०	
६.	महिला तथा प्रौढहरू आय आर्जन जीवन निर्वाह र स्वावलम्बी तथा आत्मनिर्भर हुने	प्रतिशत	१०	१५	२०	२५	३०	

३.५.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यहरू

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	घरधुरी सर्वेक्षण गरेर निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी	पटक	०	१	०	०	०	१	
२	साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न थप सामुदायिक सिकाइ केन्द्रको स्थापना	वटा	०	१	०	०	०	१	
३	हाल सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील गराउने	वटा	८	८	८	८	८	८	
४	अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन	पटक	१	१	१	१	१	५	
५	सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (व्यवस्थापन तालिम दिने)	पटक	०	१	१	१	०	३	
७	प्रौढहरूलाई सिप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन	पटक	१	१	१	१	१	५	
८	लक्षित वर्गका लागि क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम	पटक	१	१	१	१	१	५	
९	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन	पटक	१	१	१	१	१	५	

परिच्छेद ४

अन्तरसम्बन्धित विषय तथा क्षेत्र

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.१.१. परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रम सिकाइको समस्त तथा बृहत् योजना हो। यो बदलिँदो समाजअनुसार परिवर्तित र परिमार्जित हुँदै जाने निरन्तर प्रक्रियाको रूपमा काम गर्छ र गर्नुपर्दछ। तसर्थ पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित र तथ्यपरक हुनुपर्दछ। वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा परिवेशअनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो।

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनादेखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ। यसै क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन हुने क्रममा रहेको छ। आधारभूत तह १-३, ४-५ र ६-८ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ।

विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सीप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिकलगायतका व्यावहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र प्रयोगात्मक सीपमा रूपान्तरण गर्न सहक्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वीय दर्शनका वेद, योग, संस्कृत भाषा, संस्कृत व्याकरणजस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेशअनुसार आयुर्वेद, जडीबुटीजस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ।

विद्यालयमा प्रदान गरिने शिक्षा सैद्धान्तिकको साथसाथै व्यावहारिक पनि हुनुपर्ने देखिन्छ। पठनपाठनलाई वास्तविक जीवनसँग मेल खाने गरी समावेश गर्नुपर्ने देखिन्छ। व्यावसायिक शिक्षा, स्वास्थ्य, शारीरिक र वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तशील कलाजस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, सङ्गीत, धर्म तथा संस्कृतिजस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ।

पाठ्यक्रमका विषयवस्तुहरू सहज ढङ्गले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन्। त्यस्ता सामग्रीहरू पुस्तकको रूपमा उपलब्ध हुनुको साथै डिजिटल रूपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको छ। मातृभाषाका पाठ्यसामग्रीहरू पनि तयार गरिएका छन्। पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ। स्टेम भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विधामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो। जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउँदछ। साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सीप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितजस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ। स्टेमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ। जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ।

विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकारात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन्। नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा

आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोगसहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन्।

४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम विद्यालय शिक्षालाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार हो । नेपालमा विद्यालय शिक्षाको पाठ्यक्रमलाई समय, आवश्यकता र बदलिँदो सामाजिक परिवेशअनुकूल परिमार्जन गर्दै लैजाने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा सोअनुसार विभिन्न तह र कक्षाका पाठ्यक्रमहरू विकास तथा कार्यान्वयन हुँदै आएका छन् । राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार विद्यालय तहमा विद्यार्थीको ज्ञान, सीप, व्यवहार तथा जीवनोपयोगी क्षमताको विकासमा जोड दिइएको छ । प्रारम्भिक कक्षाहरूमा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सहजीकरण गर्ने तथा स्थानीय आवश्यकता र परिवेशअनुकूल विषयवस्तु समावेश गर्ने व्यवस्था रहेको छ ।

तुलसीपुर उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका सबै बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराइएको छ । स्थानीय पाठ्यक्रमको कार्यान्वयन शैक्षिक सत्र २०७९ देखि गरिएको छ भने स्थानीय पाठ्यक्रमअनुसार तयार गरिएको पाठ्यपुस्तक सामुदायिक विद्यालयका कक्षा १–८ का सबै विद्यार्थीलाई निःशुल्क रूपमा उपलब्ध गराइएको छ । साथै, संस्थागत विद्यालयहरूमा समेत कक्षा १–८ मा स्थानीय पाठ्यक्रम अनिवार्य रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । स्थानीय पाठ्यक्रमअनुसार तयार गरिएको पाठ्यपुस्तकले विद्यार्थीलाई स्थानीय भूगोल, सामाजिक तथा सांस्कृतिक पक्ष, स्थानीय स्रोतसाधन तथा व्यवहारिक ज्ञानसँग जोड्न सहयोग पुऱ्याएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई थप समयसापेक्ष, बालमैत्री, व्यवहारिक र स्थानीय आवश्यकता अनुकूल बनाउने उद्देश्यले आर्थिक वर्ष २०८३/८४ मा स्थानीय पाठ्यक्रम तथा त्यसका आधारमा निर्माण गरिएको पाठ्यपुस्तकको पुनरावलोकन तथा परिमार्जन गर्ने तयारी रहेको छ । मूल्याङ्कनका दृष्टिले विद्यालय तहमा कक्षागत तथा तहगत प्रावधानअनुसार निरन्तर तथा आवधिक मूल्याङ्कनको व्यवस्था रहेको छ । प्रारम्भिक कक्षामा विद्यार्थीको सिकाइ प्रक्रियालाई निरन्तर मूल्याङ्कनमार्फत अनुगमन गर्ने र माथिल्ला कक्षामा निरन्तर तथा आवधिक मूल्याङ्कनको संयोजनबाट विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्ने व्यवस्था रहेको छ । माध्यमिक तहमा सैद्धान्तिक तथा प्रयोगात्मक पक्षलाई समेटेर विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।

समग्रमा, तुलसीपुर उपमहानगरपालिकामा राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनसँगै स्थानीय आवश्यकता र परिवेशमा आधारित स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा पाठ्यपुस्तकको निःशुल्क उपलब्धताले पाठ्यक्रमलाई स्थानीय सन्दर्भसँग जोड्ने आधार तयार गरेको छ। आगामी दिनमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, शिक्षकको पाठ्यक्रमसम्बन्धी क्षमता विकास, स्थानीय पाठ्यक्रमलाई कक्षाकोठाको सिकाइसँग प्रभावकारी रूपमा जोड्ने तथा नियमित पुनरावलोकनमार्फत पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयसापेक्ष बनाउने कार्यलाई प्राथमिकता दिन आवश्यक रहेको छ । समय–समयमा पाठ्यक्रमसम्बन्धी प्रबोधीकरण तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन हुँदै आए पनि विद्यालयको कक्षाकोठा शिक्षणमा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि, सीप तथा क्षमताभन्दा पाठ्यपुस्तकमा आधारित शिक्षणलाई बढी प्राथमिकता दिने अभ्यास रहेको छ । यसले पाठ्यक्रमको मर्मअनुसार स्थानीय परिवेश, व्यवहारिक सिकाइ तथा विद्यार्थीकेन्द्रित शिक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती सिर्जना गरेको छ । त्यसैले शिक्षकहरूमा पाठ्यक्रमको उद्देश्य, सिकाइ उपलब्धि, शिक्षण विधि तथा मूल्याङ्कन प्रणालीबारे थप व्यावहारिक क्षमता विकास गरी पाठ्यक्रममा आधारित शिक्षणलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

४.१.३ उद्देश्यहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार विद्यालय तहमा संशोधित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु।
२. कक्षा १–८ को स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई तुलसीपुरको स्थानीय परिवेश, आवश्यकता, भाषा, संस्कृति, इतिहास तथा सम्भावनासँग सम्बन्धित र समयसापेक्ष बनाउँदै कार्यान्वयन गर्नु।
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइमार्फत विद्यार्थीमा ज्ञान, सीप, व्यवहार तथा जीवनोपयोगी सक्षमता विकास गर्नु।
४. सिकाइलाई दैनिक जीवन, स्थानीय परिवेश तथा व्यवहारिक आवश्यकतासँग आबद्ध गर्दै विषयवस्तुबिच अन्तरसम्बन्ध स्थापित गर्नु।
५. पाठ्यक्रममा आधारित निरन्तर, आवधिक तथा प्रमाणमा आधारित मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु।
६. विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार तथा सिकाइ उपलब्धि वृद्धि गर्नु।
७. विज्ञान, गणित, प्रविधि तथा STEM शिक्षणलाई प्रभावकारी बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु।
८. विद्यार्थीको सिर्जनात्मक, आलोचनात्मक तथा विश्लेषणात्मक सोच विकासका लागि परियोजना कार्य, प्रयोगात्मक सिकाइ तथा सहक्रियाकलापलाई प्रभावकारी बनाउनु।
९. शिक्षकलाई पाठ्यपुस्तक केन्द्रित शिक्षणबाट पाठ्यक्रम तथा सिकाइ उपलब्धिमा आधारित शिक्षणतर्फ उन्मुख गराउनु।
१०. डिजिटल तथा सूचना प्रविधिमा आधारित पाठ्यसामग्रीको प्रयोग विस्तार गरी प्रविधिमैत्री सिकाइ वातावरण विकास गर्नु।
११. विपद्, महामारी तथा अन्य सङ्कटका अवस्थामा समेत वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन सक्ने व्यवस्था विकास गर्नु।
१२. विद्यार्थीको स्थानीय पहिचान, संस्कृति, प्रकृति, योग, ध्यान, स्वास्थ्य तथा जीवनोपयोगी ज्ञान र सीपलाई सिकाइ प्रक्रियासँग आबद्ध गर्नु।

४.१.४ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा संशोधित पाठ्यक्रमसम्बन्धी शिक्षक अभिमुखीकरण तथा प्रबोधीकरण कार्यक्रमलाई निरन्तरता दिई विद्यालय तहमा प्रभावकारी कार्यान्वयन गर्ने।
२. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, विद्यालय, अभिभावक तथा स्थानीय सरोकारवालामा अपनत्व र जिम्मेवारी विकास गर्ने।
३. तुलसीपुरको स्थानीय आवश्यकता, परिवेश, भाषा, संस्कृति, इतिहास, प्राकृतिक स्रोत तथा आर्थिक सम्भावनालाई समेटी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको नियमित पुनरावलोकन र परिमार्जन गर्ने।
४. आर्थिक वर्ष २०८३/८४ मा स्थानीय पाठ्यक्रम तथा त्यसका आधारमा तयार गरिएका पाठ्यपुस्तकको पुनरावलोकन तथा परिमार्जन गर्ने।
५. पाठ्यक्रमको उद्देश्य र सिकाइ उपलब्धिलाई केन्द्रमा राखी पाठ्यपुस्तकलाई सहयोगी सामग्रीका रूपमा प्रयोग गर्ने अभ्यास विकास गर्ने।
६. पाठ्यक्रममा आधारित विद्यार्थीकेन्द्रित, बालमैत्री, समावेशी तथा व्यवहारिक शिक्षण सिकाइका लागि शिक्षकको पेसागत क्षमता विकास गर्ने।
७. सिकाइलाई दैनिक जीवन तथा स्थानीय परिवेशसँग जोड्न परियोजना कार्य, प्रयोगात्मक कार्य, स्थानीय स्रोतसाधन तथा समुदायमा आधारित सिकाइलाई प्रोत्साहन गर्ने।
८. विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न निरन्तर तथा आवधिक मूल्याङ्कनका साधनहरूको प्रभावकारी प्रयोग गर्ने र प्राप्त नतिजाका आधारमा सुधारात्मक शिक्षण सञ्चालन गर्ने।

९. कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि अतिरिक्त सहयोग, सहपाठी सिकाइ तथा आवश्यकताअनुसार अतिरिक्त कक्षाको व्यवस्था गर्ने।
१०. गणित, विज्ञान तथा प्रविधि विषयको सिकाइ उपलब्धि सुधारका लागि STEM अवधारणामा आधारित शिक्षण तथा शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
११. विद्यालयमा उपलब्ध कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, डिजिटल सामग्री तथा अन्य ICT स्रोतको शिक्षण सिकाइमा प्रभावकारी प्रयोग गर्ने।
१२. सामुदायिक विद्यालयहरूमा पुस्तकालय तथा डिजिटल सिकाइ सामग्रीको उपलब्धता र प्रयोगलाई व्यवस्थित बनाउने।
१३. विद्यालयहरूलाई विपद्, महामारी तथा अन्य सङ्कटका समयमा वैकल्पिक तथा प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम बनाउने।
१४. शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीलाई सहज रूपमा उपलब्ध गराई तिनको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने।
१५. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रयोग र प्रभावकारिताबारे विद्यालयस्तरमा नियमित अनुगमन तथा पृष्ठपोषणको व्यवस्था गर्ने।
१६. विद्यार्थीमा सिर्जनात्मकता, आलोचनात्मक सोच तथा समस्या समाधान गर्ने क्षमताको विकासका लागि परियोजना कार्य, खोज तथा नवप्रवर्तनमा आधारित सिकाइलाई प्रोत्साहन गर्ने।
१७. अभिभावक तथा समुदायलाई विद्यार्थीको सिकाइ प्रक्रियामा सहभागी गराई सिकाइप्रतिको जिम्मेवारी र सहकार्य अभिवृद्धि गर्ने।
१८. स्थानीय तथा आधुनिक प्रविधिमा आधारित सिकाइ सामग्रीको प्रयोग गरी विद्यार्थीमा स्वाध्ययन तथा निरन्तर सिकाइको बानी विकास गर्ने।
१९. योग, ध्यान, व्यायाम, स्वास्थ्य, वातावरण संरक्षण, स्थानीय संस्कृति तथा जीवनोपयोगी सीपलाई विद्यालयको सिकाइ तथा सहक्रियाकलापसँग आबद्ध गर्ने।
२०. सङ्घीय तथा प्रदेश तहबाट उपलब्ध डिजिटल तथा अनलाईन सिकाइ सामग्रीको स्थानीय विद्यालयमा प्रभावकारी प्रयोगका लागि सहजीकरण गर्ने।

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

तुलसीपुर उपमहानगरपालिकामा राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भई विद्यार्थीमा दैनिक जीवनका लागि आवश्यक ज्ञान, सीप, व्यवहार, सिर्जनात्मकता, आलोचनात्मक सोच तथा निरन्तर सिकाइको क्षमता विकास भएको हुने।

ख) नतिजा

१. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी र सान्दर्भिक रूपमा कार्यान्वयन भएको हुने।
२. तुलसीपुरको स्थानीय परिवेश, आवश्यकता, भाषा, संस्कृति तथा सम्भावनामा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री समयसापेक्ष रूपमा परिमार्जन र प्रयोग भएको हुने।
३. पाठ्यपुस्तककेन्द्रित शिक्षणमा कमी आई पाठ्यक्रम तथा सिकाइ उपलब्धिमा आधारित शिक्षण सिकाइ अभ्यास प्रभावकारी भएको हुने।
४. सिकाइ दैनिक जीवन, स्थानीय परिवेश तथा व्यवहारिक आवश्यकतासँग आबद्ध भएको हुने।
५. निरन्तर, आवधिक तथा प्रमाणमा आधारित मूल्याङ्कनबाट विद्यार्थीका सिकाइ समस्या पहिचान गरी सुधारात्मक शिक्षणको व्यवस्था भएको हुने।
६. शिक्षकहरू आधुनिक, प्रविधिमैत्री, विद्यार्थीकेन्द्रित तथा समावेशी शिक्षण सिकाइका लागि सक्षम भएका हुने।

७. गणित, विज्ञान तथा STEM शिक्षणको प्रभावकारी प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने।

८. डिजिटल तथा सूचना प्रविधिमा आधारित पाठ्यसामग्रीको प्रयोग विस्तार भई प्रविधिमैत्री सिकाइ वातावरण विकास भएको हुने।

९. विद्यार्थीमा सिर्जनात्मक, आलोचनात्मक तथा विश्लेषणात्मक सोच, समस्या समाधान गर्ने क्षमता तथा जीवनोपयोगी सीपको विकास भएको हुने।

१०. विपद्, महामारी तथा अन्य सङ्कटको अवस्थामा समेत वैकल्पिक माध्यमबाट सिकाइ निरन्तर गर्न सक्ने प्रणाली विकास भएको हुने।

ग) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यहरू

क्र.सं.	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	कक्षा १ देखि १२ सम्मका पाठ्यक्रमहरू सुचारू तरिकाले कार्यान्वयन हुने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	१५३	१५३	१५३	१५३	१५३	सबै सामुदायिक र संस्थागत विद्यालय
२	कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरू कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	८३	८३	८३	८३	८३	सबै सामुदायिक विद्यालय
३	स्थानीय पाठ्रयक्रम अनुसार पाठ्यपुस्तकको पुनरावलोपन/परिमार्जन	पटक	१	०	०	०	०	
४	स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालय	विद्यालय सङ्ख्या	१५३	१५३	१५३	१५३	१५३	सबै सामुदायिक र संस्थागत विद्यालय
५	निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय	विद्यालय सङ्ख्या	८३	८३	८३	८३	८३	सबै सामुदायिक विद्यालय
६	जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	१५३	१५३	१५३	१५३	१५३	सबै सामुदायिक र संस्थागत विद्यालय
७	स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	७	१०	१०	१०	१०	

८	सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	८३	८३	८३	८३	८३	

४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	पाठ्यक्रम अभिमुखीकरण सबै विद्यालयहरूमा	पटक	०	१	०	०	०	१	
२	स्थानीय पाठ्यपुस्तक परिमार्जन	पटक	१	०	०	०	०	१	
३	निःशुल्क पाठ्यपुस्तक वितरण	वार्षिक	१	१	१	१	१	५	
४	गणित, विज्ञान, अङ्ग्रेजी लगायत विषयगत नतिजा सुधार सम्बन्धी विषयगत बैठक, अभिमुखीकरण	विद्यालय	६८	०	६८	१	०	६८	
५	कक्षा ८ र ५ को परीक्षा सुदृढीकरण तथा सञ्चालन र अभिमुखीकरण	पटक	१	१	१	१	१	५	
६	शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम	पटक	०	१	०	१	०	२	
७	शैक्षिक सामग्री छपाइ र वितरण	पटक	०	१	०	१	०	२	
८	स्थानीय पाठ्यपुस्तक छपाई	पटक	१	१	१	१	१	५	
९	कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन	विद्यालय	६८	६८	६८	६८	६८	६८	
१०	उपमहानगर स्तरिय अतिरिक्त क्रियाकलाप, सृजनशिल लेखन प्रतियोगिता सञ्चालन र तुलसीपुर शैक्षिक सम्मेलन	विद्यालय	६८	६८	६८	६८	६८	६८	
११	विद्यालय स्तरमा Creative Learning with Book Free Fridays कार्यक्रम	विद्यालय	६८	६८	६८	६८	६८	६८	
१२	प्रधानाध्यापक र अन्य बैठक	विद्यालय	६८	६८	६८	६८	६८	६८	
१३	विभिन्न शैक्षिक तालिम गोष्ठि सेमिनार	पटक	१	१	१	१	१	५	
१४	शैक्षिक क्यालेण्डर निर्माण र प्रकाशन	पटक	१	१	१	१	१	५	

४.२ शिक्षक व्यवस्थापन र विकास

४.२.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जीवन्त स्रोतको क्रियाशीलतामा शिक्षण सिकाइमा अरु स्रोतहरूले गति लिने गर्दछन् । शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

विद्यालय शिक्षामा शिक्षक व्यवस्थापन र विकासले शिक्षकहरूको पेशागत र व्यक्तिगत विकासमा योगदान पुऱ्याइ विद्यार्थीहरूको शिक्षा र विकासमा सकारात्मक प्रभाव पार्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीहरूको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभावकारिताको लागि शिक्षकमा विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलापमा दक्षता, नमुना व्यक्तित्व आदि पर्दछन् ।

शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को अनुसूची १२ मा शिक्षक व्यवस्थापन सम्बन्धी प्रावधान निम्न अनुसार रहेको देखिन्छ

१. पूर्व प्राथमिक विद्यालयमा एक जना शिक्षक
२. आधारभूत तहको पचास जना विद्यार्थी भएमा कम्तीमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीन जना शिक्षक रहने व्यवस्था छ ।
३. आधारभूत तहको ६ कक्षादेखि ८ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा आधारभूत तहको चार जना शिक्षक रहने छ ।
४. माध्यमिक विद्यालयमा कक्षा १० सम्म सञ्चालन भएको विद्यालयमा १२ जना शिक्षक रहने व्यवस्था छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई स्थानीय तहबाट नियुक्ति र पदस्थापना गर्ने कार्य गरेको छ । यसै गरी अस्थायी वा निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् ।

४.२.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकाको विद्यालय शिक्षामा शिक्षकको शैक्षिक योग्यता, विषयगत दक्षता, पेशागत क्षमता तथा निरन्तर पेसागत विकासलाई गुणस्तरीय शिक्षाको महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ। सामुदायिक तथा संस्थागत विद्यालयमा विभिन्न प्रकारका शिक्षक कार्यरत रहेका छन् र शिक्षकको नियुक्ति, पदस्थापन, व्यवस्थापन तथा क्षमता विकासमा सङ्घ, प्रदेश र स्थानीय तहको आ–आफ्नो भूमिका रहेको छ। शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकको नियुक्ति तथा पदस्थापन स्थानीय तहबाट हुने तथा स्थानीय आवश्यकताअनुसार करार, राहत तथा अन्य स्रोतबाट शिक्षक व्यवस्थापन गर्ने अभ्याससमेत रहेको छ । तुलसीपुर उपमहानगरपालिकामा शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि समय–समयमा पाठ्यक्रम प्रबोधीकरण, विषयगत तालिम, ICT तथा प्रविधिमैत्री शिक्षण, बालमैत्री शिक्षण, मूल्याङ्कन तथा अन्य पेशागत विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । तथापि, शिक्षकको वास्तविक आवश्यकता, विषयगत समस्या तथा कक्षाकोठामा देखिएका सिकाइ चुनौतीका आधारमा नियमित र अनुसन्धानमा आधारित पेशागत सहयोग तथा क्षमता विकासलाई थप व्यवस्थित गर्न आवश्यक रहेको छ। विशेषगरी पाठ्यक्रमको उद्देश्यअनुसार शिक्षण गर्ने, पाठ्यपुस्तकभन्दा पाठ्यक्रममा आधारित सिकाइ सहजीकरण गर्ने, विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा शिक्षण रणनीति परिवर्तन गर्ने तथा ICT को प्रभावकारी प्रयोग गर्ने पक्षमा थप क्षमता विकास आवश्यक रहेको छ।

उपमहानगरपालिकाका विद्यालयमा शिक्षकको उपलब्धता तथा विषयगत आवश्यकताबिच पूर्ण सन्तुलन कायम हुन सकेको अवस्था छैन। कतिपय विद्यालयमा विषयगत शिक्षकको आवश्यकता र उपलब्धताबिच अन्तर रहेको तथा शिक्षक दरबन्दीको वितरणमा समेत

विद्यालयको विद्यार्थी सङ्ख्या, कक्षा सञ्चालन र विषयगत आवश्यकताअनुसार थप व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ । साथै, शिक्षकको पेशागत विकासका अवसर सबै शिक्षकका लागि समान र निरन्तर रूपमा उपलब्ध गराउन तथा तालिमबाट प्राप्त ज्ञान, सीप र प्रविधिलाई कक्षाकोठाको व्यवहारमा रूपान्तरण गर्ने पक्षलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा अनुगमनको अभ्यास रहे पनि यसलाई विद्यार्थीको सिकाइ उपलब्धि, कक्षाकोठाको शिक्षण अभ्यास तथा शिक्षकको पेशागत विकाससँग थप प्रत्यक्ष रूपमा आबद्ध गर्नुपर्ने अवस्था रहेको छ । विद्यालयमा प्रधानाध्यापकको शैक्षिक नेतृत्व, शिक्षकको सहकार्य तथा सिकाइ सुधारका लागि नियमित पेसागत संवाद र सहकर्मी सिकाइलाई थप संस्थागत गर्न आवश्यक रहेको छ ।

समग्रमा, तुलसीपुरमा शिक्षक व्यवस्थापन तथा क्षमता विकासका लागि आधारभूत संरचना र कार्यक्रमहरू रहेको भए पनि विषयगत शिक्षकको पर्याप्तता, आवश्यकतामा आधारित निरन्तर पेशागत विकास, शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गर्ने व्यवस्था, शैक्षिक नेतृत्व तथा कक्षाकोठामा तालिमको प्रयोगलाई थप सुदृढ गर्नुपर्ने अवस्था रहेको छ । शिक्षकलाई निरन्तर सिक्ने, अभ्यास गर्ने र आफ्नो शिक्षण पद्धतिमा सुधार गर्ने अवसर प्रदान गर्दै विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग शिक्षक विकासलाई प्रत्यक्ष रूपमा जोड्न आवश्यक रहेको छ । विद्यार्थी–शिक्षक अनुपात तथा विद्यालयको विषयगत आवश्यकताका आधारमा तुलसीपुरका अधिकांश सामुदायिक विद्यालयमा विद्यालय तहबाटै निजी स्रोत शिक्षकको व्यवस्थापन गरिएको छ । शिक्षक व्यवस्थापनमा समुदायको समेत महत्त्वपूर्ण योगदान रहेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर तथा विषयगत शिक्षकको आवश्यकता पूर्ति गर्न समुदायले आर्थिक तथा अन्य सहयोगमार्फत विद्यालय शिक्षाको विकासमा थप योगदान पुऱ्याउँदै आएको छ ।

तालिका नं. ३५: तुलसीपुर उपमहानगरपालिकाको सामुदायिक विद्यालयमा शिक्षक विवरण २०८३

क्र.सं.	किसिम	बालविकास शिक्षा	प्रा.वि.	नि.मा.वि.	मा.वि.	उच्च मा. वि	जम्मा	कैफियत
१	बालविकास शिक्षक							
२	स्वीकृत दरबन्दी	१४३	२८६	६७	५९	३	४१५	
३	राहत		८९	३३	१७	१६	१५५	
४	सङ्घीय अनुदान			१०	१३		२३	
५	पालिका अनुदान			११	२२		३३	
६	विशेष शिक्षा			३				
७	प्राविधिक धार (सहायक प्रशिक्षक)				२	२		
८	प्राविधिक धार (प्रशिक्षक)				२	२		
जम्मा		१४३	३७५	१२४	११५	२३	६२६	

तालिका नं. ३६: सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात

विवरण	बालविकास शिक्षा	प्रा.वि.	नि.मा.वि.	मा.वि.	उच्च मा.वि	जम्मा	कैफियत
जम्मा शिक्षक	१४३	३७५	१२४	११५	२३	६२६	
जम्मा विद्यार्थी	१५४३	५१६२	४७६८	३५२२	२२८२	१७२७७	
शिक्षक विद्यार्थी अनुपात	१:११	१:१४	१:३८	१:३१	१:१००	१:२७	

४.२.३ प्रमुख समस्या तथा चुनौतीहरू

१. शिक्षकको उत्प्रेरणा, पेशागत प्रतिबद्धता तथा जिम्मेवारी बोधमा अपेक्षित सुधार हुन नसक्नु।
२. शिक्षक–विद्यार्थी अनुपात सबै विद्यालयमा समान नहुनु, कतिपय विद्यालयमा शिक्षकको तुलनात्मक रूपमा कमी र कतिपयमा बढी हुनु।
३. कक्षागत तथा विषयगत शिक्षकको अभाव रहनु, विशेषगरी उच्च माध्यमिक तहमा आवश्यक विषयगत शिक्षक दरबन्दी न्यून हुनु।
४. विद्यालयको विद्यार्थी सङ्ख्या, कक्षा सञ्चालन तथा विषयगत आवश्यकताअनुसार पर्याप्त शिक्षक दरबन्दी व्यवस्थापन हुन नसक्नु।
५. विद्यार्थी–शिक्षक अनुपातलाई आधार बनाई विद्यालयहरूबिच शिक्षक दरबन्दीको पुनर्वितरण तथा समायोजनलाई प्रभावकारी बनाउन नसक्नु।
६. अधिकांश सामुदायिक विद्यालयमा निजी स्रोत शिक्षकको आवश्यकता परे पनि त्यसको दीगो व्यवस्थापनका लागि विद्यालय तथा समुदायमा आर्थिक दायित्व बढ्नु।
७. शिक्षक नियुक्ति, सरुवा, पदस्थापन तथा व्यवस्थापनसम्बन्धी अधिकार र प्रक्रियामा सङ्घ, प्रदेश तथा स्थानीय तहबिच थप स्पष्टता र प्रभावकारी समन्वय आवश्यक हुनु।
८. विद्यालयको वास्तविक आवश्यकता, पाठ्यक्रम तथा विषयगत आवश्यकताअनुसार शिक्षक तयारी तथा पेशागत विकासका अवसर पर्याप्त र नियमित नहुनु।
९. समय–समयमा तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन भए पनि तालिमबाट प्राप्त ज्ञान, सीप तथा प्रविधिलाई कक्षाकोठाको शिक्षणमा प्रभावकारी रूपमा रूपान्तरण गर्न चुनौती रहनु।
१०. शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि तथा कक्षाकोठाको शिक्षण अभ्याससँग प्रभावकारी रूपमा आबद्ध गर्न नसक्नु।
११. शिक्षकको निरन्तर पेशागत विकासका लागि आवश्यक अवसर, स्रोत तथा संस्थागत सहयोगलाई पर्याप्त र प्रभावकारी बनाउन चुनौती रहनु।
१२. दुर्गम तथा घरपायकभन्दा बाहिरका विद्यालयमा शिक्षक पदस्थापन हुँदा शिक्षकको स्थायित्व, उत्प्रेरणा तथा जिम्मेवारी बोध कायम राख्न चुनौती रहनु।
१३. विपद्, महामारी तथा अन्य सङ्कटपूर्ण अवस्थामा वैकल्पिक माध्यमबाट शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षकको क्षमता तथा तयारीमा थप सुधार आवश्यक हुनु।
१४. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न शिक्षकको विषयगत तथा शिक्षण पद्धतिसम्बन्धी क्षमता थप सुदृढ गर्न आवश्यक हुनु।
१५. शिक्षण पेशालाई आकर्षक तथा रोजाइको पेशाका रूपमा विकास गर्न आवश्यक प्रोत्साहन, पेशागत विकास तथा कार्यसम्पादनमा आधारित अवसरको व्यवस्था गर्न चुनौती रहनु।
१६. विद्यालयमा शैक्षिक नेतृत्व, सहकर्मी सिकाइ, पेशागत संवाद तथा शिक्षक–शिक्षक सहकार्यलाई पर्याप्त रूपमा संस्थागत गर्न नसक्नु।
१७. विद्यालयमा शिक्षक व्यवस्थापन तथा सिकाइ सुधारका लागि समुदायले निजी स्रोत शिक्षक व्यवस्थापनमा सहयोग गर्दै आए पनि यस्तो सहयोगलाई दीगो र संस्थागत बनाउन चुनौती रहनु।

४.२.४ उद्देश्यहरू

१. विद्यालयको विद्यार्थी सङ्ख्या, कक्षा सञ्चालन तथा विषयगत आवश्यकताका आधारमा पर्याप्त, सक्षम र योग्य शिक्षकको व्यवस्था गर्नु।

२. शिक्षक दरबन्दी तथा विद्यार्थी–शिक्षक अनुपातमा देखिएको असमानता न्यूनीकरण गर्दै आवश्यकताका आधारमा शिक्षकको पुनर्वितरण तथा व्यवस्थापन गर्नु।
३. विशेषगरी माध्यमिक तथा उच्च माध्यमिक तहमा आवश्यक विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्नु।
४. शिक्षकको छनोट, नियुक्ति, पदस्थापन तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी, आवश्यकता–आधारित र प्रभावकारी बनाउनु।
५. शिक्षकको विषयगत ज्ञान, शिक्षण सीप तथा पेशागत दक्षता अभिवृद्धिका लागि निरन्तर पेशागत विकास तथा सहयोग प्रणालीलाई संस्थागत गर्नु।
६. तालिम तथा क्षमता विकासबाट प्राप्त ज्ञान, सीप र प्रविधिलाई प्रभावकारी रूपमा कक्षाकोठाको शिक्षण सिकाइमा प्रयोग गर्ने वातावरण निर्माण गर्नु।
७. शिक्षकको कार्यसम्पादन, पेशागत उत्तरदायित्व तथा जवाफदेहितालाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गर्दै शिक्षणमा गुणस्तर र परिणाममुखी अभ्यास विकास गर्नु।
८. शिक्षकमा पेशागत उत्प्रेरणा, प्रतिबद्धता, जिम्मेवारी बोध तथा सिकाइ आदानप्रदानको संस्कृतिको विकास गर्नु।
९. प्रधानाध्यापक तथा शिक्षकको शैक्षिक नेतृत्व, अनुगमन, सुपरिवेक्षण, सहकर्मी सिकाइ तथा पेशागत सहयोगलाई प्रभावकारी बनाउनु।
१०. निजी स्रोत शिक्षक व्यवस्थापनमा विद्यालय तथा समुदायबाट हुँदै आएको सहयोगलाई व्यवस्थित तथा दिगो बनाउँदै शिक्षक व्यवस्थापनमा स्थानीय स्रोतको परिचालनलाई सुदृढ गर्नु।
११. विपद्, महामारी तथा अन्य सङ्कटपूर्ण अवस्थामा समेत वैकल्पिक माध्यमबाट शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षकको क्षमता तथा तयारी विकास गर्नु।
१२. शिक्षण पेशालाई आकर्षक, सम्मानित र रोजाइको पेशाका रूपमा विकास गर्न आवश्यक प्रोत्साहन, पेशागत विकास तथा सिकाइ आदानप्रदानका अवसर सिर्जना गर्नु।

४.२.५ रणनीतिहरू

१. विद्यार्थी–शिक्षक अनुपात, कक्षा सञ्चालन तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दीको मिलान, पुनर्वितरण तथा व्यवस्थापन गर्ने।
२. रिक्त तथा आवश्यक शिक्षक पदमा प्रचलित कानुनी व्यवस्था र स्थानीय आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने।
३. विशेषगरी माध्यमिक तथा उच्च माध्यमिक तहमा विषयगत शिक्षकको आवश्यकता पहिचान गरी पर्याप्त शिक्षक व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।
४. सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा शिक्षकको निरन्तर पेशागत विकास, विषयगत दक्षता, शिक्षण सीप, मूल्याङ्कन तथा प्रविधिमैत्री शिक्षणसम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने।
५. स्थानीय तहमा गठन भएका विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह तथा शिक्षक सिकाइ समूह परिचालन गरी अनुभवी शिक्षक तथा विषयविज्ञबाट कोचिङ, मेन्टोरिङ र सहकर्मी सिकाइको व्यवस्था गर्ने।
६. शिक्षकको उपस्थिति, नियमितता, कार्यसम्पादन तथा पेशागत उत्तरदायित्वमा सुधार गर्न नियमित अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषणको व्यवस्था गर्ने।
७. शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादन र पेशागत विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालय सुधार योजनासँग आबद्ध गरी नतिजाप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने।
८. तालिम तथा क्षमता विकासबाट प्राप्त ज्ञान, सीप र प्रविधिलाई कक्षाकोठाको शिक्षण सिकाइमा प्रयोग गर्न विद्यालयस्तरमा अभ्यास, सहकर्मी अवलोकन तथा पृष्ठपोषणको व्यवस्था गर्ने।

९. सामुदायिक विद्यालयमा विद्यार्थी–शिक्षक अनुपात तथा विषयगत आवश्यकताका आधारमा व्यवस्थापन गरिएका निजी स्रोत शिक्षकको भूमिकालाई व्यवस्थित गर्दै समुदायबाट हुँदै आएको सहयोगलाई दिगो र संस्थागत बनाउने।

१०. विपद्, महामारी तथा अन्य सङ्कटपूर्ण अवस्थामा वैकल्पिक तथा प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न शिक्षकको क्षमता तथा आवश्यक पूर्वाधार विकास गर्ने।

४.२.६ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि:

योग्य, सक्षम, अभिप्रेरित र जवाफदेही शिक्षकको प्रभावकारी व्यवस्थापन भई कक्षाकोठाको शिक्षण सिकाइको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने।

ख) अपेक्षित नतिजा

१. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षक तयारी, छनोट, नियुक्ति तथा निरन्तर पेसागत विकासको व्यवस्था सुदृढ भई सक्षम र विषयगत दक्ष शिक्षकको आपूर्ति सुनिश्चित भएको हुने।

२. शिक्षकको निरन्तर पेसागत सहयोग, तालिम, सिकाइ आदानप्रदान तथा वृत्तिविकासका अवसर विस्तार भई शिक्षण पेसा थप प्रतिस्पर्धी, सम्मानित र आकर्षक भएको हुने।

३. विद्यार्थी–शिक्षक अनुपात तथा तहगत र विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दीको मिलान तथा पुनर्वितरण भई शिक्षकको नियमित आपूर्ति र उचित व्यवस्थापन भएको हुने।

४. शिक्षकको उपस्थिति, शिक्षण विधि, कार्यसम्पादन तथा पेशागत जवाफदेहितामा सुधार भई पारदर्शी र वस्तुनिष्ठ वृत्तिविकास प्रणाली स्थापित भएको हुने।

ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत सामुदायिक र संस्थागतमा तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या	सहजकर्ताको सङ्ख्या	१४३	१४३	१४३	१४३	१४३	
२	आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%)	शिक्षक %)	१००%	१००%	१००%	१००%	१००%	
३	माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%)	शिक्षक %)	१००%	१००%	१००%	१००%	१००%	
४	सूचना तथा	शिक्षक %)	५०%	६०%	७५%	८२%	९०%	

क्र.सं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
	प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%)							
५	सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	१५	१६	१७	१७	१८	

४.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	अस्थायी, राहत, अनुदान तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी	पटक	०	१	०	०	१	२	
२	अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि	पटक	०	०	१	१	१	३	
३	कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने (वार्षिक एक पटक कोचिङ कक्षा)	पटक	५	५	५	५	५	१५	
४	उपचारात्मक शिक्षण पद्धति लागू गर्ने	विद्यालय	१	१	१	१	१	६८	
५	परीक्षाको नतिजा विश्लेषण (वार्षिक)	विद्यालय	६७	६७	६७	६७	०	६८	
६	विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास (वार्षिक एक पटक)	पटक	१	१	१	१	१	५	
७	असल अभ्यासको अवलोकन भ्रमण (घुम्ती बैठक)	पटक	२	२	२	२	२	१०	
८	विज्ञ समूहको गठन र परिचालन	पटक	१	१	१	१	१	५	
९	सहपाठी कक्षा अवलोकन (प्रत्येक विद्यालयमा वार्षिक २ पटक)	पटक	२	२	२	२	२	१०	
१०	सामुदायिक विद्यालयका प्र.अ र लेखापालका लागि छोटो अवधिको क्षमता विकास तालिम	पटक	१	०	०	१	०	२	
११	विद्यालय तहमा शिक्षकको पेसागत विकास	पटक	१	१	१	१	१	५	
१२	कार्यसम्पादन मूल्याङ्कन (वार्षिक १ पटक) अस्थायी, करार र अनुदान शिक्षकको समेत	पटक	१	१	१	१	१	५	

१३	शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण (वार्षिक)	पटक	१	१	१	१	१	५	
१४	प्र.अ बैठकमा विद्यालय शिक्षण क्रियाकलापका सम्बन्धमा नियमित छलफल तथा सिकाइ अदान प्रदान	पटक	१२	१२	१२	१२	१२	६०	
१५	शिक्षकलाई प्रोत्साहन डायरी र झोला	पटक	१	१	१	१	१	५	
१६	स्विकृत, दरबन्दी र राहत शिक्षक व्यवस्थापन (वार्षिक)	पटक	१	१	१	१	१	५	
१७	पूर्व प्राथमिक तहका शिक्षकहरूका लागि क्षमता विकास तालिम	पटक	१	०	०	१	०	२	

४.३ शैक्षिक समता र समावेशीकरण

४.३.१ परिचय

शैक्षिक समता र समावेशीकरण भन्नाले बालबालिकाको जात, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि वा अन्य कुनै पनि अवस्थाका आधारमा विभेद नगरी सबैलाई शिक्षामा समान अवसर र आवश्यकताअनुसार थप सहयोग तथा सुविधा उपलब्ध गराउनु हो । समानता मात्रले सबै बालबालिकाको समान सिकाइ सुनिश्चित गर्न नसक्ने भएकाले उनीहरूको फरक आवश्यकता र अवस्थालाई सम्बोधन गर्दै समतामूलक अवसर सिर्जना गर्नु आवश्यक हुन्छ ।

शिक्षामा समता र समावेशीकरणले विशेष गरी आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, दलित, जनजाति, अपाङ्गता भएका, विपन्न, जोखिममा रहेका तथा अन्य वञ्चित समूहका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । यसका लागि विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, सुरक्षित तथा समावेशी बनाउनुका साथै आवश्यकता अनुसार लक्षित सहयोग र अवसर प्रदान गर्न आवश्यक हुन्छ ।

तुलसीपुर उपमहानगरपालिकाको शैक्षिक विकासलाई थप समतामूलक, समावेशी र गुणस्तरीय बनाउन विद्यालय शिक्षामा देखिन सक्ने सामाजिक, आर्थिक, लैङ्गिक, भौगोलिक तथा अन्य प्रकारका असमानतालाई सम्बोधन गर्दै सबै बालबालिकालाई शिक्षा प्रणालीमा समान रूपमा सहभागी गराउने र उनीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने विषयलाई प्राथमिकताका साथ अघि बढाउनु आवश्यक रहेको छ ।

४.३.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिका सामाजिक, सांस्कृतिक, भाषिक तथा आर्थिक विविधता भएको क्षेत्र हो । यहाँ विभिन्न जातजाति, दलित, जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न समुदायको बसोबास रहेको छ । यस्तो विविधताका कारण बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता तथा सिकाइ उपलब्धिमा फरक अवस्था आउन सक्ने भएकाले उनीहरूको आवश्यकता र अवस्थाअनुसार समान अवसरसँगै थप सहयोग र सुविधा उपलब्ध गराउनु आवश्यक रहेको छ ।

शैक्षिक समता भन्नाले सबै बालबालिकालाई समान व्यवहार गर्नु मात्र नभई उनीहरूको सामाजिक, आर्थिक, लैङ्गिक, शारीरिक तथा अन्य अवस्थाबाट सिर्जित फरक आवश्यकतालाई सम्बोधन गरी शिक्षामा समान अवसर र सिकाइ सुनिश्चित गर्नु हो । विशेषगरी आर्थिक रूपमा विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा अन्य वञ्चित समूहका बालबालिकाको विद्यालय पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धिमा सुधार ल्याउन लक्षित तथा आवश्यकता–आधारित कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको छ ।

तुलसीपुर उपमहानगरपालिकामा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म २८,६६१ जना छात्रा, २४५ जना अपाङ्गता भएका बालबालिका, ९,३०२ जना दलित तथा १६,८९१ जना जनजाति बालबालिका अध्ययनरत रहेको तथ्याङ्कका आधारमा विद्यालय

शिक्षामा विभिन्न सामाजिक समूहको सहभागिता सुनिश्चित गर्न थप समतामूलक र समावेशी व्यवस्था गर्न आवश्यक रहेको देखिन्छ । विशेषगरी अपाङ्गता भएका तथा सामाजिक र आर्थिक रूपमा पछाडि परेका बालबालिकाको आवश्यकता सम्बोधन गर्न थप सहयोग र अवसर सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

यसका लागि विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, सुरक्षित तथा समावेशी बनाउनुका साथै विविधताअनुकूल शिक्षण सिकाइ विधि तथा सामग्रीको प्रयोग, आवश्यक सिकाइ सहयोग, छात्रवृत्ति तथा परामर्श सेवाको व्यवस्था र अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि गर्न आवश्यक रहेको छ । समग्रमा, शिक्षामा देखिन सक्ने सामाजिक, आर्थिक, लैङ्गिक तथा अन्य असमानता न्यूनीकरण गर्दै सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्ने वातावरण निर्माण गर्नु तुलसीपुरको शैक्षिक समता तथा समावेशीकरणका लागि आवश्यक रहेको देखिन्छ । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकिएको अवस्था छैन । विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा तुलसीपुर उपमहानगरपालिकाका कक्षा ७ का ८६ जना, कक्षा ८ का १ जना र कक्षा १० का ९३ जना विद्यार्थीले वार्षिक रु. ६,००० का दरले छात्रवृत्ति प्राप्त गरेका छन् । यस्ता लक्षित छात्रवृत्ति कार्यक्रमलाई आर्थिक रूपमा विपन्न तथा जोखिममा रहेका बालबालिकाको विद्यालय पहुँच, निरन्तरता र सिकाइमा सहयोग पुग्ने गरी थप प्रभावकारी तथा आवश्यकता–आधारित बनाउन आवश्यक रहेको देखिन्छ ।

४.३.३ समस्या तथा चुनौतीहरू

१. अपाङ्गता भएका, दलित, जनजाति, विपन्न तथा अन्य लक्षित समूहका बालबालिकासम्बन्धी तथ्याङ्कको नियमित अद्यावधिक, विश्लेषण तथा उपयोग प्रभावकारी हुन नसक्नु ।
२. विद्यालय तथा समुदायमा लैङ्गिक, सामाजिक तथा समावेशी शिक्षासम्बन्धी सचेतना अपेक्षित रूपमा विकास हुन नसक्नु ।
३. सबै विद्यालयमा अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, बालमैत्री तथा सुरक्षित भौतिक र शैक्षिक वातावरण सुनिश्चित हुन नसक्नु ।
४. आर्थिक विपन्नता, पारिवारिक अवस्था तथा सामाजिक कारणले केही बालबालिकाको नियमित उपस्थिति, निरन्तरता र सिकाइ उपलब्धिमा असर पर्नु ।
५. समुदायमा विभेद, दुर्व्यवहार, हेपाइ तथा बहिष्करणका व्यवहार पूर्ण रूपमा अन्त्य हुन नसक्नु ।
६. लक्षित छात्रवृत्ति, सिकाइ सहयोग तथा अन्य सहायतामूलक कार्यक्रमहरूको दायरा र प्रभावकारिता पर्याप्त हुन नसक्नु ।
७. अपाङ्गता भएका तथा विशेष सहयोग आवश्यक पर्ने बालबालिकाका लागि आवश्यक सिकाइ सामग्री, सहयोगी उपकरण तथा सहयोग प्रणालीको पर्याप्त व्यवस्था हुन नसक्नु ।

४.३.४ उद्देश्यहरू

१. सबै बालबालिकाका लागि समतामूलक तथा समावेशी शैक्षिक पहुँच सुनिश्चित गर्नु ।
२. दलित, जनजाति, अपाङ्गता भएका, विपन्न तथा अन्य लक्षित समूहका बालबालिकाको सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।
३. विद्यालय तथा समुदायमा विभेदरहित, सुरक्षित, बालमैत्री तथा समावेशी वातावरण प्रवर्द्धन गर्नु ।

४. शैक्षिक समता तथा समावेशीकरणसम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

४.३.५ रणनीतिहरू

१. अपाङ्गता भएका, दलित, जनजाति, विपन्न तथा अन्य लक्षित समूहका बालबालिकाको तथ्याङ्क नियमित रूपमा अद्यावधिक तथा विश्लेषण गरिनेछ।
२. विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित भौतिक तथा शैक्षिक वातावरण विकास गरिनेछ।
३. विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यकतानुसार स्रोतकक्षा, सहयोगी सामग्री तथा सहजीकरण सेवाको व्यवस्था गरिनेछ।
४. विद्यालय तथा समुदायमा समावेशी शिक्षा, लैङ्गिक समानता, बालअधिकार तथा विभेदविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
५. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा अन्य सहयोग उपलब्ध गराइनेछ।
६. किशोरी तथा अन्य जोखिममा रहेका बालबालिकाका लागि परामर्श, संरक्षण तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
७. विद्यालयका सबै गतिविधिमा बालबालिकाको समावेशी तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।
८. विद्यालयमा बाल संरक्षण, लैङ्गिक समानता तथा गुनासो व्यवस्थापन संयन्त्रलाई प्रभावकारी बनाइनेछ।
९. समुदाय, अभिभावक तथा सरोकारवालाको सहभागितामा समावेशी शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

तुलसीपुर उपमहानगरपालिकाका सबै बालबालिकाले सामाजिक, आर्थिक, लैङ्गिक तथा शारीरिक अवस्थाको आधारमा कुनै पनि प्रकारको विभेदबिना समतामूलक, सुरक्षित र गुणस्तरीय शिक्षामा पहुँच तथा सहभागिता प्राप्त गरेको हुने।

ख) नतिजा

१. अपाङ्गता भएका, दलित, जनजाति, विपन्न तथा अन्य लक्षित समूहका बालबालिकाको अद्यावधिक शैक्षिक तथ्याङ्क तथा अभिलेख प्रणाली विकास भएको हुने।
२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच, सहभागिता, निरन्तरता तथा सिकाइ उपलब्धिमा सुधार भएको हुने।
३. लक्षित समूहका बालबालिकाले छात्रवृत्ति, शैक्षिक सामग्री तथा आवश्यक सहयोग प्राप्त गरेको हुने।
४. विद्यालयहरूमा लैङ्गिक, सामाजिक तथा अपाङ्गतासम्बन्धी विभेद न्यूनीकरण भई समावेशी तथा सुरक्षित वातावरण सुनिश्चित भएको हुने।
५. अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरणको विस्तार भएको हुने।

ग) **नतिजा तथा परिमाणात्मक लक्ष्य**

क्र.सं.	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	अपाङ्गता, अभिभावक विहीन बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	१५३	१५३	१५३	१५३	१५३	संस्थागत विद्यालय समेत
२	आधारभूत तहमा लैङ्गिक समता सूचक	सूचक	०.८५	०.८६	०.८८	०.९२	०.९५	
३	माध्यमिक तहमा लैङ्गिक समता सूचक	सूचक	१.०	१.०	१.०	१.०	१.०	
४	लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एवं प्रोत्साहन प्राप्त गरेको विद्यार्थी सङ्ख्या	विद्यार्थी सङ्ख्या	१८४४९	१८४६९	१८४७९	१८४५७	१८४९८	छात्रा, अपाङ्गता भएका र दलित तथा विपन्न बालबालिका
५	पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा समता तथा समावेशिता अभिवृद्धि भएको विद्यालय	विद्यालय सङ्ख्या	१५३	१५३	१५३	१५३	१५३	संस्थागत विद्यालय समेत

४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण	पटक	०	१	१	१	१	४	
२	वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने	निरन्तर	०	१	१	१	१	४	
३	विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन जनचेतना कार्यक्रम	पटक	०	१	१	१	१	४	
४	विद्यालय भर्नाको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने	पटक	१	१	१	१	१	५	
५	आवस्यकता अनुसारको सिकाइ सामग्री व्यवस्था गर्ने विद्यालय	सङ्ख्या	६८	६८	६८	६८	६८	६८	
६	जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था	सङ्ख्या	६८	६८	६८	६८	६८	६८	

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.४.१ परिचय

बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको शारीरिक, मानसिक तथा संज्ञानात्मक विकास, नियमित विद्यालय उपस्थिति र सिकाइ उपलब्धिसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुने भएकाले विद्यालय तहमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको प्रभावकारी व्यवस्थापन आवश्यक रहेको छ । तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, जुकाको औषधि, छात्राहरूका लागि आइरन चक्की तथा सेनिटरी प्याड, खानेपानी, शौचालय र सरसफाइ लगायतका कार्यक्रम तथा सेवाहरू सञ्चालनमा रहेका भए पनि सबै विद्यालयमा यिनको गुणस्तरीय र समान पहुँच सुनिश्चित गर्न थप सुधार आवश्यक रहेको छ ।

विद्यालयमा सञ्चालन हुने दिवा खाजा कार्यक्रमले बालबालिकाको पोषण सुधार, विद्यालयमा नियमित उपस्थिति तथा सिकाइमा सहयोग पुऱ्याउने भए पनि खाजाको गुणस्तर, स्थानीय तथा पौष्टिक खाद्य सामग्रीको प्रयोग, पूर्वाधार तथा व्यवस्थापन पक्षलाई थप व्यवस्थित गर्न आवश्यक रहेको छ । साथै, विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री खानेपानी, शौचालय र सरसफाइ सुविधाको पहुँच तथा प्रयोगमा थप सुधार आवश्यक रहेको छ । तुलसीपुरमा विद्यालय तथा स्थानीय स्वास्थ्य संस्थाबिचको समन्वयबाट स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अभ्यास रहे पनि नियमित स्वास्थ्य परीक्षण, दृष्टि तथा श्रवण परीक्षण, पोषणसम्बन्धी परामर्श, मनोसामाजिक स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ । विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ तथा महिनावारी स्वच्छतासम्बन्धी व्यवहारिक शिक्षा र बालबालिकाको सहभागितामार्फत स्वस्थ व्यवहार विकास गर्नुपर्ने देखिन्छ ।

समग्रमा, तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी विद्यमान सेवाको गुणस्तर र पहुँचमा सुधार गर्दै विद्यालय र स्वास्थ्य संस्थाबिच समन्वय सुदृढ गर्ने, पौष्टिक दिवा खाजालाई व्यवस्थित गर्ने तथा बालबालिकाको स्वस्थ जीवनशैली र सिकाइ उपलब्धिसँग स्वास्थ्य तथा पोषण कार्यक्रमलाई आबद्ध गर्ने आवश्यकता रहेको छ ।

४.४.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा विद्यार्थीको स्वास्थ्य तथा पोषणसँग सम्बन्धित कार्यक्रमहरू स्वास्थ्य शाखा, शिक्षा शाखा तथा विद्यालयको समन्वयमा सञ्चालन हुँदै आएका छन् । विद्यालयमा वार्षिक स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, जुकाको औषधि वितरण, आइरन तथा फोलिक एसिड वितरणलगायतका स्वास्थ्य प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । विद्यालयमा प्राथमिक उपचार सामग्री तथा आवश्यक औषधिको उपलब्धता सुनिश्चित गर्ने प्रयास भए पनि सबै विद्यालयमा पर्याप्त सामग्री, उपकरण तथा व्यवस्थित प्राथमिक उपचार सेवाको पहुँच सुनिश्चित गर्न थप सुधार आवश्यक रहेको छ । विद्यालयमा छात्राहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याडलगायतका सामग्रीको व्यवस्था गर्ने अभ्यास रहेको छ । तथापि, यसको नियमित आपूर्ति, सुरक्षित भण्डारण, प्रयोगपश्चात् उचित व्यवस्थापन तथा महिनावारी स्वच्छतासम्बन्धी व्यवहार परिवर्तनका लागि थप प्रभावकारी व्यवस्था आवश्यक रहेको छ । त्यसैगरी, विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइका पूर्वाधारहरू उपलब्ध भए पनि तिनको नियमित प्रयोग, सरसफाइ, मर्मतसम्भार र स्वच्छता कायम गर्ने पक्षलाई थप व्यवस्थित गर्न आवश्यक रहेको छ ।

दिवा खाजाका लागि बेस नेपाल संस्थामार्फत जनश्रमिक माध्यमिक विद्यालय, पशुपति माध्यमिक विद्यालय, बालमैत्री विद्यालय, आधारभूत विद्यालय कोठारी र बालचेतना विद्यालय गरी पाँच विद्यालयमा प्रतिविद्यार्थी रु. ५८ का दरले सहयोग उपलब्ध हुँदै आएको छ । सङ्घीय सरकारबाट सशर्त अनुदानमार्फत प्राप्त हुने प्रतिविद्यार्थी रु. २० समेत जोड्दा यी पाँच विद्यालयमा प्रतिविद्यार्थी रु. ७८ बराबरको दिवा खाजा उपलब्ध गराइएको छ । अन्य विद्यालयहरूमा भने सङ्घीय सरकारबाट प्राप्त हुने प्रतिविद्यार्थी रु. २० बराबरको रकमका आधारमा दिवा खाजा सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ । दिवा खाजालाई स्थानीय उत्पादन तथा पौष्टिक खाद्य सामग्रीसँग जोड्दै विविध र सन्तुलित मेनु तयार गर्ने, नियमित रूपमा उपलब्ध गराउने तथा प्रभावकारी व्यवस्थापन र अनुगमन गर्ने पक्ष केही विद्यालयमा अझै चुनौतीपूर्ण रहेको छ । त्यसैले दिवा खाजाको गुणस्तर, पोषणयुक्त मेनु, खाद्य स्वच्छता, भान्सा तथा भण्डारण व्यवस्थापन र नियमित अनुगमनलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

विद्यालयमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि बाल क्लब, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा विद्यार्थीको सहभागिता बढाउन सकिने अवस्था रहेको छ । प्लास्टिकजन्य फोहोर न्यूनीकरण, विद्यालय परिसर स्वच्छ राख्ने, हात धुने बानी, सुरक्षित खानेपानीको प्रयोग तथा वातावरणीय सरसफाइसम्बन्धी व्यवहारलाई नियमित सिकाइ र व्यवहारसँग जोड्न आवश्यक रहेको छ । समग्रमा, विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्दै स्वास्थ्य संस्थासँगको समन्वय, नियमित स्वास्थ्य परीक्षण तथा अभिलेखीकरण, पोषण शिक्षा, महिनावारी स्वच्छता र बालमैत्री तथा अपाङ्गतामैत्री WASH सेवाको गुणस्तर तथा पहुँच थप सुदृढ गर्न आवश्यक रहेको छ ।

४.४.३ समस्या तथा चुनौतीहरू

१. दिवा खाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता कार्यक्रमको प्रभावकारी, मितव्ययी, दिगो र पर्याप्त व्यवस्थापन हुन नसक्नु।
२. विद्यालयमा स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय क्षमता तथा जनशक्ति पर्याप्त रूपमा सुदृढ हुन नसक्नु ।

३. दिवा खाजाका लागि उपलब्ध बजेट पर्याप्त नहुनु तथा स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय स्रोतको अभाव हुनु।
४. विद्यालयमा स्थानीय तथा पौष्टिक खाद्य सामग्रीमा आधारित विविध र सन्तुलित दिवा खाजाको मेनु प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।
५. दिवा खाजा व्यवस्थापनका लागि आवश्यक जनशक्ति, भान्सा, भण्डारण तथा अन्य व्यवस्थापकीय स्रोत पर्याप्त रूपमा उपलब्ध हुन नसक्नु।
६. दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन, बजार तथा स्थानीय व्यवसायसँग प्रभावकारी रूपमा जोड्न नसक्नु।
७. विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधारका लागि प्रभावकारी प्रणाली विकास हुन नसक्नु।
८. विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमका लागि शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य सरोकारवाला निकायबिचको बहुक्षेत्रीय समन्वय प्रभावकारी रूपमा हुन नसक्नु।
९. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनका लागि उपमहानगरपालिकाको शिक्षा शाखा, स्वास्थ्य शाखा तथा विद्यालयबिचको समन्वयलाई थप प्रभावकारी बनाउन आवश्यक हुनु।
१०. खोप, आइरन तथा फोलिक एसिडलगायतका स्वास्थ्य तथा पोषणसम्बन्धी सेवामा सबै समुदायका बालबालिका तथा छात्राहरूको समान पहुँच र सहभागिता सुनिश्चित गर्न चुनौती रहनु।
११. विद्यालयमा सुरक्षित खानेपानी, पर्याप्त तथा स्वच्छ शौचालय, हात धुने सुविधा, फोहोर व्यवस्थापन तथा बालमैत्री र अपाङ्गतामैत्री सरसफाइ सुविधाको गुणस्तर र नियमित प्रयोग सुनिश्चित गर्न चुनौती रहनु।
१२. विद्यार्थीहरूमा स्वस्थकर खानपान, व्यक्तिगत सरसफाइ, महिनावारी स्वच्छता तथा स्वास्थ्यसम्बन्धी व्यवहार विकासका लागि व्यवहारिक तथा नियमित स्वास्थ्य तथा पोषण शिक्षा पर्याप्त रूपमा एकीकृत हुन नसक्नु।

४.४.४ उद्देश्यहरू

तुलसीपुर उपमहानगरपालिकाको विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

१. बालबालिकालाई सुरक्षित, स्वस्थ, पौष्टिक तथा स्थानीय/रैथाने खाद्य पदार्थमा आधारित दिवा खाजा नियमित रूपमा प्राप्त हुने व्यवस्था सुनिश्चित गर्नु।
२. विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको पहुँच, गुणस्तर र प्रभावकारिता वृद्धि गरी बालबालिकाको स्वास्थ्य, पोषण, नियमित उपस्थिति तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।
३. विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री खानेपानी, शौचालय, सरसफाइ र स्वच्छता सुविधाको गुणस्तर तथा उपयोग सुनिश्चित गर्नु।
४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनका लागि शिक्षा, स्वास्थ्य, कृषि लगायतका सम्बन्धित शाखा तथा सरोकारवाला निकायबिच प्रभावकारी समन्वय र सहकार्य सुदृढ गर्नु।
५. दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन तथा बजारसँग जोड्दै स्थानीय उत्पादनको प्रवर्द्धन र विद्यालय पोषणमा सुधार गर्नु।
६. विद्यालयमा स्वास्थ्य, पोषण, व्यक्तिगत सरसफाइ, महिनावारी स्वच्छता तथा स्वस्थकर खानपानसम्बन्धी व्यवहारिक ज्ञान र सकारात्मक व्यवहार विकास गर्नु।

४.४.५ रणनीतिहरू

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः सुदृढ तथा विस्तार गर्दै आधारभूत तहका सबै बालबालिकालाई पौष्टिक तथा सुरक्षित खाजा उपलब्ध गराउने र माध्यमिक तहमा अभिभावक तथा अन्य सरोकारवालाको सहभागितामा दिवा खाजाको व्यवस्था गर्ने ।
२. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भान्सा, खाने स्थान, खानेपानी, भण्डारण तथा सरसफाइसम्बन्धी पूर्वाधार र सामग्रीको आवश्यकताका आधारमा विकास तथा विस्तार गर्ने ।
३. विद्यार्थी सङ्ख्याको अनुपातमा सुरक्षित खानेपानी, साबुन तथा सरसफाइ सामग्रीसहित छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा युरिनल, किशोरीका लागि महिनावारी स्वच्छता व्यवस्थापन तथा चेन्जिङ सुविधा, प्रयोग भइसकेका सामग्रीको सुरक्षित व्यवस्थापन, हात धुने स्थान र विद्यालय परिसर तथा कक्षाकोठाको नियमित सरसफाइको व्यवस्था गर्ने ।
४. स्वास्थ्य शाखासँगको समन्वयमा विद्यालयमा प्राथमिक उपचार किट तथा आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गर्ने, नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि, आइरन तथा फोलिक एसिडलगायत सूक्ष्म पोषक तत्त्वको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छता सामग्रीको व्यवस्थापनलाई नियमित तथा प्रभावकारी बनाउने ।
५. दिवा खाजामा स्थानीय तथा रैथाने कृषि उत्पादनमा आधारित पौष्टिक खाद्य सामग्रीलाई प्राथमिकता दिई स्थानीय उत्पादन, कृषि तथा बजारसँग जोड्ने र विद्यालयअनुकूल विविध तथा सन्तुलित मेनु विकास गर्ने ।
६. दिवा खाजा तथा स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता कार्यक्रमको दिगोपनका लागि सङ्घीय तथा प्रदेश सरकार, स्थानीय समुदाय, अभिभावक, निजी क्षेत्र तथा विकास साझेदारसँग साझेदारी र सहकार्यको वातावरण तथा आवश्यक संयन्त्र विकास गर्ने ।
७. विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट सूचक, साधन, जिम्मेवारी र प्रक्रिया निर्धारण गरी प्राप्त नतिजाका आधारमा सुधार गर्ने व्यवस्था मिलाउने ।
८. विद्यालयमा स्वस्थकर खानपान, व्यक्तिगत सरसफाइ, हात धुने बानी, महिनावारी स्वच्छता, पोषण तथा स्वास्थ्यसम्बन्धी व्यवहारिक ज्ञानलाई शिक्षण–सिकाइ तथा अतिरिक्त क्रियाकलापसँग जोड्दै विद्यार्थी, अभिभावक र समुदायको सहभागिता बढाउने ।
९. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उपमहानगरपालिकाको शिक्षा, स्वास्थ्य, कृषि लगायत सम्बन्धित शाखा, विद्यालय तथा अन्य सरोकारवालाबिच नियमित समन्वय र सहकार्यको संयन्त्रलाई सुदृढ गर्ने ।

४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

क) प्रमुख उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

ख) प्रमुख नतिजा :

१. प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये सबैले आवश्यक खोप प्राप्त गरेका हुनेछन् ।
२. सबै विद्यालयले गुणस्तरिय तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरेका हुनेछन् ।
३. सबै विद्यालयमा वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था भएको हुनेछ ।
४. सबै विद्यालयमा खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ ।
५. माध्यमिक तहका विद्यालयमा नर्सिङ सेवा तथा सुविधा पुगेको हुनेछ ।
६. हरित विद्यालय कार्यढाँचा योजनालाई प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ ।

७. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित भएको हुनेछ ।

८. विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुनेछ ।

ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	सबै प्रकारका विद्यालयको प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%)	बालबालिका* (%)	९९%	९९%	९९%	९९%	९९%	
२	सबै प्रकारका विद्यालयको कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%)	बालबालिका* (%)	९९%	९९%	९९%	९९%	९९%	
३	सामुदायिक विद्यालयमा अध्ययनरत दिवा खाजा प्राप्त गर्ने बालविकासदेखि कक्षा ५	बालबलिका सङ्ख्या	६७०५	६७७२	६७८०	६८१०	६८२५	
४	वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या	विद्यालयको सङ्ख्या	६८	६८	६८	६८	६८	
५	विद्यालयमा खानेपानी, शौचालयको पहुँच पुगेका विद्यालय सङ्ख्या	विद्यालयको सङ्ख्या	६८	६८	६८	६८	६८	

४.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध	विद्यालय	०	९	९	९	९	३६	
२	प्राथमिक तहमा पोषणयुक्त दिवा खाजाको व्यवस्था	सङ्ख्या	५१६२	५२१४	५१०१	४९९१	४८८३	२५३५०	
३	दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग गर्ने	पटक	०	१	०	१	०	२	
४	विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय	विद्यालय	६८	६८	६८	६८	६८	६८	
५	कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था	छात्रा सङ्ख्या	५६४६	५७०२	५५७९	५४५९	५३४१	२७७२७	
६	आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड, एच.पी.भी खोप आदि प्रदान)	छात्रा सङ्ख्या	५६४६	५७०२	५५७९	५४५९	५३४१	२७७२७	
७	विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन	पटक	१३	१३	१४	१४	१४	६८	
८	विद्यालय स्तरीय पोषण सप्ताह सञ्चालन गर्ने	पटक	१	१	१	१	१	५	
९	विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि समिति गठन र तालिम प्राप्त फोकल शिक्षकको व्यवस्था गर्ने	पटक	०	१	०	१	०	२	
१०	बाल क्लब गठन तथा पुनरगठन र परिचालन गर्ने	पटक	१	१	१	१	१	५	

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

४.५.१ परिचय

विद्यालय सुरक्षा बालबालिकालाई सुरक्षित, हिंसारहित, भयरहित तथा सिकाइका लागि अनुकूल वातावरणमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने महत्त्वपूर्ण आधार हो । विद्यालय सुरक्षा अन्तर्गत विद्यालय भवन तथा भौतिक संरचनाको सुरक्षा, विपद् जोखिम न्यूनीकरण, आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य, सुरक्षित खानेपानी तथा सरसफाइ, बाल संरक्षण, हिंसा तथा दुर्व्यवहार न्यूनीकरण,

साथै बालबालिकाको भौतिक तथा मनोसामाजिक सुरक्षालगायतका पक्षहरू समेटिन्छन् । यसका लागि स्थानीय सरकार, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायबिच समन्वय र सहकार्य आवश्यक रहेको छ ।

नेपालमा विगतका द्वन्द्व, भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी तथा अन्य प्राकृतिक र गैरप्राकृतिक विपद्का कारण विद्यालय शिक्षा प्रभावित हुँदै आएको अनुभवका आधारमा विद्यालयलाई विपद् तथा सङ्कटका अवस्थामा पनि निरन्तर सिकाइ सञ्चालन गर्न सक्ने सुरक्षित र उत्थानशील संस्थाका रूपमा विकास गर्न आवश्यक रहेको छ । यसका लागि राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना २०७९–२०८८ लगायतका नीतिगत व्यवस्थाले विद्यालयमा विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पुनर्लाभका कार्यक्रमलाई संस्थागत गर्दै सुरक्षित, बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, हिंसारहित तथा भयरहित सिकाइ वातावरण निर्माणमा जोड दिएका छन् ।

तुलसीपुर उपमहानगरपालिकाको सन्दर्भमा पनि विद्यालयहरूलाई विभिन्न प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक विपद् र जोखिमबाट सुरक्षित राख्नुका साथै सङ्कटका समयमा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु आवश्यक रहेको छ । विद्यालयको भौतिक संरचनाको सुरक्षा, विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना, आपतकालीन पूर्वतयारी, जोखिमसम्बन्धी सचेतना तथा अभ्यास, प्राथमिक उपचार, बाल संरक्षण र मनोसामाजिक सहयोगका पक्षलाई विद्यालयको नियमित योजना तथा कार्यक्रमसँग जोड्दै विद्यालयलाई सुरक्षित र उत्थानशील सिकाइ केन्द्रका रूपमा विकास गर्न आवश्यक रहेको छ ।

४.५.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा भौतिक संरचना निर्माण तथा सुधार गर्दा प्रचलित मापदण्ड पालना गर्ने प्रयास हुँदै आएको छ । विद्यालयका भवन, कक्षाकोठा तथा अन्य भौतिक संरचनालाई सुरक्षित र बालमैत्री बनाउनेतर्फ ध्यान दिइएको भए पनि सबै विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन सुरक्षाका आवश्यक उपायहरू समान रूपमा व्यवस्थित हुन सकेका छैनन् । विशेषगरी अग्नि नियन्त्रण सामग्री, प्राथमिक उपचार सामग्री, आपतकालीन निकास तथा संकेत, सुरक्षित जमघट स्थललगायतका सुरक्षा व्यवस्थालाई थप सुदृढ गर्न आवश्यक रहेको छ । तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा बाढी, पहिरो, हावाहुरी, आगलागी, चट्याङ, भूकम्प तथा अन्य प्राकृतिक र गैरप्राकृतिक विपद्का जोखिमलाई ध्यानमा राखी विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको छ । विद्यालयमा विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी ज्ञान र सीप विकास गर्न शिक्षक, कर्मचारी तथा विद्यार्थीका लागि नियमित अभिमुखीकरण, तालिम र अभ्यास सञ्चालनलाई थप व्यवस्थित गर्न आवश्यक रहेको छ । साथै, विद्यालयको जोखिम पहिचान, जोखिम न्यूनीकरण योजना तथा आपतकालीन व्यवस्थापन योजनालाई विद्यालयको वार्षिक योजना तथा कार्यक्रमसँग जोड्न आवश्यक रहेको छ ।

विपद् वा सङ्कटका कारण विद्यालयमा भौतिक उपस्थितिमा नियमित पठनपाठन सञ्चालन गर्न नसकिने अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिन वैकल्पिक सिकाइका उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको छ । विगतमा कोभिड–१९ महामारीका समयमा विद्यालय बन्द हुँदा अनलाईन तथा अन्य वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिने प्रयासहरू भएका थिए । यसबाट सिकाइ सामग्रीको उपलब्धता, डिजिटल प्रविधिको पहुँच, शिक्षकको डिजिटल क्षमता तथा अभिभावकको सहयोगलाई सङ्कटको समयमा शैक्षिक निरन्तरताका लागि थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

विद्यालय सुरक्षा तथा उत्थानशीलताका लागि विद्यालयमा आपतकालीन योजना, सुरक्षित सिकाइको व्यवस्था, जोखिममा रहेका बालबालिका तथा अन्य संवेदनशील समूहको संरक्षण, प्राथमिक उपचार, मनोसामाजिक सहयोग र सङ्कटका समयमा वैकल्पिक सिकाइको व्यवस्था आवश्यक रहेको छ । साथै, विद्यालय, स्थानीय सरकार, सुरक्षा निकाय, स्वास्थ्य संस्था, अभिभावक तथा समुदायबिच विपद् व्यवस्थापन तथा शैक्षिक निरन्तरताका लागि प्रभावकारी समन्वय र सहकार्यको संयन्त्रलाई सुदृढ गर्न आवश्यक रहेको छ ।

समग्रमा, विद्यालयलाई सुरक्षित, बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, हिंसारहित तथा विपद् उत्थानशील सिकाइ केन्द्रका रूपमा विकास गर्न भौतिक संरचनाको सुरक्षा, विपद् पूर्वतयारी, नियमित सुरक्षा अभ्यास, आपतकालीन व्यवस्थापन, वैकल्पिक सिकाइ तथा समुदायको सहभागितालाई एकीकृत रूपमा अघि बढाउन आवश्यक रहेको छ।

४.५.३ समस्या तथा चुनौतीहरू

१. विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र व्यवहारिक क्षमता पर्याप्त रूपमा विकास हुन नसक्नु।
२. विद्यालय तथा समुदायमा विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त तथा परिचालन गर्न सकिने जनशक्तिको अभाव हुनु।
३. विद्यालयमा विपद् पूर्वतयारी, नियमित सुरक्षा अभ्यास तथा आपतकालीन प्रतिकार्यको व्यवस्था पर्याप्त रूपमा प्रभावकारी हुन नसक्नु।
४. सबै विद्यालयमा विद्यालयस्तरीय विपद् तथा आपतकालीन प्रतिकार्य योजना तयार तथा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
५. विद्यालय तथा स्थानीय तहको विपद् जोखिम व्यवस्थापन तथा उत्थानशीलता क्षमता पर्याप्त रूपमा सुदृढ हुन नसक्नु।
६. विद्यालयका भौतिक संरचना तथा पूर्वाधारमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी मापदण्डको पूर्ण कार्यान्वयन तथा नियमित सुरक्षा परीक्षणमा चुनौती रहनु।
७. जोखिमयुक्त अवस्थामा रहेका विद्यालय भवन तथा संरचनाको पहिचान, सुधार तथा पुनर्निर्माणलाई आवश्यकताअनुसार अघि बढाउन चुनौती रहनु।
८. विपद् तथा सङ्कटका समयमा शैक्षिक निरन्तरताका लागि आवश्यक वैकल्पिक सिकाइ प्रणाली, सामग्री तथा डिजिटल पहुँच सबै विद्यालयमा समान रूपमा सुनिश्चित गर्न चुनौती रहनु।
९. विद्यालय सुरक्षा, विपद् व्यवस्थापन तथा शैक्षिक निरन्तरताका लागि स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकाय तथा समुदायबिचको समन्वय र जिम्मेवारी स्पष्ट तथा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
१०. विद्यालयमा बाल संरक्षण, मनोसामाजिक सहयोग तथा हिंसा, दुर्व्यवहार र अन्य गैरसंरचनात्मक जोखिम न्यूनीकरणका उपायहरूलाई पर्याप्त रूपमा संस्थागत गर्न चुनौती रहनु।

४.५.४ उद्देश्यहरू

१. विद्यालय तथा स्थानीय तहमा विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि प्रभावकारी संयन्त्र, कार्यढाँचा तथा आपतकालीन योजना विकास गर्नु।
२. सम्भावित विपद् तथा सङ्कटको व्यवस्थापन र विद्यालयको उत्थानशीलता विकासका लागि आवश्यक भौतिक, मानवीय, प्राविधिक तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु।
३. विपद् तथा आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका प्रभावकारी विधि तथा प्रणालीको विकास गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु।
४. विद्यालयलाई सुरक्षित, बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, हिंसारहित तथा विपद् उत्थानशील सिकाइ केन्द्रका रूपमा विकास गर्नु।

४.५.५ रणनीतिहरू

१. विपद्का समयमा शिक्षा निरन्तरता, पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य तथा पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।

२. विद्यालय तथा समुदायमा सम्भावित प्रकोप, विपद् जोखिम, पूर्वसावधानी तथा जोखिम न्यूनीकरणका उपायसम्बन्धी नियमित अभिमुखीकरण, तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

३. विद्यालयस्तरमा विपद् तथा आपतकालीन प्रतिकार्य योजना तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने तथा सुरक्षा अभ्यास (Drill) सञ्चालन गर्ने।

४. भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, महामारीलगायत सम्भावित जोखिमको पहिचान तथा जोखिम नक्साङ्कन गरी विद्यालयको वार्षिक योजना तथा कार्यक्रमसँग जोड्ने।

५. कोभिड–१९ लगायतका महामारी तथा अन्य स्वास्थ्य सङ्कटका समयमा रोकथाम, पूर्वसावधानी तथा सुरक्षित सिकाइका लागि आवश्यक तयारी र स्वास्थ्य सुरक्षा व्यवस्था गर्ने।

६. विद्यालयमा भौतिक उपस्थितिमा पठनपाठन सम्भव नभएको अवस्थामा अनलाईन, अफलाईन, रेडियो, टेलिभिजन, स्वअध्ययन सामग्री तथा अन्य उपयुक्त वैकल्पिक विधिमार्फत सिकाइ निरन्तरताको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् तथा सङ्कटको सम्भावित प्रभावको पूर्वानुमान, विश्लेषण तथा मूल्याङ्कन गरी जोखिम न्यूनीकरण तथा पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने।

८. विपद् व्यवस्थापन तथा शैक्षिक निरन्तरताका लागि उपमहानगरपालिका, विद्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकाय, रेडक्रस, समुदाय तथा अन्य सरोकारवालाबिच समन्वय र सहकार्यको संयन्त्र विकास गर्ने।

९. विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधारमा विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी मापदण्डको पालना सुनिश्चित गर्ने।

१०. जोखिमयुक्त विद्यालय भवन तथा संरचनाको पहिचान गरी आवश्यक मर्मत, सुधार, पुनर्निर्माण तथा सुरक्षित स्थानान्तरणका लागि प्राथमिकताका आधारमा योजना तथा स्रोत व्यवस्थापन गर्ने।

११. विपद् व्यवस्थापनका लागि स्थानीय तह तथा विद्यालयको संस्थागत क्षमता विकास गर्दै शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा बाल क्लबलाई आवश्यक ज्ञान, सीप र जिम्मेवारीसहित परिचालन गर्ने।

१२. विद्यालयमा प्राथमिक उपचार, आपतकालीन सामग्री, सुरक्षित जमघट स्थल, आपतकालीन निकास तथा आवश्यक सुरक्षा उपकरणको व्यवस्थापन गर्ने।

१३. बाल संरक्षण, मनोसामाजिक सहयोग, हिंसा तथा दुर्व्यवहार न्यूनीकरण र सुरक्षित सिकाइ वातावरणलाई विद्यालय सुरक्षा योजनासँग एकीकृत गर्ने।

१४. हरित विद्यालय, जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकासका लागि शिक्षा सम्बन्धी कार्यक्रमलाई विद्यालयको नियमित योजना तथा सिकाइ प्रक्रियासँग जोडेर कार्यान्वयन गर्ने।

४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

क) प्रमुख उपलब्धि :

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।

३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

ख) प्रमुख नतिजा :

१. विद्यालयमा विपद् पूर्वतयारी, सुरक्षा अभ्यास तथा आपतकालीन प्रतिकार्य योजना कार्यान्वयन भएको हुनेछ।

२. विपद् जोखिम न्यूनीकरण तथा आधारभूत जीवन–सीपसम्बन्धी ज्ञान र सीप भएका शिक्षक तथा विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको हुनेछ।

३. विपद् तथा सङ्कटका समयमा वैकल्पिक सिकाइमार्फत शिक्षा निरन्तरता गर्न सक्षम विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुनेछ।

४. विद्यालयका जोखिमयुक्त भौतिक संरचनामा सुधार भई आवश्यक प्राथमिक उपचार तथा आपतकालीन सुरक्षा सामग्रीको उपलब्धता सुनिश्चित भएको हुनेछ।

५. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुनेछ।

ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्रसं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने	पटक	०	१	०	१	१	
२	हरित विद्यालय कार्यढाँचा योजना निर्माण	पटक	०	१	०	०	०	
३	जलवायु परिवर्तन तथा दिगो विकास शिक्षा जस्ता कार्यक्रम सञ्चालन कार्यान्वयन गर्ने	विद्यालय	०	३४	३४	३४	३६	संस्थागत विद्यालय समेत
४	विद्यालयमा आपतकालिन कोषको स्थापना	पटक	०	१	०	०	०	
५	आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि वैकल्पिक व्यवस्था अनुसारको सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने विद्यालय	विद्यालय	१३८	१३८	१३८	१३८	१३८	संस्थागत विद्यालय समेत

४.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	विपद् तथा प्रकोप व्यवस्थापनमा विद्यालयको क्षमता विकास	पटक	०	१	०	०	०	१	

२	विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम	पटक	१	१	१	१	१	५	
३	शिक्षक तथा वि.व्य.स र शि.अ.सं लाई विपद् व्यवस्थापन तालिम	पटक	१	१	१	१	१	५	
४	सिकाइ क्षति आपूरण तथा द्रूत सिकाइ योजना कार्यान्वयन	पटक	१	१	१	१	१	५	
५	विद्यालय विपद उत्थानशील योजना	विद्यालय	०	६८	०	०	०	६८	

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.६.१ परिचय

बालबालिकालाई शिक्षा दिने र नैतिकता सिकाउने थलो हो- विद्यालय । तर, तिनै विद्यालयहरूको भौतिक संरचना कमजोर हुँदा पठनपाठन मात्र प्रभावित हुने गरेको छैन, शिक्षक र विद्यार्थीमा त्राससमेत हुने गरेको छ । कमजोर भौतिक संरचनाकै कारण भूकम्पलगायतका विपत्ति आउँदा क्षतिसमेत धेरै हुने गरेको छ । सरकारले देशभरका करिब १५ हजार विद्यालयका भवन कमजोर रहेको तथ्याङ्क नै सङ्कलन गरेको छ । शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयका पूर्वाधारमा एकरूपता कायम गर्न र शिक्षण सिकाइ मैत्री बनाउन पहिलो पटक विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड जारी गरेको छ । विज्ञहरूले भने भूकम्प प्रतिरोधी विद्यालय भवन बनाउन जोड दिएका छन् । शिक्षा मन्त्रालयका अनुसार देशभर २८ हजार सामुदायिक विद्यालयको कक्षा १ देखि १० सम्म करिब ५५ लाख विद्यार्थी पढ्छन् । तर यी सबै विद्यालयका भवन सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी छैनन् । कतिपय विद्यालय त जीर्ण भवन र टहरामा सञ्चालित छन् । यस्तो अवस्था अन्त्य गरी विद्यालय भवनका संरचनामा एकरूपता कायम गर्न शिक्षा मन्त्रालयले विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नै जारी गरेको छ । मापदण्डमा विद्यालयको कक्षाकोठाको आकार प्रतिविद्यार्थी न्यूनतम १ वर्ग मिटरको हुनुपर्ने र कक्षाकोठाको साइज ६० वर्ग मिटरभन्दा ठूलो बनाउन नपाइने उल्लेख छ । भौतिक संरचनालाई शिक्षण सिकाइ मैत्री बनाउन राष्ट्रिय मापदण्ड बनाइएको हो ।

देशभरका २८ हजार सामुदायिक विद्यालयमध्ये करिब १० हजार पुरानो र कमजोर अवस्थामा छन् । विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नहुँदा स्थानीय तहले आफूखुशी निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नै आएका छन् । शिक्षा मन्त्रालयले नै मापदण्ड बनाइसकेपछि अब कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यालय भवन निर्माणका लागि १५ सय ३० वर्ग मिटर, कक्षा १ देखि ८ सम्मका लागि २५ सय ४५ र माध्यमिक तह १ देखि १० कक्षासम्मका लागि ३३ सय १० वर्गमिटर जग्गा हुनुपर्ने छ । त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययन गराउन विद्यालयका लागि ४ हजार ७२ वर्गमिटर जग्गा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने छ । त्यसैगरी कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले विद्यार्थीको शिक्षण सिकाइमा समेत सकारात्मक परिवर्तन आउने शिक्षक तथा अभिभावकको बुझाई छ । सरकारले विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड बनाउँदा भूकम्प प्रतिरोधी भवन बनाउनुपर्ने भनेको छ । नेपाल भूकम्पीय जोखिम क्षेत्रमा पर्ने भएकाले यस्तो मापदण्डलाई विज्ञहरूले पनि सकारात्मक भनेका छन् ।

४.६.२ वर्तमान अवस्था

विद्यालयको भौतिक पूर्वाधार निर्माणसँगै त्यसको नियमित मर्मतसम्भार, संरक्षण तथा व्यवस्थित प्रयोग गर्नु विद्यालय शिक्षाको गुणस्तर र दिगोपनका लागि महत्त्वपूर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २(ज)(१३)

अनुसार सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापन स्थानीय तहको काम, कर्तव्य र अधिकारअन्तर्गत रहेको छ । यसअनुसार तुलसीपुर उपमहानगरपालिकाले विद्यालयका भौतिक पूर्वाधार विकास, सुधार तथा मर्मतसम्भारका कार्यलाई प्राथमिकतामा राख्दै आएको छ ।

तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, खेलमैदान, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा सूचना प्रविधिसम्बन्धी पूर्वाधारलगायतका सुविधाहरूको अवस्था विद्यालयअनुसार फरक रहेको छ । कतिपय विद्यालयमा भौतिक पूर्वाधार पर्याप्त भए पनि कतिपय विद्यालयमा कक्षाकोठा, फर्निचर, खानेपानी तथा सरसफाइ, खेलमैदान, प्रयोगशाला र अन्य शैक्षिक पूर्वाधारको थप सुधार तथा व्यवस्थापन आवश्यक रहेको छ । विद्यालयको भौतिक संरचनालाई सुरक्षित, अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउँदै उपलब्ध पूर्वाधारको नियमित मर्मतसम्भार र प्रभावकारी उपयोगमा थप ध्यान दिन आवश्यक रहेको छ । साथै, विद्यालयमा निर्माण तथा उपलब्ध गराइएका भौतिक पूर्वाधारको दिगोपनका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय समुदाय, स्थानीय सरकार तथा विकास साझेदारबिच समन्वय र सहकार्यलाई थप सुदृढ गर्न आवश्यक रहेको छ ।

४.६.३ उद्देश्यहरू

१. विद्यालय शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधारसम्बन्धी मापदण्डको विकास तथा कार्यान्वयन गरी सुरक्षित, बालमैत्री र समावेशी विद्यालय पूर्वाधार विकास गर्नु ।
२. सबै विद्यालयमा गुणस्तरीय सिकाइका लागि आवश्यक कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, खेलमैदान, प्रयोगशाला तथा अन्य भौतिक सुविधाको विकास, मर्मतसम्भार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका असर न्यूनीकरण गर्न जलवायु उत्थानशील (Climate Smart) तथा वातावरणमैत्री विद्यालय पूर्वाधार विकास गर्नु ।

४.६.४ रणनीतिहरू

१. विद्यालयको तह, विद्यार्थी सङ्ख्या तथा भविष्यको विद्यार्थी प्रक्षेपणका आधारमा आवश्यक भौतिक पूर्वाधारको मापदण्ड तथा प्राथमिकता निर्धारण गर्ने ।
२. विद्यालयको समग्र आवश्यकता पहिचान गरी कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, प्रयोगशाला तथा अन्य पूर्वाधारलाई एकीकृत रूपमा विकास गर्ने पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच लागत साझेदारी तथा समन्वयमार्फत आवश्यक स्रोत व्यवस्थापन गर्ने ।
४. जोखिमयुक्त तथा जीर्ण विद्यालय भवन तथा संरचनाको पहिचान गरी आवश्यकताअनुसार सबलीकरण, पुनर्निर्माण तथा मर्मतसम्भार गर्ने ।
५. विद्यालय पूर्वाधार निर्माणसँगै बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, सुरक्षित तथा वातावरणमैत्री संरचनाको विकासलाई एकीकृत रूपमा कार्यान्वयन गर्ने ।
६. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, अभिभावक, सरकारी तथा गैरसरकारी संस्था र विकास साझेदारको सहभागिता तथा साझेदारीलाई प्रभावकारी बनाउने ।
७. विद्यालय पूर्वाधार निर्माण, मर्मतसम्भार तथा व्यवस्थापनका लागि उपलब्ध स्रोतको दोहोरोपन न्यूनीकरण गर्दै तीनै तहका सरकारबिच समन्वय र एकद्वार प्रणालीमार्फत स्रोत परिचालन गर्ने ।

४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

क) प्रमुख उपलब्धि

तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा सुरक्षित, पर्याप्त, बालमैत्री, अपाङ्गतामैत्री तथा जलवायु उत्थानशील भौतिक पूर्वाधारको विकास भई उपलब्ध संरचनाको प्रभावकारी र दिगो उपयोग सुनिश्चित भएको हुनेछ।

ख) प्रमुख नतिजा

१. सुरक्षित तथा भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण, सबलीकरण तथा मर्मतसम्भार भएको विद्यालय सङ्ख्यामा वृद्धि भएको हुनेछ।
२. आवश्यकताअनुसार नयाँ कक्षाकोठा, शौचालय तथा अन्य विद्यालय पूर्वाधार निर्माण भएको हुनेछ।
३. जोखिमयुक्त तथा जीर्ण विद्यालय भवन तथा संरचनाको सबलीकरण वा पुनर्निर्माण भएको हुनेछ।
४. खानेपानी, सरसफाइ, खेलमैदान, फर्निचर तथा अन्य आवश्यक भौतिक सुविधाको पहुँचमा सुधार भएको हुनेछ।
५. बाढी, पहिरो, आगलागी, भूकम्प तथा जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने विद्यालय सङ्ख्यामा वृद्धि भएको हुनेछ।

ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या	कक्षाकोठा सङ्ख्या	८	८	८	८	८	
२	नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या	शौचालय सङ्ख्या	१	२	३	३	३	
३	भौतिक पूर्वाधार विकास स्थानीय मापदण्ड तथा आचार संहिता निर्माण भएको हुने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	३	५	६	६	६	
४	आवश्यकताका सुरक्षित बालमैत्री भौतिक संरचनाको विकास भएको हुने विद्यालय सङ्ख्या	विद्यालय सङ्ख्या	३	५	७	६	६	
५	उचित पुस्तकालयको व्यवस्था गर्ने	विद्यालय सङ्ख्या	१३	१३	१३	१४	१५	

४.६.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	विद्यालय कक्षाकोठा व्यवस्थापन	सङ्ख्या	८	८	८	८	८	४०	
२	विद्यालयको समग्र विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाउने	पटक	०	१	०	०	०	१	
३	विद्यालय भवन निर्माण	सङ्ख्या	०	३	२	५	५	१५	
४	विद्यालयमा बनेका संरचनाको फर्निचर व्यवस्थापन	विद्यालय सङ्ख्या	१३	१३	१४	१४	१५	६८	
५	छात्रा र छात्रलाई अलग्गै शौचालय प्रबन्ध	विद्यालय सङ्ख्या	३	२	३	३	३	१४	
६	अपाङ्ता मैत्री संरचना निर्माण	विद्यालय सङ्ख्या	३	३	४	३	३	१६	

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

४.७.१ परिचय

नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक तथा जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक र राष्ट्रिय हितप्रति समर्पित जनशक्ति उत्पादन गर्ने राज्यको नीति लिएको छ । यस उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग आवश्यक रहेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा विकास गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिमैत्री पूर्वाधारको विकास र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति लिएको छ । त्यस्तै, सूचना प्रविधि नीति, २०७२ तथा डिजिटल नेपाल कार्यढाँचा, २०७६ ले सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार, डिजिटल सीप विकास तथा शिक्षामा प्रविधिको प्रयोगलाई प्राथमिकता दिएका छन् । कोभिड–१९ लगायतका विपद् तथा महामारीका समयमा रेडियो, टेलिभिजन, अनलाईन, अफलाईन, परियोजना कार्य, स्वअध्ययन तथा अन्य वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको भूमिका अझ महत्त्वपूर्ण बनेको छ ।

तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया तथा अन्य डिजिटल प्रविधिको प्रयोग हुँदै आए पनि यसको प्रयोग सबै विद्यालय र कक्षाकोठामा समान रूपमा प्रभावकारी र नियमित हुन सकेको अवस्था छैन । विद्यालयहरूमा उपलब्ध प्रविधिको प्रभावकारी उपयोग, शिक्षकको डिजिटल क्षमता विकास, पर्याप्त तथा गुणस्तरीय ICT पूर्वाधार, इन्टरनेट पहुँच र प्रविधिमैत्री शिक्षण पद्धतिको विस्तारमा थप ध्यान दिन आवश्यक रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले शिक्षण सिकाइलाई थप अन्तरक्रियात्मक, पहुँचयोग्य, व्यावहारिक र विद्यार्थीकेन्द्रित बनाउन सहयोग गर्नुका साथै डिजिटल सीप विकास तथा सिकाइको निरन्तरतामा समेत योगदान पुऱ्याउँछ । विशेषगरी विपद् वा अन्य कारणले नियमित पठनपाठन प्रभावित भएको अवस्थामा वैकल्पिक तथा मिश्रित सिकाइ प्रणाली सञ्चालन गर्न ICT को उपयोग महत्त्वपूर्ण हुन्छ । त्यसैले तुलसीपुर उपमहानगरपालिकाअन्तर्गतका विद्यालयहरूमा स्थानीय आवश्यकता र राष्ट्रिय नीतिअनुरूप सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार

विकास, पहुँच विस्तार, शिक्षकको क्षमता अभिवृद्धि तथा शिक्षण सिकाइमा यसको नियमित र प्रभावकारी प्रयोगलाई प्राथमिकता दिन आवश्यक रहेको छ ।

४.७.२ वर्तमान अवस्था

तुलसीपुर उपमहानगरपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग क्रमशः विस्तार हुँदै आए पनि यसको पहुँच, पूर्वाधार, उपकरणको उपलब्धता तथा शिक्षण सिकाइमा नियमित र प्रभावकारी प्रयोगमा अझै सुधार गर्नुपर्ने अवस्था रहेको छ । केही विद्यालयहरूले कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, मल्टिमिडिया तथा अन्य डिजिटल माध्यमको प्रयोग गर्दै आएका छन् भने सबै विद्यालयमा यस्ता प्रविधिको समान पहुँच र प्रभावकारी उपयोग सुनिश्चित हुन सकेको छैन ।

शिक्षक तथा विद्यार्थीको डिजिटल सीप, इन्टरनेटको पहुँच तथा गुणस्तर, आवश्यक उपकरणको उपलब्धता र मर्मतसम्भार, डिजिटल शैक्षिक सामग्रीको प्रयोग तथा शिक्षकको प्रविधिमैत्री शिक्षण क्षमतामा विविधता रहेको छ । विशेष गरी कमजोर तथा सीमान्तकृत परिवारका विद्यार्थीमा उपकरण तथा इन्टरनेटको पहुँच समान नहुँदा डिजिटल सिकाइमा असमानता हुन सक्ने अवस्था रहेको छ । विद्यालय व्यवस्थापन, शिक्षक तथा अभिभावक तहमा समेत सूचना तथा सञ्चार प्रविधिको शैक्षिक उपयोगसम्बन्धी क्षमता र अभिमुखीकरणलाई थप सुदृढ गर्न आवश्यक रहेको छ । विपद्, महामारी वा अन्य कारणले नियमित पठनपाठन प्रभावित भएको अवस्थामा अनलाईन, अफलाईन, रेडियो, टेलिभिजन तथा अन्य वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन सकिने भए पनि यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पूर्वाधार, सामग्री, सीप र समन्वयलाई थप व्यवस्थित गर्न आवश्यक रहेको छ । त्यसैले विद्यालयमा उपलब्ध ICT स्रोतसाधनको अधिकतम उपयोग गर्दै सबै विद्यार्थीको पहुँच सुनिश्चित गर्ने, शिक्षकको डिजिटल क्षमता अभिवृद्धि गर्ने र शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने कार्यलाई प्राथमिकता दिन आवश्यक रहेको छ ।

४.७.३ समस्या तथा चुनौतीहरू

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी दक्ष प्राविधिक जनशक्ति तथा प्राविधिक सहयोगको पर्याप्त व्यवस्था नहुनु ।
२. सबै विद्यालय तथा कक्षाकोठामा आवश्यक ICT पूर्वाधार, उपकरण, इन्टरनेट तथा विद्युत् सुविधाको समान पहुँच नहुनु ।
३. शिक्षण सिकाइमा प्रयोग गर्न पर्याप्त अन्तरक्रियात्मक डिजिटल सामग्रीको विकास, सङ्कलन र प्रभावकारी प्रयोग हुन नसक्नु ।
४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी शिक्षकको डिजिटल सीप र व्यावहारिक क्षमता पर्याप्त नहुनु ।
५. प्रविधिको नियमित, सिर्जनात्मक तथा विषयगत प्रयोगमा शिक्षक, विद्यालय व्यवस्थापन तथा अभिभावक तहमा थप क्षमता र अभिमुखीकरण आवश्यक हुनु ।
६. ICT पूर्वाधार तथा उपकरणको सञ्चालन, मर्मतसम्भार र दिगो व्यवस्थापनका लागि पर्याप्त लगानी तथा स्रोतको सुनिश्चितता नहुनु।
७. डिजिटल प्रविधिको पहुँचमा विद्यार्थीबिच रहेको असमानता तथा कमजोर आर्थिक अवस्थाका विद्यार्थीलाई आवश्यक उपकरण र इन्टरनेटमा पहुँच पुऱ्याउन चुनौती हुनु ।
८. सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विद्यालयको नियमित शिक्षण सिकाइ तथा व्यवस्थापन प्रणालीमा संस्थागत गर्न नसक्नु।

४.७.४ उद्देश्यहरू

१. तुलसीपुर उपमहानगरपालिकाका सबै विद्यालयमा आवश्यकता र सम्भाव्यताका आधारमा सूचना तथा सञ्चार प्रविधिको पहुँच, पूर्वाधार तथा उपकरणको व्यवस्था गर्नु ।
२. शिक्षण सिकाइलाई प्रभावकारी, गुणस्तरीय, समावेशी र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको नियमित र प्रभावकारी प्रयोग गर्नु ।
३. शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापनको डिजिटल क्षमता अभिवृद्धि गरी प्रविधिमैत्री शिक्षण सिकाइ र विद्यालय व्यवस्थापन प्रणालीको विकास गर्नु ।
४. विपद्, महामारी वा अन्य आकस्मिक अवस्थामा वैकल्पिक तथा मिश्रित सिकाइ प्रणालीमार्फत सिकाइको निरन्तरता सुनिश्चित गर्नु।

४.७.५ रणनीतिहरू

१. सबै विद्यालयमा विद्यार्थी सङ्ख्या, तह तथा आवश्यकता अनुसार कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, स्मार्ट बोर्ड तथा अन्य आवश्यक ICT पूर्वाधार र उपकरणको क्रमिक व्यवस्था गर्ने।

२. सूचना तथा सञ्चार प्रविधिको शैक्षिक प्रयोगसम्बन्धी शिक्षकको डिजिटल क्षमता अभिवृद्धिका लागि नियमित तालिम, अभ्यास, सहजीकरण तथा पृष्ठपोषणको व्यवस्था गर्ने।

३. विभिन्न कक्षा र विषयका लागि उपलब्ध अन्तरक्रियात्मक तथा डिजिटल शैक्षिक सामग्रीको सङ्कलन, विकास, साझेदारी र शिक्षण सिकाइमा प्रयोग गर्ने।

४. शिक्षक सहायता, सहकर्मी सिकाइ, अनुगमन, पृष्ठपोषण तथा व्यावसायिक विकासका गतिविधिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

५. विद्यालय, शिक्षक तथा विद्यार्थीलाई शैक्षिक स्रोत सामग्री, डिजिटल पुस्तकालय तथा विश्वसनीय अनलाईन शैक्षिक सामग्रीमा पहुँच विस्तार गर्ने।

६. अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकता अनुसार श्रव्य, दृश्य तथा पहुँचयोग्य डिजिटल सामग्री र सहायक प्रविधिको व्यवस्था तथा प्रयोग गर्ने।

७. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विद्यार्थीको डिजिटल पहुँचमा रहेको असमानता न्यूनीकरण गर्न आवश्यक सहयोग, उपकरण तथा वैकल्पिक सिकाइ माध्यमको व्यवस्था गर्ने।

८. विद्यालयमा ICT उपकरणको सुरक्षित सञ्चालन, मर्मतसम्भार, अद्यावधिक तथा दिगो व्यवस्थापनका लागि स्पष्ट जिम्मेवारी र स्रोत व्यवस्थापन प्रणाली विकास गर्ने।

९. विपद् वा अन्य आकस्मिक अवस्थामा अनलाईन, अफलाईन, रेडियो, टेलिभिजन तथा अन्य उपयुक्त वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता दिन विद्यालयस्तरमा आवश्यक योजना तथा सामग्रीको व्यवस्था गर्ने।

४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

क) प्रमुख उपलब्धि

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच र पूर्वाधार विस्तार भई शिक्षक तथा विद्यार्थीले शिक्षण सिकाइ, विद्यालय व्यवस्थापन तथा सिकाइ निरन्तरताका लागि प्रविधिको प्रभावकारी र समावेशी रूपमा प्रयोग गरेका हुनेछन्।

ख) प्रमुख नतिजा

१. विद्यालयहरूमा आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिका पूर्वाधार तथा उपकरणको व्यवस्था भई शिक्षण सिकाइमा प्रयोग वृद्धि भएको हुनेछ।

२. शिक्षक तथा विद्यार्थीको आधारभूत डिजिटल सीप र प्रविधिमैत्री शिक्षण सिकाइ क्षमता विकास भएको हुनेछ।

३. डिजिटल तथा अन्तरक्रियात्मक शैक्षिक सामग्रीको प्रयोगमा वृद्धि भई विद्यार्थीको सिकाइ थप प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक भएको हुनेछ।

४. विद्यालय व्यवस्थापन, अनुगमन, सूचना सम्प्रेषण तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भई कार्यसम्पादनमा सुधार भएको हुनेछ।

५. अपाङ्गता भएका तथा सामाजिक–आर्थिक रूपमा पछाडि परेका विद्यार्थीका लागि पहुँचयोग्य तथा समावेशी डिजिटल सिकाइका अवसर विस्तार भएको हुनेछ।

६. विपद्, महामारी वा अन्य आकस्मिक अवस्थामा वैकल्पिक तथा मिश्रित सिकाइ प्रणालीमार्फत विद्यार्थीको सिकाइ निरन्तरता सुनिश्चित भएको हुनेछ।

७. विद्यालयका कक्षाकोठा तथा शिक्षण सिकाइ प्रक्रिया क्रमशः सूचना तथा सञ्चार प्रविधिमैत्री भएका हुनेछन्।

ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	इन्टरनेट जडान भएका विद्यालय	प्रतिशत	१००%	१००%	१००%	१००%	१००%	
२	शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय	विद्यालय सङ्ख्या	१३	१३	१४	१४	१४	
३	मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय	विद्यालय सङ्ख्या	१३	१३	१४	१४	१४	
४	व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय	विद्यालय सङ्ख्या	१३	१३	१४	१४	१४	
५	विद्युत्को पहुँच पुगेका विद्यालय	प्रतिशत	१००%	१००%	१००%	१००%	१००%	

४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	विद्यालयमा ICT संरचना विस्तार	विद्यालय	४	३	३	४	३	१७	
२	विद्यालयमा इन्टरनेट जडान तथा व्यवस्थापन	पटक	१	१	१	१	१	१	
३	शिक्षक तथा कर्मचारीहरूलाई ICT तथा EMIS व्यवस्थापन तालिम	शिक्षक	०	६८	०	६८	०	६८	
४	एक विद्यालय एक कम्प्युटर कार्यक्रम	विद्यालय	१४	१४	१४	१३	१३	६८	
५	डिजिटल शैक्षिक सामग्री निर्माण	विद्यालय	६८	६८	६८	६८	६८	६८	
६	IEMIS व्यवस्थित गर्ने	विद्यालय	६८	६८	६८	६८	६८	६८	

परिच्छेद ५
सुशासन तथा व्यवस्थापन

५.१ सुशासन तथा व्यवस्थापन

५.१.१ परिचय

देशको वर्तमान शासकीय स्वरूपअनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान–प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ ।

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

५.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, सङ्घीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन, यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरूमध्ये सातवटा प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । अन्य तालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण भएका छन् । लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७०० जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४(घ) १ को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । सङ्घीय स्वरूपअनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ वटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ, त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर सङ्घमा

राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन ।

विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुङ्गो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुङ्गो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

सङ्घीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने, विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याङ्कन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्योल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

५.१.३ उद्देश्यहरू

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु ।
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र सङ्घीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु ।
३. कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक, प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

५.१.४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबिच समन्वय र सहकार्य गरिने छ ।
२. सङ्घीय सरकारलाई सङ्घीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।
३. स्थानीय तहको शिक्षा ऐन, नियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
५. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।
६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबिचका कार्य विवरण स्पष्ट गरिने छ ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।

९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्र.सं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	जना	२७	२७	२७	२७	२७
२	आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	जना	४१	४१	४१	४१	४१
३	लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या	विद्यालय	६८	६८	६८	६८	६८
४	विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या	विद्यालय	६८	६८	६८	६८	६८
५	प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या	विद्यालय	२७	२७	२७	२७	२७

५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास	पटक	१	०	१	०	०	०	
२	विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गर्ने	पटक	५	१	१	१	१	१	
३	विद्यालयको संस्थागत संरचना निर्माण तथा क्षमता विकास गर्ने	पटक	५	१	१	१	१	१	
४	लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय	पटक	६८	६८	६८	६८	६८	६८	
५	विद्यालय पदाधिकारीहरूको	पटक	५	१	१	१	१	१	

	क्षमता विकास								
६	स्मारिका/बुलेटिन/समाचार प्रकाशन	पटक	५	१	१	१	१	१	

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

५.२.१ परिचय

तुलसीपुर उपमहानगरपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वयन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ । विद्यालय अनुगमनका क्रममा उपमहानगरपालिकाले समग्र पक्षको (प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनुगमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन् । अनुगमन पश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी उपमहानगरपालिकाको शिक्षा महाशाखाबाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहीँ जनप्रतिनिधिहरूलाई सामिल गराई संयुक्त अनुगमन पनि गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भएतापनि सक्रिय बनाउन बाँकी नै छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

(क) चुनौतीहरू

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु ।
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाई वा असफलता निम्त्याउनु ।
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु ।
४. सरकारी निकाय, विद्यालय तथा समुदायबिच समन्वय नहुँदा योजना प्रभावकारी रूपमा अघि बढ्न नसक्नु ।
५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु ।
६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढङ्गले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु ।

(ख) अवसरहरू

१. स्थानीय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाको सहभागिता शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।
२. डिजिटल प्रविधि, अनलाईन शिक्षा र शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि र प्रभावकारी व्यवस्थापनको अवसर दिन्छ ।
३. स्थानीय स्तरमा उपलब्ध स्रोत र सीपहरूको उपयोगले योजना कार्यान्वयनलाई सशक्त बनाउन मद्दत गर्छ ।
४. दातृ निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्यले अतिरिक्त स्रोत र प्राविधिक सहयोग जुटाउने अवसर प्रदान गर्छ ।

५. सङ्घीय प्रणालीले स्थानीय आवश्यकताअनुसार योजना बनाउन र कार्यान्वयन गर्न थप स्वायत्तता र लचकता प्रदान गर्दछ।
६. स्थानीय निकायहरूको नेतृत्व र उत्तरदायित्व बढाउँदा शिक्षाको सुधारको लागि ठोस कदम चाल्न सकिन्छ।

५.२.३ उद्देश्यहरू

१. वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने।
२. आवश्यकताअनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने।
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने र सुधार गर्ने।
४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञसमूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने।
५. विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने।
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने।
७. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने।
८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने।
९. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने।

५.२.४ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने।
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकाइहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

२. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ।

३. कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमीकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

क्रसं	सूचक	एकाइ	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	कैफियत
१	नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने विद्यालय सङ्ख्या	विद्यालय	१३	१३	१४	१४	१५	
२	अनुगमन का आधारमा नतिजा सुधार हुने विद्यालय सङ्ख्या	विद्यालय	१३	१३	१४	१४	१५	
३	विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने	पटक	१	१	१	१	१	
४	सिकाइहरूको दस्तावेज तयार हुने विद्यालय सङ्ख्या	विद्यालय	१३	१३	१४	१४	१५	

५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	कैफियत
१	वार्षिक बजेट तथा कार्यक्रम निर्माण	पटक	१	१	१	१	१		
२	विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक	पटक	१	१	१	१	१		
३	एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण	पटक	१	१	१	१	१		
४	अनुगमन पद्धति विकास तथा कार्यान्वयन	पटक	१	१	१	१	१		
५	अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक	पटक	१	१	१	१	१		

६	सूचकका अधारमा विद्यालय अनुगमन	पटक	३०	३०	३०	३०	३०		
७	चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन	पटक	४	४	४	४	४	वार्षिक ४ पटक	
८	विद्यालयको कार्यसम्पादन परीक्षण	पटक	१	१	१	१	१		
९	विद्यार्थी सिकाइ उपलब्धि परीक्षण	पटक	१	१	१	१	१		

परिच्छेद ६

लगानी र स्रोत व्यवस्थापन

६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कूल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो

६.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ। सशर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशतभन्दा बढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तकजस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन्।

उपमहानगरको पञ्चवर्षीय शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापनअन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ।

तालिका नं. ३७: स्रोतको आँकलन

क्र.स.	वित्तीय स्रोतको व्यवस्थापन	कूल बजेट रू. हजारमा	कैफियत
१	सङ्घीय सरकार	१५,३०,५११	अनुमानित
२	प्रदेश सरकार	५३,४७६	अनुमानित
३	स्थानीय सरकार	३,४७,६१०	अनुमानित
५	सङ्घ संस्था तथा दातृनिकाय	४६,६७७	अनुमानित
	जम्मा	१९,७८,२७६	अनुमानित

६.३ उद्देश्यहरू

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

६.४ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने ।
३. वार्षिक रूपमा कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

६.५ प्रमुख उपलब्धि

क) उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

क) सङ्घीय, प्रदेश र स्थानीय सरकारका साथै अन्य संङ्घ संस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (तालिका नं. ३८)

क्र.सं.	अनुदान प्राप्त हुने उपक्षेत्र / विषय	अपेक्षित अनुदानको स्रोत र रकम (रकम रू. हजारमा)				पाँच वर्षको जम्मा
		सङ्घीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	अन्य सङ्घ संस्था	
१	प्रारम्भिक बालविकास र शिक्षा	१,४६,६४२	१,०००	७८,१३५	३,९३०	२,२९,७०७
२	आधारभूत शिक्षा	५,८९,०३६	३५०	१,८९,४३२	२,२३९	७,८१,०५७
३	माध्यमिक शिक्षा	२,२८,७४७	६,२४२	१३,६१९	३,९३९	२,५२,५४७
४	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम	१२,२८४	८,२०३	७,५९७	५,०३८	३३,१२२
५	अनौपचारिक शिक्षा र आजीवन सिकाइ	२१,६२८	२,२३४	४,६४२	१,९९०	३०,४९४
६	पाठ्यक्रम र पाठ्यसामग्री	४६,१६१	५५५	१०,०२६	१,७४९	५८,४९०
७	शिक्षक व्यवस्थापन र विकास	२५,४०५	१,२५०	६,२८२	११,४४०	४४,३७७
८	शैक्षिक समता र समावेशीकरणा	२,३५२	०	२,३५७	११,४८	५,८५७
९	विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम	३,९३,९०५	०	८,५२४	६,७४३	४,०९,१७२
१०	विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता	२,६००	२५०	४२०	३५०	३,६२०
११	विद्यालय भौतिक पूर्वाधार	५३,७१५	२९,६४८	१७,७०५	६,६६२	१,०७,७३०
१२	विद्यालयमा सूचना तथा सञ्चार प्रविधि	३,१२८	२,९९५	२,९६१	१,१००	१०,१८५
१४	शुसासन र व्यवस्थापन	२,४४०	५५०	२,९४०	३५०	६,२८१
१५	अनुगमन र मुल्याङ्कन	२,४६९	२००	२,९६९	०	५,६३८
जम्मा		१,५३,०५११	५३,४७६	३,४७,६१०	४६,६७७	१९,७८,२७६

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

६.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

तुलसीपुर उपमहानगरपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५, र ७ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानी वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्यलाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरी क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी

उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा प्रस्तुत गरिएको छ । उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ ।

तालिका नं. ३९: आर्थिक वर्षगत रूपमा बजेट अनुमान

क्र.सं.	अनुदान प्राप्त हुने उपक्षेत्र / विषय	आर्थिक वर्षगत रूपमा बजेट अनुमान रू हजारमा					पाँच वर्षको जम्मा
		२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	
१	प्रारम्भिक बालविकास र शिक्षा	४४,८४७	४५,९४७	४५,८५८	४६,३१७	४६,७३७	२,२९,७०७
२	आधारभूत शिक्षा	१,५२,६३९	१,५४,६०७	१,५६,२५९	१,५७,९३१	१,५९,६२१	७,८१,०५७
३	माध्यमिक शिक्षा	४८,९३४	५०,२२४	५०,९१४	५०,८२३	५१,६५३	२,५२,५४७
४	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम	६,४००	६,६९०	६,५८२	६,६७६	६,७७३	३३,१२२
५	अनौपचारिक शिक्षा र आजीवन सिकाइ	५,५००	६ख४५६	६,०२१	६,१९२	६ख३२५	३०,४९४
६	पाठ्यक्रम र पाठ्यसामग्री	११,०१७	११,६०१	११,४०५	१२,२३९	१२,२२९	५८,४९०
७	शिक्षक व्यवस्थापन र विकास	९,९५६	८,१६२	८,७२५	८,८८३	८,६५०	४४,३७७
८	शैक्षिक समता र समावेशीकरणा	७५०	१,२२८	१,२५९	१,२९३	१,३२८	५,८५७
९	विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम	७८,१६८	८०,४७४	८१,७७१	८३,६९९	८५,०६०	४,०९,१७२
१०	विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता	६५०	९३०	६७०	६८०	६९०	३६२०
११	विद्यालय भौतिक पूर्वाधार	२१,०००	२१,५१०	२१,४७३	२१,७३९	२२,००९	१,०७,७३०
१२	विद्यालयमा सूचना तथा सञ्चार प्रविधि	१,९६०	२,०७८	१,९९७	२,११५	२,०३४	१०,१८४
१४	शुसासन र व्यवस्थापन	१,२००	१,४०८	१,२१६	१,२२४	१,२३२	६,२८१
१५	अनुगमन र मुल्यांकन	१,००१	१,०६४	१,२२७	१,०९१	१,२५४	५,६३८
जम्मा		३,८४,०२२	३,९२,३७९	३,९५,३७७	४,००,९०२	४,०५,५९५	१९,७८,२७६

परिच्छेद ७
अनुगमन तथा मूल्याङ्कन

७.१ परिचय

तुलसीपुर उपमहानगरपालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिईएको छ । प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा उपमहानगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी उपमहानगरपालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाही जनप्रतिनीधिहरूलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भएतापनि सक्रिय बनाउन बाँकी नै छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

७.३ उद्देश्यहरू

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

७.४ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने ।

७.५ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

ख) नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य(५ वर्ष)						कैफियत
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा	
१	वार्षिक बजेट तथा कार्यक्रम निर्माण	पटक	५	१	१	१	१	१	
२	विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक	पटक	५	१	१	१	१	१	
३	एकीकृत शैक्षिक सूचना प्रणाली सृदृढीकरण	पटक	५	१	१	१	१	१	
४	चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन	पटक	१५	३	३	३	३	३	
५	विद्यालयको कार्यसम्पादन परीक्षण	पटक	५	१	१	१	१	१	
६	विद्यार्थी सिकाइ उपलब्धि परीक्षण	पटक	५	१	१	१	१	१	
७	शिक्षा योजनाको कार्यान्वयनको अवस्थाको समग्र मूल्याङ्कन ।	पटक	२			१		१	
८	अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने	पटक	४	०	१	१	१	१	

अनुसूचीहरूः

अनुसूची १ उपक्षेत्रगत बजेटको अनुमान

प्रारम्भिक बालविकास र शिक्षाः

कार्यक्रम			कार्यान्वयन वर्ष						प्रति ईकाइ मूल्य	स्रोत आँकलन			
	एकाइ	लक्ष्य	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा		सङ्घ	प्रदेश	स्थानीय तह	सङ्घसंस्था
प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण	पटक	२	०	१७२	०	१७२	०	३४४	१७२	१३८	०	१३८	६९
बालबिकास केन्द्र सत्यापन कार्यक्रम सञ्चालन	पटक	१	०	५००	०	०	०	५००	५००	०	०	५००	०
नमुना बालविकास निर्माण तथा बालविकास सहजकर्ताको क्षमता विकास	पटक	२५	२०००	२०००	२०००	२०००	२०००	१००००	४००	२५००	१०००	५०००	१५००
बालविकास केन्द्रमा अपाङ्गता पहिचान	जना	७८७१	१५४	१५६	१५७	१५९	१६०	७८६	१००	३९३	०	३९३	०
बालविकास केन्द्र मा विद्यार्थी पोर्टफोलियो व्यवस्थापन	वार्षिक	५	४२९	४३३	४३८	४४२	४४६	२१८८	४३८	०	०	२१८८	०
पाठ्यक्रम प्रबोधीकरण	पटक	२	०	०	१५०	०	१५०	३००	१५०	३००	०	०	०
बालविकासका बालबालिकाहरूलाई पोषणयुक्त दिवा खाजाको	जना	७८७१	४६२९	४६७५	४७२२	४७६९	४८१७	२३६१३	२०	२३६१३	०	०	०

व्यवस्था													
पूर्वाधार,सिकाइ क्षेत्र,केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन	केन्द्र सङ्ख्या	१४३	२३१४	२३३७	२३६१	२३८४	२४०८	११८०४	१०	५९०२	०	३५४१	२३६१
प्रारम्भिक बालविकास सहजकर्ता व्यवस्थापन	सङ्ख्या	१४३	३५३२१	३५६७४	३६०३१	३६३९१	३६७५५	१८०१७३	१२६०	११३७९७	०	६६३७६	०

आधारभूत शिक्षाः

कार्यक्रम	एकाइ	लक्ष्य	कार्यक्रम कार्यान्वयन वर्ष					जम्मा	प्रति ईकाइ मूल्य	स्रोत आँकलन			
			२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८			सङ्घ	प्रदेश	स्थानीय तह	सङ्घसंस्था
सबै बालबालिकालाई विद्यालय भर्ना अभियान सञ्चालन गर्ने	पटक	५	१००	१०२	१०४	१०६	१०८	५२०	१०४	२६०	०	१५६	१०४
विद्यालय सत्यापन कार्यक्रम सञ्चालन	पटक	१	५००	०	०	०	०	५००	५००	०	०	५००	०
दरबन्दी मिलान र पुनर्वितरण तथा समायोजन गर्ने	पटक	४	०	२००	२०४	२०८	२१२	८२४	२०६	४९५		३३०	
शिक्षक क्षमता विकास गर्ने(१ - ३,४ -५,६ - ८,तीन तहमा)	पटक	५	३००	३०३	३०६	३०९	३१२	१५३०	३०६	७६५		६१२	१५३
व्यवस्थित परीक्षा	पटक	१५	१,२७७	१,३०३	१,३२९	१,३५५	१,३८२	६,६४६	४४३	१,७९४		४,८५१	

प्रणाली र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने													
अपाङ्गता, छात्रा र विपन्नका लागि छात्रवृत्ति व्यवस्था गर्ने	पटक	६२,४५७	८,१२२	८,२८४	८,४५०	८,६१९	८,७९२	४२,२६७	१	४२,२६७	०	०	०
विव्यस, शिअसङ्का पदाधिकारीहरूको क्षमता विकास गर्ने	पटक	५	१००	१०२	१०४	१०६	१०८	५२०	१०४	०	०	२६०	२६०
अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने	पटक	४	०	२००	२०४	२०८	२१२	८२४	२०६	०	०	४१२	४१२
उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने	सङ्ख्या	१५	३०	३१	३१	३२	३२	१५६	१०	०	०	७८	७८
कक्षा १-३ मा बालमैत्री कक्षा व्यवस्थापन गर्ने	कक्षा सङ्ख्या	५०	०	३००	३०६	३१२	३१८	१,२३६	२५	२४७	२४७	२४७	४९५
हरित विद्यालय व्यवस्थापन गर्ने	विद्यालय सङ्ख्या	४०	०	५०	५१	५२	५३	२०६	५	०	०	८२	१२४
सिकाइ कुना (Book	सङ्ख्या	६८	०	१००	१०२	१०४	१०६	४१२	६	१०३	१०३	१०३	१०३

Corner) निर्माण तथा पुस्तक सहयोग कक्षा १-३													
अतिरिक्त/बुस्टर कक्षा सञ्चालन	वार्षिक	५	२५०	२५३	२५५	२५८	२६०	१२७५	२५५	०	०	७६५	५१०
शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन	सङ्ख्या	३२०	१,४१,९६०	१,४३,३८०	१,४४,८१३	१,४६,२६२	१,४७,७२४	७,२४,१३९	२,२६३	५,४३,१०४	०	१,८१,०३५	०

माध्यमिक शिक्षाः

कार्यक्रम		लक्ष्य	कार्यक्रम कार्यान्वयन वर्ष						प्रति ईकाइ मूल्य	स्रोत आँकलन			
	एकाई		२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा		सङ्घ	प्रदेश	स्थानीय तह	सङ्घसंस्था
निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी	पटक	१	०	२००	०	०	०	२००	२००	०	०	२००	०
विद्यालयमा मापदण्ड अनुसार नपुग शिक्षकको व्यवस्था गर्ने	पटक	२	१६७७	२२३६	१६७७	१११८	५५९	७२६७	३६३४	०	०	७२६७	०
एक विद्यालय एक उत्पादन कार्यक्रम/विद्यालय	विद्यालय सङ्ख्या	१०	१५००	१५३०	१५६१	१५९२	१६२४	७८०६	७८१	०	३९०३	१९५२	१९५२

करेसा कार्यक्रम													
विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने	पटक	५	३००	२००	२००	२००	२००	११००	२२०	५५०	०	५५०	०
माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित शिक्षा (STEM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने कार्य सञ्चालन गर्ने	विद्यालय सङ्ख्या	२७	४००	४०८	४१६	४२४	४३३	२०८२	७७	१०४१	०	५२०	५२०
विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग	विद्यार्थी सङ्ख्या	३२६	१९२	१९६	२००	२०४	२०९	१०००	३	०	०	५००	५००
विव्यस तथा पिटिए पदाधिकारीहरूको क्षमता विकास गर्ने	पटक	५	३००	३०६	३१२	३१८	३२५	१५६१	३१२	७८१	०	४६८	३१२

माध्यमिक विद्यालयमा सामाजिक संग्रहालय निर्माण र स्तरोन्नती	विद्यालय	२	०	०	२००	०	२००	४००	२००	०	०	२००	२००
माध्यमिक तहका विद्यार्थीको वृत्ति विकासका लागि परामर्श कार्यक्रम	विद्यालय	२७	३००	०	३००	०	२००	८००	३०	०	४००	२००	२००
उत्कृष्ट शिक्षक र कर्मचारी पुरस्कार व्यवस्था गर्ने	सङ्ख्या	५	१५	१५	१६	१६	१६	७८	१६	०	०	७८	०
अतिरिक्त/बुस्टर कक्षा सञ्चालन	वार्षिक	५	२५०	२५३	२५५	२५८	२६०	१२७५	२५५	०	६३८	३८३	२५५
शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन	अनुपात	१३०	४३,५००	४४,३७०	४५,२५७	४६,१६३	४७,०८६	२,२६,३७६	१,७४१	२,२६,३७६	०	०	०
विद्यालयमा छात्राबास स्तरोन्नती विद्यालय सँग साझेदारी	सङ्ख्या	२	५००	५१०	५२०	५३१	५४१	२,६०२	१,३०१	०	१,३०१	१,३०१	०

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः

कार्यक्रम		लक्ष्य	कार्यक्रम कार्यान्वयन वर्ष						प्रति ईकाइ मूल्य	स्रोत आँकलन			
	एकाई		२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा		सङ्घ	प्रदेश	स्थानीय तह	सङ्घसंस्था

प्राविधिक तथा व्यावसायिक शिक्षाको योजनाको कार्यान्वयनका लागि आवश्यक कानुन, नियम, निर्देशिका र कार्यविधि बनाइ कार्यान्वयन	पटक	१	०	२००	०	०	०	२००	२००	०	०	२००	०
प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति	पटक	५	५००	५०५	५१०	५१५	५२०	२५५१	५१०	०	०	१,२७५	१,२७५
प्राबिधिक धार तर्फका विद्यार्थीका लागि आवाशिय छात्रबृत्ति समेत	पटक	५	१,०००	१,०२०	१,०४०	१,०६१	१,०८२	५,२०४	१,०४१	२,०८२	२,०८२	१,०४१	०
प्राथमिकताका कृषि, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलोक्ट्रोनिक, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्, प्लम्बिङ्ग, अटो मोबाइल, सैलुन, मेसन व्यवसाय, लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक	विद्यालय	८	४,०००	४,०४०	४,०८०	४,१२१	४,१६२	२०,४०४	२,५५१	१०,२०२	६,१२१	४,०८१	०

तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन ।													
निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र अन् द जब ट्रेनिङ्ग सञ्चालन ।	पटक	५	५००	५२५	५५१	५७९	६०८	२,७६३	५५३	०	०	०	२,७६३
प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता प्रदान ।	पटक	५	४००	४००	४००	४००	४००	२०००	४००	०	०	१०००	१,०००

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनः

कार्यक्रम		लक्ष्य	कार्यक्रम कार्यान्वयन वर्ष						प्रति ईकाइ मूल्य	स्रोत आँकलन			
	एकाई		२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८	जम्मा		सङ्घ	प्रदेश	स्थानीय तह	सङ्घसंस्था
पाठ्यक्रम अभिमुखीकरण सबै विद्यालयहरूमा	पटक	१	०	३००	०	०	०	३००	३००	१५०	०	१५०	०
स्थानीय पाठ्यपुस्तक परिमार्जन	पटक	१	५००	०	०	०	०	५००	५००	०	०	५००	०
निःशुल्क पाठ्यपुस्तक वितरण	वार्षिक	५	७,८६७	८,२६०	८,६७३	९,१०७	९,५६२	४३,४७०	८,६९४	४३,४७०	०	०	०
गणित, विज्ञान, अङ्ग्रेजी लगायत विषयगत नतिजा सुधार सम्बन्धी विषयगत बैठक, अभिमुखीकरण	विद्यालय	६८	१५०	०	१५०	०	०	३००	४	०	०	३००	०
कक्षा ८ र ५ को परीक्षा सुदृढीकरण तथा सञ्चालन र अभिमुखीकरण	पटक	५	५००	५१०	५२०	५३१	५४१	२,६०२	५२०	१,५६१	०	१,०४१	०
शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम	पटक	२	०	३००	०	३००	०	६००	३००	०	३००	२००	१००
शैक्षिक सामग्री छपाइ र वितरण	पटक	२	०	२००	०	२०८	०	४०८	२०४	२०४	०	१६३	४१
स्थानीय पाठ्यपुस्तक छपाई	पटक	५	६००	६०६	६१२	६१८	६२४	३,०६१	६१२	०	०	३,०६१	०
कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन	विद्यालय	६८	२००	२०४	२०८	२१२	२१६	१०४१	१५	५२०	०	४१६	१०४

उपमहानगर स्तरिय अतिरिक्त क्रियाकलाप, सृजनशिल लेखन प्रतियोगिता सञ्चालन र तुलसीपुर शैक्षिक सम्मेलन	विद्यालय	६८	५००	५१०	५२०	५३१	५४१	२६०२	३८	०	०	१,५६१	१,०४१
विद्यालय स्तरमा Creative Learning with Book Free Fridays कार्यक्रम	विद्यालय	६८	२००	२०४	२०८	२१२	२१६	१०४१	१५	०	०	८३३	२०८
